सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१ मंसिर २०८०, शुक्रबार (17 Nov 2023, Friday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २०७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

बोक्साको आरोपमा अपांगता भएका व्यक्तिमाथि निर्घात कुटपिट



बोक्साको आरोपमा कुटपिटपछि लहानस्थित रामकुमार शारदा उमाप्रसाद मुरारका प्रादेशिक अस्पतालमा सखुवानन्कारकट्टी गाउँपालिका- २ जगतपुरका ४२ वर्षीय ओमप्रकाश चौधरी ।

■ पीडित ओमप्रकाश भन्छन्-

गाउँमै मिल्नुपर्छ भनेर दबाब दिइरहेका छन्

बुधबार घरमै बसिरहेका वेला कान्छा काका विशेश्वर चौधरीले 'छलफल गर्नु छ' भन्दै नातामा आफन्त पर्ने परियाग चौधरीको घरमा मलाई लिएर गए । त्यहाँ गुद्री चौधरी, सोनेलाल चौधरी, नेपाली चौधरी पनि थिए । म पुगेपछि परियागले काकालाई नै दुनामुना गरेर बिरामी बनाएको भन्दै गालीगलौज गर्न थाले । मैले प्रतिवाद गर्न खोज्दा छेउमै रहेका नेपाली चौधरीको हातमा रहेको लाठी खोसेर उनका छोरा रामभगतसहितले मलाई कुटपिट गरे । परियागकी श्रीमती बबिता चौधरीलाई बिरामी बनाएको, चार वर्षअघि स्थानीय वृद्धा भिनबतिया चौधरीको पनि टुनामुनाकै कारण मृत्यु भएको, टुनामुनाकै कारण नेपाली चौधरीलाई हातखुट्टाको जोर्नी दुख्ने रोग लागेको र उनको छोराको सात वर्षअघि भएको मोटरसाइकल दुर्घटनामा खुट्टा भाँचिएको भन्दै कुटे । त्यही दिन रामभगत विराटनगर गएर बसेको छ । ममाथि भएको कुटपिटबारे प्रहरीमा उजुरी दिन्छु र समाज बोलाएर छलफल चलाउँछु भनेपछि उनीहरूले 'आफन्तको झगडामा बाहिरकालाई नबोलाऔं' भन्दै गाउँमै मिल्नुपर्छ भनेर दबाब दिइरहेका छन् ।

लहानमा **मणिलाल विश्वकर्मा**

बोक्साको आरोप लगाउँदै सिराहामा अपांगता भएका व्यक्तिमाथि निर्घात कुटपिट भएको छ । सखुवानन्कारकट्टी गाउँपालिका- २ जगतपुरका ४२ वर्षीय ओमप्रकाश चौधरीलाई सोही गाउँका नेपाली चौधरी, उनका छोरा रामभगतलगायतले बुधबार कुटपिट गरेका हुन् ।

कुटपिटबाट ओमप्रकाशको देब्रे कान, गर्धन, पिठ्युँमा चोट लागेको छ । उपचारका लागि लहानस्थित रामकुमार शारदा उमाप्रसाद मुरारका प्रादेशिक अस्पतालमा भर्ना भएका उनी बिहीबार घर फर्किएका छन् । 'भाइलाई बोक्साको आरोपमा आफ्नै खलकका दाजुभाइले लाठी, मुक्काले कुटपिट गरेपछि प्रत्यक्षदर्शीहरूले छुट्याएछन्,' ओमप्रकाशकी दिदी चन्दरदेवी चौधरीले भनिन्, 'उनीहरूले यसअघि पनि पटक-पटक भाइलाई आफन्तहरूलाई टुनामुना लगाएको भन्दै कुटपिट गर्दै आएका थिए ।'

बुधबार घरमै बसिरहेका वेला ओमप्रकाशलाई उनका कान्छा काका विशेश्वर चौधरीले 'छलफल गर्नु छ' भन्दै नातामा आफन्त पर्ने परियाग चौधरीको घरमा लगेका थिए । त्यतिन्जेल त्यहाँ गुद्री चौधरी, सोनेलाल चौधरी, नेपाली चौधरी आइसकेका थिए । 'म पुगेपछि परियागले काकालाई नै टुनामुना गरेर बिरामी बनाएको भन्दै गालीगलौज गर्न थाले । मैले प्रतिवाद गर्न खोज्दा छेउमै रहेका नेपाली चौधरीको हातमा रहेको लाठी खोसेर उनका छोरा रामभगतसहितले मलाई कुटपिट गरे,' पीडित ओमप्रकाशले भने ।

परियागकी श्रीमती बबिता चौधरीलाई बिरामी बनाएको, चार वर्षअघि स्थानीय वृद्धा भिनबतिया चौधरीको पनि टुनामुनाकै कारण मृत्यु भएको, टुनामुनाकै कारण नेपाली चौधरीलाई हातखुट्टाको जोर्नी दुख्ने रोग लागेको र उनको छोराको

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

भूकम्पमा आफन्त गुमाउने जाजरकोटका पीडितले अझै पाएनन् नगद राहत

एक आफन्त गुमाएको परिवारलाई दुई लाख र एकभन्दा बढी सदस्य गुमाएको परिवारलाई थप प्रतिमृतक एक लाखका दरले राहत उपलब्ध गराउने निर्णय गर्दै संघीय सरकारले जाजरकोट र रुकुम पश्चिममा पठाएको थियो १० करोड

ल्यापटपमा समस्या आउँदा ढिलाइ भएको हो, चाँडै वितरण गर्छौं



● **हरिश्चन्द्र शर्मा**, सहायक प्रमुख जिल्ला अधिकारी, जाजरकोट

तिहारअघि नै वितरण गर्ने तयारी गरेका थियौं, तर हाम्रो कार्यालयका ल्यापटपमा भूकम्पले क्षति पुग्दा बैंकिङ सिस्टमको पासवर्डमा समस्या आयो, त्यसैले राहत वितरणमा ढिलाइ भएको हो । पासवर्ड रिकभर हुने चरणमा छ, अब चाँडै वितरण सुरु गर्छौं ।

■ **रुकुम पश्चिममा भने ४१ मृतकका २६ परिवारलाई ६७ लाख वितरण**

■ **१७ कात्तिकको भूकम्पमा जाजरकोटमा १०१ र रुकुम पश्चिममा ५३ जनाको ज्यान गएको थियो**

रुकुम पश्चिममा **मनीष खड्का**

संघीय सरकारले भूकम्पबाट ज्यान गुमाएका परिवारलाई प्रतिमृतक दुई लाखका दरले राहत दिन जाजरकोट र रुकुम पश्चिममा १० करोड पठाएको छ । तर, जाजरकोटका पीडित परिवारलाई अझै राहत बाँडिएको छैन । १७ कात्तिकको भूकम्पमा परी जाजरकोटमा एक सय एक र रुकुम पश्चिममा ५३ जनाको ज्यान गएको थियो ।

१९ कात्तिकमा बसेको मन्त्रिपरिषद् बैठकले परिवारमा एकजना मात्र मृतक रहेकालाई प्रतिमृतक दुई लाख र एकै परिवारका एकजनाभन्दा बढी मृतक रहेकाको हकमा एकजनाको दुई लाख तथा अन्यको एक-एक लाखका दरले राहत उपलब्ध गराउने निर्णय गरेको थियो । त्यसलगत्तै जिल्ला विपत् व्यवस्थापन समितिको खातामा रकम निकासा गरिएको थियो । तर, दुई साता हुन लाग्दा पनि जाजरकोटमा

» पृष्ठ २ मा क्रमशः

■ **सरकारले अनुदान नदिँदै बन्न थाले भूकम्पपीडितका नमुना घर**



रुकुम पश्चिमको चौरजहारी नगरपालिका- ६ फरुलामा निर्माण गर्न लागिएको भूकम्पप्रतिरोधी नमुना घर । पूर्वमेयर विशाल शर्माको अगुवाइमा वडा नम्बर ६ फरुलामा कालो कामी, कमल विक, चन्द्री बोहोरा र चन्दबहादुर बुढाथोकीका चारवटा घर निर्माण गर्ने गरी काम सुरु भएको छ । घर बनाउन सिमेन्ट, बालुवा, माटो, ढुंगा, छड, जस्तापाताको प्रयोग गरिएको छ भने ५० जना स्वयंसेवक परिचालित छन् । (विस्तृत पृष्ठ ७)

भूकम्पपीडितलाई सघाउन एमाले टोली जाजरकोटमा

एक हजार स्वयंसेवक ४० समूहमा बाँडिएर अस्थायी आवास बनाउने गरी काम बाँडफाँट

शुरोजंग पाण्डे / नयाँ पत्रिका

जाजरकोट र पश्चिम रुकुमका भूकम्पपीडितहरूका लागि अस्थायी टहरा निर्माण गरी पुनर्स्थापनाको कामका लागि एमालेले एक हजार स्वयंसेवक परिचालन गरेको छ । १ मंसिरबाट काम सुरु गर्ने गरी नेपाल ट्रेड युनियन महासंघ

» पृष्ठ २ मा क्रमशः

■ १७ मंसिरमा ओलीसहितका नेता पनि सहभागी हुने

केन्द्रीय विपत् व्यवस्थापन तथा स्वयंसेवा विभागको बिहीबारको बैठकले अध्यक्ष केपी ओलीसहित शीर्ष नेताहरू १७ मंसिरमा जाजरकोटमा स्वयंसेवी काममा सहभागी हुने गरी कार्ययोजना बनाएको छ । '४० समूहमा बाँडिएर हाम्रा एक हजार स्वयंसेवकले दुवै जिल्लाका सबै पालिकाहरूमा भग्नावशेष व्यवस्थापन गरी अस्थायी टहराहरू बनाउनेछन्,' विभाग प्रमुख किरण पौडेलले भने, 'मेची-महाकाली अभियानका क्रममा पार्टी अध्यक्ष केपी ओलीसहितका शीर्ष नेताहरू पनि स्वयंसेवी काममा एक दिन खटिनुहुनेछ ।'

दोलखाबाट ३३ किलो सुन तस्करी भएको प्रहरी निष्कर्ष

२६ जनाको संलग्नता पुष्टि, १५ पक्राउ

आइतबार जिल्ला सरकारी वकिल कार्यालयमा रायसहितको अनुसन्धान प्रतिवेदन बुझाउने जिल्ला प्रहरी कार्यालय दोलखाको तयारी, पक्राउ परेकाविरुद्ध संगठित अपराध, भन्सार चोरी पैठारी, नेपाल राष्ट्र बैंक ऐनअनुसार क्रिप्टो कारोबारको कसुर चल्ने



प्रहरीले सार्वजनिक गरेका सुन तस्करीका अभियुक्त

नवराज मैनाली / नयाँ पत्रिका

दोलखाको लामाबगर क्षेत्र हुँदै चिनियाँ समूहले ३३ किलो सुन नेपालमा तस्करी गरेको निष्कर्ष प्रहरीले निकालेको छ । तस्करीमा २६ जनाको संलग्नता पुष्टि भएको र अहिलेसम्म १५ जना पक्राउ परेको प्रहरीले जनाएको छ ।

तस्करी भएको ३३ किलोमध्ये साढे ११ किलो दोलखा प्रहरीले बरामद गरेको छ । करिब आठ साता लामो अनुसन्धान प्रहरीले अन्तिम चरणमा पुऱ्याएको छ । सम्भवतः आइतबार जिल्ला सरकारी वकिल कार्यालयमा रायसहितको अनुसन्धान प्रतिवेदन बुझाउने जिल्ला प्रहरी कार्यालय दोलखाको तयारी छ । पक्राउ परेकाउपर संगठित अपराध, भन्सार चोरी पैठारी, नेपाल राष्ट्र बैंक ऐनअनुसार क्रिप्टो कारोबारको कसुर चल्ने भएको छ ।

वनसम्बन्धी मुद्दाबारे पनि छलफल भइरहेको प्रहरीले जनाएको छ । सुन तस्करीमा संलग्न चिनियाँले नेपालबाट चीनमा कस्तुरीको बिना तथा यार्साको तस्करी गरेको खुलेको छ । तर, बरामद हुन नसकेकाले मुद्दा चलाउने/नचलाउने टुंगो लागेको छैन ।

दोलखा प्रहरीले केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को सहयोगमा तस्करी गर्ने समूहमाथि विस्तृत अनुसन्धान गरेको हो । 'अनुसन्धान

» पृष्ठ २ मा क्रमशः

कांग्रेसका अधुरा विभाग अलपत्र



७० विभाग पुऱ्याउने निर्णय, अहिलेसम्म १६ मा मात्र नेतृत्व चयन, बनेकाले पूर्णता नपाउँदा गतिविधि शून्य



● मीन विश्वकर्मा
प्रमुख, प्रचार विभाग

विभागले नेतृत्व पायो, तर सदस्य नहुँदा बैठक बस्न र काम गर्न पाएको छैन । सबै विभागको टुंगो लागेपछि सभापतिले नै सदस्य मनोनीत गर्ने भनिएको हो, तर अझै हुन सकेन ।

(विस्तृत पृष्ठ ३)

बैंकले घटाउन थाले ब्याजदर

असोजयता घट्दोक्रममा
निक्षेपको ब्याजदर, व्यक्तिगत मुद्दतीमा औसत ब्याजदर ९.७१% पुग्यो

(विस्तृत पृष्ठ ७)

■ विकटमा जहाजको टिकटमा मनपरी

हप्तौं कुर्दा पनि पाइँदैन सिमकोटबाट नेपालगन्जको हवाई टिकट

हुम्लामा **नरजन तामाङ**

सर्केगार्ड गाउँपालिका- २ रिप गाउँका १८ वर्षीय राजबहादुर परियारले जहाजको टिकटका लागि सिमकोट विमानस्थल धाएको १७ दिन बित्यो । सिमकोटबाट नेपालगन्जका लागि अझै टिकट पाउन सकेका छैनन् । एसइईपछि कम्प्युटर विज्ञान अध्ययन गर्न काठमाडौं जान टिकटका लागि उनी १३ कात्तिकदेखि सीता, समिट, तारा एयरलाइन्सका कर्मचारीलाई हारगुहार गरिरहेका छन् ।

उनले बल्लतल्ल नौ हजार एक सय १५ रुपैयाँमा नेपाल एयरलाइन्सको २७ कात्तिकको टिकट पाए । तर, सिमकोट पुगेको नेपाल एयरलाइन्सको जहाज बिग्रिएपछि त्यस दिन उड्न सकेन । मर्मतका लागि पुगेका तीनजना इन्जिनियरलाई सोही जहाजमा लग्नुपर्ने भएपछि उनी बुधबार पनि उड्न पाएनन् ।

'बल्लतल्ल टिकट त पाइएको थियो । तर, जहाज बिग्रिँदा २७ गते उड्न पाइएन । २९ गते जहाज त उड्यो, तर मर्मतका लागि आएका इन्जिनियर लग्नुपर्ने भएपछि हामी उड्न पाएनौं,' परिवारले भने,

» पृष्ठ २ मा क्रमशः





■ होटेलमै सकिन्छ पैसा, जहाज टिकट पनि महँगो

निजी एयरलाइन्सले भनसुन र पहुँचका भरमा जहाज टिकट वितरण गर्दा सर्वसाधारण हप्तौंसम्म सिमकोटमै वास बस्छन् । नेपालगन्ज जान भनेर सिमकोट आए पनि समयमै जहाजको टिकट नपाउँदा बिहान-बेलुका खाना र बस्नमै पैसा सकिने गरेको सर्केगार्ड गाउँपालिका- २ का राजबहादुर परियारले बताए । 'एक हप्ता होटेलमा बस्दा १६ हजार खान-बस्नमै सकियो,' उनले भने । जहाज टिकट नपाएछि १० देखि १५ हजार होटेलमै सकिने गरेको सिमकोट गाउँपालिका- ७ का नैन सिंहले बताए । सिमकोटबाट नेपालगन्ज, सुर्खेत जान महँगो हवाई टिकट छ । नेपालगन्ज पुग्न प्रतिव्यक्ति नौ हजार १२० रुपैयाँ छ भने सिमकोटबाट सुर्खेतको हवाई टिकट सात हजार ११५ रुपैयाँ छ ।

अमेरिकामा १५ हजार नेपाली विद्यार्थी

नयाँ पत्रिका

अमेरिकामा अध्ययन गर्ने नेपाली विद्यार्थीको संख्या अहिलेसम्मकै धेरै पुगेको छ । अन्तर्राष्ट्रिय शैक्षिक एक्सचेन्जबारे सन् २०२३ को ओपन डोर्स रिपोर्टअनुसार अमेरिकामा हाल १५ हजार ९० नेपाली विद्यार्थी छन् । गत वर्षभन्दा विद्यार्थीको संख्या २७.९ प्रतिशतले वृद्धि भएको छ ।

रिपोर्टअनुसार शैक्षिक वर्ष २०२२/२०२३ मा १० लाख ५७ हजार एक सय ८८ अन्तर्राष्ट्रिय विद्यार्थी अमरिकामा अध्ययन गर्छन् । अन्तर्राष्ट्रिय विद्यार्थीको शीर्षस्थ गन्तव्यको रूपमा अमेरिका कायम भएको रिपोर्टमा उल्लेख छ । काठमाडौंस्थित अमेरिकी दूतावासले बिहीबार आफ्नो फेसबुक पेजमा रिपोर्टको विवरण सार्वजनिक गर्दै ज्ञान तथा सांस्कृतिक बुझाइको विश्वव्यापी आदान-प्रदानप्रति शुभकामना व्यक्त गरेको हो ।

गत वर्षभन्दा २७.९ प्रतिशतले वृद्धि हुँदा अहिलेसम्मकै धेरै नेपाली विद्यार्थी

नेपालबाट विदेश अध्ययनका लागि बाहिरिने विद्यार्थी संख्या ठूलो छ । वैदेशिक अध्ययन अनुमतिपत्र (एनओसी) शाखाका अनुसार ०७९/८० मा ७० देशका लागि विद्यार्थीले एनओसी लिएका छन् ।

चालू आर्थिक वर्ष ०८०/८१ को साउन, भदौ र असोजसम्म २७ हजार विद्यार्थीले वैदेशिक अध्ययन अनुमतिपत्र (एनओसी) लिएका छन् ।

आर्थिक वर्ष ०७९/८० मा सबैभन्दा धेरै ३३ हजार नौ सय ९१ ले अस्ट्रेलिया, २१ हजार पाँच सय ७४ ले क्यानडा, १० हजार पाँच सय २७ ले बेलायत र तीन हजार नौ सय ७० विद्यार्थीले अमेरिका जान एनओसी लिएका थिए । यस आर्थिक वर्षमा एक लाख १० हजार दुई सय १७ विद्यार्थीले एनओसी लिएका थिए ।

» पृष्ठ २ मा क्रमशः

भूकम्पमा...

पृष्ठ १ बाट क्रमशः

राहत रकम वितरण थालिएको छैन । रुकुम पश्चिममा भने ६७ लाख वितरण गरिएको छ ।

जाजरकोटका सहायक प्रमुख जिल्ला अधिकारी हरिश्चन्द्र शर्माले आवश्यक कागजात मिलाउन तथा बैंक खातामा प्राविधिक रूपमा समस्या आउँदा राहत वितरणमा ढिलाइ भएको बताए । 'तिहारअघि नै वितरण गर्ने तयारी गरेका थियौं, तर हाम्रो कार्यालयका ल्यापटपमा भूकम्पले क्षति पुग्दा बैंकिङ सिस्टमको पासवर्डमा समस्या आयो, त्यसैले राहत वितरणमा ढिलाइ भएको हो,' उनले भने, 'पासवर्ड रिकभर हुने चरणमा छ, अब चाँडै वितरण सुरु गर्छौं ।'

स्थानीय तहबाट मृत्यु दर्ता, प्रहरी मुचुल्का, कानुनी हकवाला व्यक्तिलगायतका कागजात आउनसमेत समय लागेको सहायक सिडिओ शर्माको भनाइ छ ।

स्थानीय सरकारले भने मृतकका परिवारलाई किरिया खर्च उपलब्ध गराएका छन् । नलगाड नगरपालिकाले ५५ जना मृतकका परिवारलाई प्रतिमृतक १० हजारसहित खाद्यान्न सामग्री उपलब्ध गराएको मेयर डम्बरबहादुर रावतले बताए । कुशे गाउँपालिकाले पनि गाउँपालिकामा भूकम्पका कारण ज्यान गुमाएका सातजनाका परिवारलाई १० हजार रुपैयाँ किरिया खर्च र खाद्य तथा गैरखाद्य सामग्रीहरू पनि राहतस्वरूप प्रदान गरेको अध्यक्ष हरिचन्द्र बस्नेतले जानकारी दिए ।

रुकुम पश्चिममा भने ४१ जना मृतकका परिवारलाई नगद राहत वितरण गरिएको छ । जिल्ला विपत् व्यवस्थापन समितिका संयोजकसमेत रहेका सिडिओ हरिप्रसाद पन्तका अनुसार सानीभेरी गाउँपालिकाका १० जना मृतकका ६ घरपरिवारलाई १६ लाख र आठबिसकोट नगरपालिकाका ३१ मृतकका २० घरपरिवारलाई ५१ लाख गरेर जम्मा ६७ लाख नगद राहत रकम वितरण गरिएको छ ।

सिडिओ पन्तका अनुसार जिल्लामा कागजात मिलाउन बाँकी १२ मृतकका नौ घरपरिवारलाई नगद रकम वितरण गर्न बाँकी छ । यसमा पाँचजना जिल्लाबाहिरका छन् । जिल्लाबाहिरकाको हकमा कागजात पुगेपछि सम्बन्धित जिल्लामै राहत पठाइने उनले बताए ।

भूकम्पपीडितलाई...

पृष्ठ १ बाट क्रमशः

(जिफन्ट)का अध्यक्ष विनोद श्रेष्ठको पहिलो टोली बिहीबारै जाजरकोटको सदरमुकाम खलंगा पुगेको छ ।

टोलीले स्थलगत अध्ययन गरेर स्थानीय पार्टी, पीडित र प्रशासनसँग समन्वय गरी काम सुरु गर्ने तयारी गरेको एमालेले जनाएको छ । केन्द्रीय सदस्य नीरज आचार्यका अनुसार टोलीले शुक्रबार भेरी नगरपालिका-३ बाट काम सुरु गर्नेछन् । पुनर्स्थापनाको कामका लागि उनीहरूले अलग-अलग चार स्थानमा अस्थायी क्याम्प खडा गर्नेछन् ।

जाजरकोटबाट काठमाडौं आएको आचार्य नेतृत्वको टोलीले उपमहासचिव विष्णु रिमाललाई भेटी प्रभावितहरूको पछिल्लो अवस्थाबारे जानकारी गराउँदै तत्काल अस्थायी टहरा बनाउन नसके चिसोका कारण पीडितहरूको अवस्था भयावह हुन सक्ने विषयमा ध्यानाकर्षण गराएको छ । दुवै जिल्लाका सबै पालिकाहरूमा ४० समूहमा बाँडिएर हजार स्वयंसेवकले दुईदेखि तीन हप्ताभित्र भग्नावशेषको व्यवस्थापन गरी पीडितहरूको लागि अस्थायी टहरा निर्माण गर्ने एमालेको कार्ययोजना छ । बिहीबार बसेको केन्द्रीय विपत् व्यवस्थापन तथा स्वयंसेवा विभागको बैठकले कार्ययोजना पास गरेको हो ।

शनिबार विभागका प्रमुख केन्द्रीय सदस्य किरण पौडेलको नेतृत्वमा पार्टी केन्द्रीय कार्यालय च्यासल (काठमाडौं) बाट जाने बाँकी टोली प्रभावित क्षेत्र प्रस्थान गर्दै छ । एमालेले पार्टीको केन्द्रीय कोषबाट पीडितहरूलाई २ करोड रुपैयाँ राहत प्रदान गर्ने निर्णय गरेको थियो ।

'४० समूहमा बाँडिएर हाम्रा एक हजार स्वयंसेवकले दुवै जिल्लाका सबै पालिकाहरूमा भग्नावशेष व्यवस्थापन गरी अस्थायी टहराहरू बनाउनेछन्,' पौडेलले भने, 'मेची-महाकाली अभियानका क्रममा पार्टी अध्यक्ष केपी ओलीसहितका शीर्ष नेताहरू पनि स्वयंसेवी काममा एक दिन खटिनुहुनेछ ।' विभागको बैठकले अध्यक्ष ओलीसहित शीर्ष नेताहरू १७ मंसिरमा जाजरकोटमा स्वयंसेवी काममा सहभागी हुने गरी कार्ययोजना बनाएको छ ।

एमालेले बैतडीको झुलाघाटदेखि १४ मंसिरबाट अभियान सुरु गर्दै छ । उता, महासचिव शंकर पोखरेलले भग्नावशेषमा पुरिएका पीडितहरूका सामानहरू निकाली अस्थायी टहरा निर्माणको मुख्य काममा केन्द्रित हुन बिहीबार निर्देशन दिएका छन् । पीडितहरूलाई कुनै भार नपर्ने गरी रसदपानी, टेन्ट र औषधिजन्य सामग्रीसहित खटिनसमेत उनले ध्यानाकर्षण गराएका छन् ।

गत २२ कात्तिकमा बसेको केन्द्रीय सचिवालय बैठकले पीडितहरूको पुनर्स्थापनाका लागि एक हजार स्वयंसेवक परिचालन गर्ने निर्णय गरेको थियो । जसअनुसार स्वयंसेवकहरूले पाँच हजार कार्यदिनभन्दा बढी त्यहाँ घरटहरा निर्माणमा काम गर्ने, एक करोड बढी मूल्यको श्रम गर्ने उपमहासचिव प्रदीप ज्ञवालीले बताए ।

एमालेले खटाएको स्वयंसेवक

लुम्बिनी प्रदेश कमिटी -२०० । कर्णाली प्रदेश कमिटी -१५० । सुदूरपश्चिम, बागमती र गण्डकी -१५० । सम्पर्क समन्वय कमिटी -१०० । मधेश, कोशी र विशेष प्रदेश -७५ । युवा संघ -१०० । अनेरास्ववियु -१०० । जिफन्ट, भूपूआर्मी, खेलकुद महासंघ -१२५

सरकारले अनुदान नदिँदै बन्न थाले भूकम्पपीडितका नमुना घर

नयाँ पत्रिका

सरकारले भूकम्पपीडितका लागि अस्थायी आवास बनाउन अनुदानको घोषणा गरे पनि काम सुरु भएको छैन । तर, १७ कात्तिकको भूकम्प प्रभावित जिल्ला जाजरकोट र रुकुम पश्चिममा भने स्वयंसेवी रूपमा अस्थायी एवं भूकम्पप्रतिरोधी नमुना घर बनाउन सुरु गरिएको छ ।

रुकुम पश्चिमको चौरजहारी नगरपालिकाका पूर्वमेयर विशाल शर्माको अगुवाइमा वडा नम्बर ६ फारुलामा कालो कामी, कमल विक, चन्द्री बोहोरा र चन्दबहादुर बुढाथोकीका चारवटा घर निर्माण गर्ने गरी काम सुरु भएको छ । घर बनाउन सिमेन्ट, बालुवा, माटो, ढुंगा, छड, जस्तापाताको प्रयोग गरिएको छ भने ५० जना स्वयंसेवक परिचालित छन् । तिहारमा निर्माणको काम रोकिए पनि शुक्रबारदेखि पुनः सुरु हुने शर्माले बताए । 'यो काम स्वयंसेवाका रूपमा हो, निर्माण सामग्री मेरो नेतृत्वमा खटिएको टिमले नै व्यवस्थापन गरिरहेको छ, काम पनि निःशुल्क रूपमा गरिरहेको छ,' शर्माले भने, 'एक सातामा निर्माण सकिन्छ । त्यसपछि थप घर बनाइनेछ ।'

जाजरकोट केन्द्रबिन्दु भएर १७ कात्तिकको मध्यरात गएको भूकम्पमा परी चौरजहारीमा एकजनाको मृत्यु भएको थियो भने २३ जना घाइते भएका थिए । चौरजहारीमा मात्र नौ सय ३२ घर पूर्ण रूपमा क्षतिग्रस्त भएको नगरपालिकाको प्रारम्भिक तथ्यांक छ । निमित्त प्रमुख प्रशासकीय अधिकृत शेरप्रसाद ढकालका अनुसार पाँच हजार दुई सय ९६ वटा घर बस्नै नमिल्ने गरी क्षतिग्रस्त बनेका छन् । भूकम्पपछिको पुनर्निर्माणमा जनपरिचालनलाई मुख्य प्राथमिकता दिइने उनले बताए । 'सबै काम सरकारले मात्र गरेर पनि सम्भव हुन्न, सरकारबाट आर्थिक स्रोतको व्यवस्थापन गर्ने र भौतिक निर्माणमा स्थानीयलाई प्रयोग गर्ने गरी सोचिएको छ,' उनले भने, 'अहिले स्वेच्छिक रूपमा काम भइरहेको छ । भोलि सरकारको मापदण्डअनुसार अस्थायी घर होस् वा पुनर्निर्माण होस् ।'

भूकम्पबाट सबैभन्दा बढी प्रभावित जाजरकोटमा पनि नमुना अस्थायी आवास निर्माण भइरहेका छन् । एक साताअघि भूकम्प प्रभावित जाजरकोट पुगेका कांग्रेस महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले दुईवटा नमुना अस्थायी आवास निर्माण गरिदिए । उनीहरूसहितको टोलीले भूकम्पमा परी मृत्यु भएकी नलगाड नगरपालिकाकी उपमेयर सरिता सिंहको परिवारका लागि र नलगाड- १ च्युरेका एक स्थानीयका लागि अस्थायी नमुना आवास बनाएको थियो ।

नेकपाका महासचिव नेत्रविक्रम चन्द नेतृत्वको टिमले पनि जाजरकोटको नलगाडका कले विकका लागि घर निर्माण गरिदिएको छ । उनको पार्टीले रुकुम पश्चिमको आठबिसकोट नगरपालिका-१४ छेपारेका विजय विकको परिवारका लागि घर बनाइदिएको छ । करिब ६० हजार खर्च गरेर जस्तापाताले छाएको घर निर्माण गरिदिएको पार्टीका सदस्य चन्द्र बुढाले बताए । त्यस्तै, आठबिसकोट- ११ मा ८ वटा छहरासमेत निर्माण गरेको उनले बताए । राष्ट्रिय स्वतन्त्र पार्टीले आठबिसकोट नगरपालिका- १४ को ज्यामिरकोटमा नमुना आवासको व्यवस्था गरेको छ । जाजरकोटमा अस्थायी र नमुना आवास निर्माणका लागि संघसंस्था, राजनीतिक दल तथा व्यक्ति इच्छुक देखिएको सहायक प्रमुख जिल्ला अधिकारी हरिश्चन्द्र शर्माले बताए । 'धेरै इच्छुक देखिनुभएको छ, तर सरकारी मापदण्ड बनिनसकेकाले अहिले नै काममा लाग्नुहोस् भनेर भन्न सकिएको छैन, मापदण्ड बन्नेबित्तिकै धमाधम काम सुरु हुन्छ,' उनले भने ।

अस्थायी आवास बनाउन पाँच अर्ब लाग्ने

अस्थायी आवासका लागि रकम लिएर घर नबनाए स्थायी आवासको अनुदान नपाइने

काठमाडौं/ जाजरकोट र त्यसअघिका भूकम्पमा घरविहीन भएकालाई अस्थायी आवास बनाउन झन्डै पाँच अर्ब बजेट चाहिने भएको छ । राष्ट्रिय विपत् व्यवस्थापन कार्यकारी समितिको २६ कात्तिकको बैठकले भूकम्पपीडितलाई अस्थायी आवास बनाउन दुई किस्तामा ५० हजार रुपैयाँ दिने गरी 'भूकम्पपीडित अस्थायी आवास अनुदान कार्यविधि' स्वीकृत गरेको थियो ।

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता ध्रुवबहादुर खड्काका अनुसार जाजरकोट, बझाङ, बाजुरा र डोटी केन्द्रबिन्दु भएर गएका पछिल्ला भूकम्पमा एक लाख परिवारको घर पूर्ण र आंशिक रूपमा क्षतिग्रस्त भएका छन् । यस हिसाबले एक लाख अस्थायी आवास बनाउन पाँच अर्ब लाग्ने अनुमान गरिएको हो ।

'यी सबै भूकम्पपीडितका लागि स्थायी आवास पनि बनाउने योजना छ, त्यसअघि अस्थायी आवासका लागि ५० हजार रुपैयाँ केन्द्रीय विपत् व्यवस्थापन कोषमार्फत जिल्ला हुँदै पालिकामा निकासा हुनेछ,' प्राधिकरणका प्रवक्ता खड्काले भने, 'वडाको सिफारिसमा पालिकामा रहेको विपत् व्यवस्थापन समितिले अस्थायी आवास बनाउन सम्झौता गरेअनुसार लाभग्राहीको खातामा पैसा जानेछ ।'

सरकारले अस्थायी आवासलगत्तै स्थायी आवास बनाउने तयारी गरेको छ । यद्यपि, स्थायी आवासका लागि मोडालिटी र स्रोत सुनिश्चितता भइसकेको छैन । तर, अस्थायी आवासका लागि ५० हजार अनुदान लिएर घर नबनाउने लाभग्राहीले स्थायी आवासका लागि अनुदान नपाउने व्यवस्था अस्थायी आवाससम्बन्धी कार्यविधिमा गरिएको छ । 'अस्थायी आवासका लागि मापदण्ड खुकुलो छ । नेपाली भएको प्रमाणित भए पुग्छ, सबै कागजात अहिले चाहिँदैन,' प्राधिकरणका प्रवक्ता ध्रुवबहादुर खड्काले भने, 'पहिलो किस्ता घर बनाउन सम्झौता गरेलगत्तै र दोस्रो किस्ता पनि घर निर्माण प्रक्रिया सुरु गरेपछि दिइनेछ । तर, अस्थायी आवास बनाउँछु भनेर पैसा लिएर नबनाएको पाइए स्थायी आवासका लागि अनुदानबाट वञ्चित गरिनेछ ।'

अस्थायी आवासका लागि भूकम्पपीडितले देशभर अन्यत्र घर नभएको घोषणा गर्नुपर्नेछ । उक्त रकम विपत् व्यवस्थापन कोषबाट सम्बन्धित स्थानीय तहमा पठाउने र स्थानीय तहले परिवारको स्वघोषणा र सम्बन्धित वडाको सिफारिसमा लाभग्राहीको बैंक खातामा सीधै उपलब्ध गराउनेछन् ।

चिनियाँ कम्युनिस्ट पार्टीले अढाई करोडभन्दा बढीको राहत सामग्री भूकम्प प्रभावित क्षेत्रमै पुऱ्याइदिने

काठमाडौं/ उत्तरी छिमेकी चीनको चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी)ले अढाई करोडभन्दा बढीको राहत सामग्री भूकम्प प्रभावित क्षेत्रमै पुऱ्याइदिने भएको छ । सिपिसीले बुधबार नेपालका प्रमुख राजनीतिक दलहरूलाई दुई करोड ७४ लाख ७५ हजारबराबरको राहत सामग्री हस्तान्तरण गरेको छ ।

कांग्रेसबाट रामहरि खतिवडा, एमालेबाट राजन भट्टराई, माओवादीबाट देव गुरुङ, जसपाबाट राजेन्द्र श्रेष्ठ, एकीकृत समाजवादीबाट जीवनराम श्रेष्ठले चिनियाँ कम्युनिस्ट पार्टीका प्रतिनिधिबाट सामग्री बुझेका थिए । सामग्री बुझ्दै गर्दा नेपाली नेताहरूले प्रभावित क्षेत्रमै पुऱ्याइदिन अनुरोध गरेका थिए ।

कांग्रेस केन्द्रीय सदस्य एवं सांसद खतिवडाका अनुसार सिपिसीले दुई हजार व्यक्तिलाई एक-दुई महिनासम्म पुग्ने गरी दैनिक उपभोग्य वस्तु, न्यानो र खाद्यान्नसम्म राहतमा दिएको छ । छठलगत्तै प्रभावित क्षेत्र जाजरकोट र रुकुम पश्चिममा ढुवानी गरिदिनेछ ।

सिपिसीले दिएको राहत सामग्रीमा टुथपेस्ट, टुथब्रस, हातधुने साबुन, टाबेल, स्यानेटरी प्याड, बक्स/ब्याग, खाना पकाउने भाँडावर्तन, सोलार ल्याम्प, न्यानो लुगा, ज्याकेट, ब्ल्यांकेट रहेको छ । यसैगरी चामल, दाल, तेललगायत खाद्यान्न सामग्री रहेको छ । राहत सामग्री सहयोगका लागि नेपाली नेताहरूले चिनियाँ कम्युनिस्ट पार्टीलाई धन्यवाद दिएका थिए ।

हप्तौं...

पृष्ठ १ बाट क्रमशः

'झोला नेपालगन्ज पुगिसक्यो । एयरलाइन्सका कर्मचारीले झोला राखेका छन् । अब शुक्रबार नेपाल एयरलाइन्सको जहाज आएमा जान पाइने भनेर भनिएको छ ।'

खार्पुनाथ गाउँपालिका-५ की ७० वर्षीया शिवा शाहीलाई दमले च्यापेपछि उपचारका लागि नेपालगन्ज लैजान गाउँबाट चार घन्टा बोकेर सदरमुकाम सिमकोट पुऱ्याइयो । सिमकोटबाट जहाजमार्फत नेपालगन्ज पुऱ्याएर त्यहाँ आमाको उपचार गर्ने छोरा दिलबहादुरको योजना थियो । तर, टिकटका लागि उनी तीन दिन सिमकोटमा बसे । बुधबार नेपाल एयरलाइन्सको जहाजमा बिरामी आमालाई नेपालगन्ज पठाएको उनले बताए । समिट, तारा, सीता एयरलाइन्सका कर्मचारीबाट पहुँचका आधारमा टिकट वितरण हुने गरेको दिलबहादुरको गुनासो छ । 'विमानस्थलभित्रैबाट जहाज टिकट बाँडिन्छ । तर, हामीलाई दिइँदैन । विमानस्थल गेटबाट प्रहरीले सर्वसाधारणलाई प्रवेश गर्न नदिने भएकाले झन् समस्या छ,' उनले भने ।

सिमकोटदेखि नेपालगन्ज मात्र होइन, सुर्खेतका लागि टिकट पाउन पनि मुस्किल हुन्छ । खार्पुनाथ गाउँपालिका- १ प्युसका बमबहादुर परियारले सुर्खेतका लागि जहाजको टिकट नपाएपै सिभिल असिस्टेनको अन्तर्वार्ताको परीक्षा छुट्यो । उनले वीरेन्द्रनगर नगरपालिकामा सिभिल असिस्टेनमा नाम निकालेका थिए । २८ कात्तिकमा अन्तर्वार्ता थियो । तर, जहाजको टिकट नपाउँदा उनी जान पाएनन् । 'टिकटका लागि नौ दिन कुर्ने । परीक्षा छुटिसक्यो,' उनले भने, 'सुर्खेत पढिरहेको छु । केही सीप नचलेपछि बिहीबार समिट एयरको जहाजमा धनगढी पुर्गे । अब धनगढीबाट गाडीमा सुर्खेत जान्छु ।'

राष्ट्रिय सडक सञ्जालसँग नजोडिएको हुम्ला सदरमुकाम सिमकोटमा विमानस्थल छ । तर, महँगो भाडा तिरेर नेपालगन्ज, सुर्खेत जान तयार रहे पनि टिकट पाइँदैन । सीता, समिट, तारा एयरलाइन्सले पहुँचका भरमा जहाजको टिकट वितरण गर्ने गर्छन् । दुई सातादेखि जहाजको टिकट नपाएपछि दुई दिन पैदल हिँडेर छोराछोरी चंखेली गाउँपालिकाको सल्लीसल्लाबाट गाडी चढेर नेपालगन्ज गएको सिमकोट गाउँपालिका- ७ की पम्पा शाहीले दुखेसो गरिन् ।

नागरिक उड्डयन प्राधिकरण सिमकोटका प्रमुख महेन्द्र सिंह एयरलाइन्सले पूर्वतर्फ पर्यटक बोक्न थालेपछि सिमकोटमा उडान घट्दा समस्या भएको बताए ।

बोक्साको आरोपमा...

पृष्ठ १ बाट क्रमशः

सात वर्षअघि भएको मोटरसाइकल दुर्घटनामा खुट्टा भाँचिएको आरोपसमेत लगाएर आफूमाथि कुटपिट गरिएको ओमप्रकाशले बताए ।

शारीरिक अपांगता भएका ओमप्रकाशले चार छोराछोरी, श्रीमतीसहित ६ जनाको परिवार मजदुरी गरेर पाल्दै आएका छन् । 'शारीरिक अपांगता भएकाले 'क' श्रेणीको कार्डबापत गाउँपालिकामार्फत पाउने सामाजिक सुरक्षा भत्ता र मजदुरी गरेर आधा पेट खाएर भए पनि दुई कोठाको पक्की घर बनाएँ,' उनले भने, 'त्यसपछि मलाई देख्नेबित्तिकै बोक्साको आरोप लगाएर दुर्व्यवहार गर्दै आएका छन् ।'

आफूमाथि भएको कुटपिटबारे प्रहरीमा उजुरी दिने तथा समाज बोलाएर छलफल चलाउने बताएपछि 'आफन्तको झगडामा बाहिरकालाई नबोलाऔं' भन्दै गाउँमै मिलापत्र गर्न दबाब आएको ओमप्रकाशले बताए । 'अहिले गाउँमै मिल्नुपर्छ भनेर दबाब दिएका छन्,' उनले भने । कुटपिट गरेपछि परियाग बुधबार साँझ नै विराटनगरतिर हिँडेको उनले बताए ।

इलाका प्रहरी कार्यालय लहानका प्रमुख प्रहरी नायब उपरीक्षक भोलाकुमार भट्टले घटनाबारे सूचना नभएको बताए । 'त्यस्तो घटनाबारे अहिलेसम्म कतैबाट पनि कुनै सूचना पाएको छैन,' उनले भने, 'के भएको हो, बुझ्छौं ।' सखुवानन्कारकट्टी गाउँपालिका- २ का वडाध्यक्ष तनुकलाल यादवले बोक्सी मन्त्र, टुनामुना प्रयोग गरेको आरोपमा कसैमाथि कुटपिट गर्न नपाइने बताए ।

एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मितिः २०८०।०८।०१ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीहरूले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरू धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरूलाई बारम्बार तर ताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू खरिद गर्न इच्छुक महानुभावहरूलाई यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरू यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिनका दिन अर्थात मिति २०८०।०८।१६ (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १.०० बजे यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयम् वा आधिकारीक प्रतिनिधिहरूलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखि दिनुहुने तथा व्यक्तिगत जमानी दिनु हुने महानुभावहरूलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । गोप्य शिलवन्दी बोलपत्रका अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाण्डौंबाट रू. १००।- तिरी खरिद गर्न सकिनेछ ।

तपसिल

सि.नं.	कर्जा शिर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना	लिलाम हुने धितोको विवरण
१.	१. ओभरड्राफ्ट कर्जा २. डिमाण्ड कर्जा	**ऋणीको नामः पेन्टस एन उडस** (नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, सुनसरीमा दर्ता रहेको) दर्ता नं.: २७४६/०७०/०७१ दर्ता मिति : २०७०/०९/०८ स्थायी लेखा नं.: ६०१५८५२१४ ठेगानाः सुनसरी जिल्ला, धरान न.पा. वडा नं. ७ हाल परिवर्तित सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ७। **प्रोप्राईटरः** **नितेश अग्रवाल** ना.प्र.प.नं (जारी मिति/स्थान): ३७८०८/०६४/६५(२०६५/०३/३०/सुनसरी) बाजेको नामः पन्ना लाल अग्रवाल बाबुको नामः कैलाश अग्रवाल ठेगानाः सुनसरी जिल्ला, धरान न.पा. वडा नं. १ हाल परिवर्तित सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १। **व्यक्तिगत जमानतकर्ताहरूः** **१. भिम प्रसाद अग्रवाल** ना.प्र.प.नं (जारी मिति/स्थान): १५०६७/१७०६७ (२०४९/०८/२८/सुनसरी) बाजेको नामः चिरन्जी लाल अग्रवाल बाबुको नामः पन्ना लाल अग्रवाल ठेगानाः सुनसरी जिल्ला, धरान न.पा. वडा नं. १ हाल परिवर्तित सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १। **२. श्याम सुन्दर अग्रवाल** ना.प्र.प.नं (जारी मिति/स्थान): ८६९९/११६९९ (२०४५/१२/०३/सुनसरी) बाजेको नामः चिरन्जी लाल अग्रवाल बाबुको नामः पन्ना लाल अग्रवाल ठेगानाः सुनसरी जिल्ला, धरान न.पा. वडा नं. १ हाल परिवर्तित सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १। **३. मन्जुदेवी अग्रवाल** ना.प्र.प.नं (जारी मिति/स्थान): २१८/०६१/६२(२०६२/०१/२०/सुनसरी) बाबुको नामः सीताराम अग्रवाल ससुराको नामः पन्ना लाल अग्रवाल पतिको नामः कैलाश अग्रवाल ठेगानाः सुनसरी जिल्ला, धरान न.पा. वडा नं. १ हाल परिवर्तित सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १। **४. प्रिती अग्रवाल** ना.प्र.प.नं (जारी मिति/स्थान): २१९/०६१/०६२(२०६२/०१/२०/सुनसरी) बाबुको नामः शम्भु लाल टिवरेवाल ससुराको नामः पन्ना लाल अग्रवाल पतिको नामः भिम प्रसाद अग्रवाल ठेगानाः सुनसरी जिल्ला, धरान न.पा. वडा नं. १ हाल परिवर्तित सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १।	१. चिरन्जी लाल अग्रवालको नाति, पन्ना लाल अग्रवालको छोरा, सुनसरी जिल्ला, धरान न.पा. वडा नं. १ हाल परिवर्तित सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १ बस्ने **भिम प्रसाद अग्रवाल**को नाममा मालपोत कार्यालय धरानको लगतमा दर्ता श्रेष्ठा कायम रहेको सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १ स्थित कि.न. ४९१ को क्षेत्रफल ३३८.६४ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । २. शम्भु लाल टिवरेवालको छोरी, पन्ना लाल अग्रवालको बुहारी, भिम प्रसाद अग्रवालको पत्नि, सुनसरी जिल्ला, धरान न.पा. वडा नं. १ हाल परिवर्तित सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १ बस्ने **प्रिती अग्रवाल**को नाममा मालपोत कार्यालय धरान को लगतमा दर्ता श्रेष्ठा कायम रहेको सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १ स्थित कि.न. ३०२ को क्षेत्रफल ०-०-१४-३ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । ३. चिरञ्जी लाल अग्रवालको नाति, पन्ना लाल अग्रवालको छोरा, सुनसरी जिल्ला, धरान न.पा. वडा नं. १ हाल परिवर्तित सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १ बस्ने **श्याम सुन्दर अग्रवाल**को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेष्ठा कायम रहेको सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ९ स्थित कि.न. ७३ को क्षेत्रफल २७९.३८ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । ४. सीताराम अग्रवालको छोरी, पन्ना लाल अग्रवालको बुहारी, कैलाश अग्रवालको पत्नि, सुनसरी जिल्ला, धरान न.पा. वडा नं. १ हाल परिवर्तित सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १ बस्ने **मन्जुदेवी अग्रवाल**को नाममा मालपोत कार्यालय धरान को लगतमा दर्ता श्रेष्ठा कायम रहेको सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ९ स्थित कि.न. ७३ को क्षेत्रफल २७९.३८ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । ५. ऋणीले धनी बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको स्वामित्व / नियन्त्रण मा रहेका सम्पूर्ण माल सामान / स्टकहरुको मौज्दात ।
२.	सम्पत्ति धितो कर्जा	**ऋणीको नामः नितेश अग्रवाल** ना.प्र.प.नं (जारी मिति/स्थान): ३७८०८/०६४/६५(२०६५/०३/३०/सुनसरी) बाजेको नामः पन्ना लाल अग्रवाल बाबुको नामः कैलाश अग्रवाल ठेगानाः सुनसरी जिल्ला, धरान न.पा. वडा नं. १ हाल परिवर्तित सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १। **व्यक्तिगत जमानतकर्ताहरूः** **१. भिम प्रसाद अग्रवाल** ना.प्र.प.नं (जारी मिति/स्थान): १५०६७/१७०६७ (२०४९/०८/२८/सुनसरी) बाजेको नामः चिरन्जी लाल अग्रवाल बाबुको नामः पन्ना लाल अग्रवाल ठेगानाः सुनसरी जिल्ला, धरान न.पा. वडा नं. १ हाल परिवर्तित सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १। **२. श्याम सुन्दर अग्रवाल** ना.प्र.प.नं (जारी मिति/स्थान): ८६९९/११६९९ (२०४५/१२/०३/सुनसरी) बाजेको नामः चिरन्जी लाल अग्रवाल बाबुको नामः पन्ना लाल अग्रवाल ठेगानाः सुनसरी जिल्ला, धरान न.पा. वडा नं. १ हाल परिवर्तित सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १। **३. मन्जुदेवी अग्रवाल** ना.प्र.प.नं (जारी मिति/स्थान): २१८/०६१/६२(२०६२/०१/२०/सुनसरी) बाबुको नामः सीताराम अग्रवाल ससुराको नामः पन्ना लाल अग्रवाल पतिको नामः कैलाश अग्रवाल ठेगानाः सुनसरी जिल्ला, धरान न.पा. वडा नं. १ हाल परिवर्तित सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १। **४. प्रिती अग्रवाल** ना.प्र.प.नं (जारी मिति/स्थान): २१९/०६१/०६२(२०६२/०१/२०/सुनसरी) बाबुको नामः शम्भु लाल टिवरेवाल ससुराको नामः पन्ना लाल अग्रवाल पतिको नामः भिम प्रसाद अग्रवाल ठेगानाः सुनसरी जिल्ला, धरान न.पा. वडा नं. १ हाल परिवर्तित सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १। **५. कमला देवि अग्रवाल** ना.प्र.प.नं (जारी मिति/स्थान): ६३३(२०४६/०२/२९/सुनसरी) बाबुको नामः परमेशरीदास अग्रवाल ससुराको नामः चिरन्जी लाल अग्रवाल पतिको नामः पन्ना लाल अग्रवाल ठेगानाः सुनसरी जिल्ला, धरान न.पा. वडा नं. १ हाल परिवर्तित सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १।	
३.	१. ओभरड्राफ्ट कर्जा २. चालुपुँजी कर्जा ३. बैंक जमानत कर्जा	**ऋणीको नामः कमला इन्टरप्राइजेज** (नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय सुनसरीमा

कांग्रेसका अधुरा विभाग अलपत्र

७० विभाग पुऱ्याउने निर्णय अहिलेसम्म १६ मा मात्र नेतृत्व चयन, बनेकाले पूर्णता नपाउँदा गतिविधि शून्य

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

४८ विभागलाई ७० पुऱ्याउने कांग्रेस नेतृत्वको निर्णय अलपत्र छ। हालसम्म कांग्रेसका १६ विभागको नेतृत्व चयन भएको छ। थप्ने भनिएका विभागको नामसमेत अझै टुंगिएको छैन। महाधिवेशनको लामो समयसम्म पनि गठन नहुँदा र बनेकाले पूर्णता नपाउँदा विभागका गतिविधि शून्य छन्।

कांग्रेसको महाधिवेशनको २० महिनापछि १५ भदौमा १५ विभागमा नेतृत्व तोकिएको थियो, तर अहिलेसम्म सदस्य मनोनीत भएका छैनन्। विभाग प्रमुखहरू पार्टी नेतृत्वले अग्रसरता नलिँदा विभागले पूर्णता पाउन नसकेको बताउँछन्। नयाँ विभागको टुंगो लगाउने र एकसाथ सबै विभागलाई पूर्णता दिने तयारी रहे पनि पार्टी नेतृत्वले यसमा चासो नदिएको गुनासो छ। वैदेशिक रोजगार समन्वय तथा आप्रवासन विभाग प्रमुख प्रकाश रसाइली स्नेहीले सदस्य नतोकिँदा गतिविधि हुन नसकेको बताए। 'विभागले नेतृत्व पायो, तर सदस्य नहुँदा बैठक बस्न र काम गर्न पाएको छैन,' उनले भने, 'सबै विभागको टुंगो लागेपछि सभापतिले नै सदस्य मनोनीत गर्ने भनिएको हो, तर अझै हुन सकेन।'

आपूर्ति तथा उपभोक्ता विभाग प्रमुख गुरु बरालले सदस्य मनोनीत नहुँदा विभाग सक्रिय बन्न नसकेको बताए। 'सदस्य मनोनयनमा ढिलाइ हुँदा असर परेको छ। महासमिति बैठक र यसबीचमा आएका घटनाक्रमले पनि ढिलाइ भएको छ,' उनले भने।

प्रचार विभाग प्रमुख मीन विश्वकर्मा पार्टीका गतिविधि, विकसित राजनीतिक र अन्य घटनाक्रमका कारण विभागहरू पूर्ण हुन नसकेको बताउँछन्। पुराना विभागसँगको कार्यक्षेत्र मिलानलगायतका गृहकार्य गरिएको र बाँकी विभाग गठनको तयारी भइरहेको उनको भनाइ छ।

'विकसित राजनीतिक र अन्य घटनाक्रम तथा पार्टी गतिविधिका कारण तयारी पुग्न सकेको छैन। विभाग गठनबारे छलफल भइरहेको छ,' उनले भने, 'नयाँ विभाग गठन गर्दा कार्यक्षेत्र पनि मिलान गर्नुपर्छ। सबै विषय सन्तुलन गरेर पूर्णता दिन्छौं,' विश्वकर्माले भने।

कांग्रेस सचिव प्रेम केसीले पछिल्लो समय पार्टीका गतिविधि र राष्ट्रिय घटनाक्रमका कारण विभागको काम पूरा हुन नसकेको बताए। ' महासमिति बैठक तयारीलगायत पार्टी गतिविधि र चाडपर्वका कारण ढिलाइ भएको छ। अब छठपछि नेतृत्वले ठोस रूपमा यी विषय टुंगो लगाउनेछ,' केसीले भने।

हालसम्म कांग्रेसका १६ विभाग गठन भएका छन्। प्रचार विभागमा भने १२ जेठमा विश्वकर्मालाई जिम्मेवारी दिइएको थियो। २ देखि १० साउनसम्म बसेको केन्द्रीय समिति बैठकले १५ भदौभित्र विभाग गठन गर्ने निर्णय गरेको थियो। तर, डेडलाइनभित्र १५ मात्र विभागको नेतृत्व तोकिएको थियो। विधानले विभाग गठनको अधिकार पार्टी सभापतिलाई दिएको छ। विभागको नेतृत्व केन्द्रीय सदस्यले गर्ने उल्लेख छ।





विभागले नेतृत्व पायो, तर सदस्य नहुँदा बैठक बस्न र काम गर्न पाएको छैन। सबै विभागको टुंगो लागेपछि सभापतिले नै सदस्य मनोनीत गर्ने भनिएको हो, तर अझै हुन सकेन।

● मीन विश्वकर्मा
प्रमुख, प्रचार विभाग



विकसित राजनीतिक र अन्य घटनाक्रम तथा पार्टी गतिविधिका कारण तयारी पुग्न सकेको छैन। विभाग गठनबारे छलफल भइरहेको छ। नयाँ विभाग गठन गर्दा कार्यक्षेत्र पनि मिलान गर्नुपर्छ। सबै विषय सन्तुलन गरेर पूर्णता दिन्छौं।

● प्रकाश रसाइली स्नेही, **प्रमुख**
वैदेशिक रोजगार समन्वय तथा आप्रवासन विभाग



सदस्य मनोनयनमा ढिलाइ हुँदा असर परेको छ। विभाग सक्रिय बन्न सकेको छैन। महासमिति बैठक र यसबीचमा आएका घटनाक्रमले पनि ढिलाइ भएको छ।

● गुरु बराल, **प्रमुख**
आपूर्ति तथा उपभोक्ता विभाग

विभाग गठन हुँदा पुष्पा भुसाललाई महिला विभाग, चीनकाजी श्रेष्ठलाई उद्योग तथा व्यापार विभाग, योगेन्द्र चौधरीलाई थारू विभाग, गेहेन्द्र गिरीलाई जेष्ठ नागरिक समन्वय विभाग, आंगेलु शेर्पालाई पर्यटन विभाग, डा. रणबहादुर रावललाई गैरसरकारी संस्था समन्वय विभाग, दिलमान पाख्रिनलाई आदिवासी जनजाति विभाग, नानु बाँस्तोलालाई जिल्ला सम्पर्क समिति समन्वय विभाग, रंगमती शाहीलाई पिछडिएको क्षेत्र विभाग, बराललाई आपूर्ति तथा उपभोक्ता समन्वय विभाग र मदनकृष्ण श्रेष्ठलाई अपांगता भएका व्यक्ति र समुदाय समन्वय विभाग संयोजकको जिम्मेवारी दिइएको छ।

१६ विभाग गठन हुँदा ३ मात्र शेखर-गगन समूह नेतृत्वमा पुगेका छन्। इतरबाट नेतृत्व पाउनेमा कृष्णचन्द्र नेपाली पोखरेलले प्रदेश समन्वय विभाग, स्नेहीले वैदेशिक रोजगार समन्वय तथा आप्रवासन विभाग र किरण यादवले तराई मधेश समन्वय विभागको नेतृत्व पाएका छन्।

पूर्वमहामन्त्री शशांक कोइरालानिकट सीता थपलिया (उर्मिला) ले भने उद्यमशीलता र साना तथा मझौला व्यवसायी विकास विभागको जिम्मेवारी पाएकी छिन्। तर, प्रचार विभागबाहेकको पहिलो बैठकसमेत बस्न सकेको छैन भने गतिविधि शून्य छन्।

संक्षेप

तिहारमा उपत्यकाबाट एक सय ७६ जुवाडे पक्राउ

काठमाडौं/ तिहारको पाँच दिनमा उपत्यकाभित्रबाट मात्रै एक सय ६५ जुवाडे पक्राउ परेका छन्। उनीहरूबाट विभिन्न बैंकका चेक र नगदसहित ३४ लाख ८२ हजार आठ सय ८५ रुपैयाँ बरामद भएको छ। काठमाडौं उपत्यका प्रहरी कार्यालयका अनुसार उनीहरूमध्ये एक सय ३३ जना तास खेल्नेक्रममा र ३२ जना कौडा खेल्नेक्रममा पक्राउ परेका छन्। उनीहरूबाट २० हजार रुपैयाँको चेक बरामद भएको र बाँकी ३४ लाख ६२ हजार आठ सय ८५ रुपैयाँ नगद बरामद भएको छ। कार्यालयका प्रवक्ता एसएसपी दिनेशराज मैनालीले तिहारका वेला उपत्यकाभित्रबाट मात्रै एक सय ६५ जुवाडे पक्राउ परेको बताए। उनले भने, 'तिहारका वेला जुवा खेल्ने र खेलाउने गतिविधिप्रति प्रहरीको कडा निगरानी थियो। सोहीक्रममा एक सय ६५ जुवाडे पक्राउ परेका छन्। उनीहरूबाट ३४ लाख रुपैयाँभन्दा बढी रकम बरामद भएको छ। घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको छ।'

एक सातामा १७२ दुर्घटना, सातजनाले ज्यान गुमाए

काठमाडौं/ तिहारका बेला भएको दुर्घटनामा सातजनाले ज्यान गुमाएका छन् भने तीन सय ३० घाइते भएका छन्। उपत्यकाभित्र एक सय ७२ दुर्घटना भएका छन्। जसमा एक सय आठ चालक पक्राउ परेका छन्। तिहारकै अवधिमा उपत्यकाभित्र एक करोड तीन लाख ६६ हजार एक सय ९५ रुपैयाँ मूल्यबराबरको धनमाल चोरी भएको छ। ३७ स्थानमा भएको चोरीमा जम्मा सात अभियुक्त पक्राउ परेका छन्। तिहारकै अवधिमा उपत्यकाभित्र १४ स्थानमा आगलागी भएको छ। आगलागीबाट आठ करोड ७७ लाख ४५ हजार रुपैयाँबराबरको धनमाल जलेर नष्ट भएको छ। घटनामा एकजनाको जलेर मृत्यु भएको छ।

अटो दुर्घटनामा दुईको मृत्यु, चार घाइते

अछाम/ अटो दुर्घटना हुँदा अछाममा दुईजनाको मृत्यु भएको छ। पञ्चदेवल विनायक नगरपालिका- ४ टोड्केसालको मोडमा तीव्र गतिका कारण भएको दुर्घटनामा मृत्यु हुनेमा कमलबजार नगरपालिका- ४ का २४ वर्षका अटोचालक दीपक बोहरा र कमलबजार- २ ठाउँका २६ वर्षका जनक खड्का छन्। दुर्घटनामा घाइते भएका उनीहरूलाई उपचार का लागि सदरमुकाम मंगलसेन ल्याउँदै गर्दा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय अछामका प्रमुख प्रहरी नायब उपरीक्षक (डिएसपी) सन्तोष पाठकले बताए। अछामको कमलबजारबाट दैलेख जाँदै गरेको सुदूर पश्चिम प्रदेश ०१-००१ ह ५५४५ नम्बरको अटो दुर्घटनामा घाइते भएका कमलबजार- ४ चाल्साका २१ वर्षका दिनेश साउदलाई उपचारका लागि सुर्खेत लगिएको छ। उनको टाउकोमा चोट लागेको छ।

चार वर्षदेखि बन्द तिपताला नाका खुलाउन छलफल

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

चार वर्षअघि कोरोना महामारीपछि बन्द भएको टिपताला नाका खुलाउने विषयमा दुई देशका स्थानीय पदाधिकारी तथा नेतृत्वबीच छलफल भएको छ। टिपताला भञ्ज्याङमा दुई देशका स्थानीय पदाधिकारीबीच अनौपचारिक भेटघाट गर्दै नाका खुलाउने विषयमा छलफल भएको ताप्लेजुङका फक्ताङलुङ गाउँपालिकाका अध्यक्ष राजन लिम्बूले बताए।

चीनको तिब्बतका तर्फबाट दिङ्जे काउन्टी जिल्लाका डिएसपी दावा छिरिङ लामा, इमिग्रेसन पुलिस अफिसर टासी थुन्डुक, रिउ सहरको टेन्डाङ उपप्रमुख लोप्साङ फिन्जोक र पुलिस अफिसर गुरु छलफलमा सहभागी भएका थिए।

वार्तामा फक्ताङलुङ उपाध्यक्ष रवीन साम्रा लिम्बू, वडाध्यक्ष छेतेन वालुङको समन्वयमा नाका खुलाउने विषयमा मंगलबार भएको अनौपचारिक छलफलमा कांग्रेस ताप्लेजुङका सभापति गजेन्द्र तुम्याहाङ, माओवादीका केन्द्रीय सदस्य खेलप्रसाद बुढाक्षेत्री, वैकल्पिक केन्द्रीय सदस्य मिङ्माडण्डु शेर्पा, सचिव युकहाङवीर हाङगाम सहभागी थिए। दुई देशका स्थानीय पदाधिकारीबीचको भेटमा टिपताला नाका तत्काल खुलाउन पहल गर्ने, दुईपक्षीय व्यापार तथा पर्यटकीय विकास गर्ने विषयमा छलफल भएको छ। नाका खुलाउन, व्यापार तथा पर्यटन विकास गर्न र टिपतालादेखि ओलाङचुङगोलासम्म सडक कालोपत्रेका लागि सहयोग गर्न चीन सरकार इच्छुक रहेको फक्ताङलुङ गाउँपालिका अध्यक्ष लिम्बूले बताए।

नाका बन्द हुँदा सीमा व्यापार ठप्पसँगै फक्ताङलुङ गाउँपालिका-७ ओलाङचुङगोला, याङ्मा, वडा नम्बर ६ लेलेपको फले र घुन्साका बासिन्दालाई दैनिक उपभोग्य सामान उपभोग गर्ने समस्या भएको छ। रिउबाट सस्तो मूल्यमा दैनिक उपभोग्यलगायत आवश्यक सामग्री आयात गरी उपभोग गर्दै आएका यस क्षेत्रका बासिन्दाको व्ययभार बढेको छ। याक र चौंरीलाई बोकाएर झन्डै आधा रकम न्यून ढुवानी खर्चमा सामान आयात गर्दै आएका यहाँका बासिन्दाले सदरमुकाम फुडलिङबाट प्रतिकिलोग्राम ६० देखि सय रुपैयाँसम्म तिरेर उपभोग्य सामग्री उपभोग गर्दै आएका छन्।


बलात्कार आरोपमा पक्राउ

धनगढी/ कैलालीमा मानसिक सन्तुलन ठीक नभएकी एक महिला बलात्कृत भएकी छिन्। लम्कीचुहा नगरपालिका- ३ ढुंगेबजार घर भएकी ३० वर्षीया महिलालाई बलात्कार आरोपमा ४५ वर्षीय प्रकाश जैसीलाई प्रहरीले पक्राउ गरेको छ। गत बुधबार साँझ घरमा कोही नभएको मौकामा महिलामाथि बलात्कार भएको बुझिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। पीडित महिलाका आफन्तले दिएको जाहेरीका आधारमा जैसीलाई पक्राउ गरेर अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक कुलदीप चन्दले बताए।

सालनालसहितको शिशु फेला

मकवानपुर/ मकवानपुरको हेटौंडामा सालनालसहितको शिशु (छोरी) फेला परेको छ। बिहीबार साँझ हेटौंडा उपमहानगरपालिका- ४ हुप्रचौरस्थित श्रद्धानगर टोल विकास संस्थाअन्तर्गत सामदान चर्चनजिक बाटोछेउ झाडीमा सालनालसहितको शिशु फेला परेको हो। बच्चा रोएको आवाज सुनेर हेर्दा भर्खरै जन्मेको सालनालसहितको शिशु फेला परेपछि प्रहरीलाई खबर गरेको स्थानीय सुन्दर न्यौपानेले जानकारी दिए। शिशुलाई हेटौंडा अस्पतालको जिम्मा लगाइएको मकवानपुर प्रहरीले जनाएको छ। मकवानपुर प्रहरी प्रवक्ता लक्ष्मी भण्डारीले शिशुको जीवनरक्षा पहिलो प्राथमिकता भएकाले शिशुलाई अस्पतालको जिम्मा लगाइएको जानकारी दिए। जन्म दिएर झाडीमा शिशु छोड्ने आमाको खोजीका लागि अनुसन्धान थालिएको उनले बताए।

९५ किलोमिटरको भाडा पाँच हजार !



हुम्लाको नाम्खा गाउँपालिकामा यात्रु ओरालेर खाली गाडी उकालो पार गराउँदै। सिमकोटबाट उत्तरी नाम्खा गाउँपालिका- ५ को हिल्सा नाकासम्मको दूरी ९५ किलोमिटर छ। कच्ची सडकमा दैनिक एक-दुईवटा बोलेरो जिप गुड्छन। गाडीवालाले सिमकोटदेखि हिल्सा नाकासम्मको एकतर्फी भाडा पाँच हजार रुपैयाँ लिँदै आएको सर्केगाड गाउँपालिका- ५ का बलराम बुढाथोकीले जानकारी दिए। चीनको ताक्लाकोट मजदुरीका लागि सीमापास बनाउन सिमकोट पुगेका नाम्खा गाउँपालिका- ५ का पेमा याङ्ग्याल तामाङले गाडी भाडामा चरम लुट रहेको गुनासो गरे। यात्रुहरूबाट चर्को भाडा असुल्दासमेत प्रहरी प्रशासन मूकदर्शक देखिएको स्थानीयको आरोप छ। 'यातायात व्यवसायीहरूले मनपरी भाडा असुल गरेर गरिबहरूको ढाड सेक्ने काम गर्दै आएका छन्, तर प्रहरी मूकदर्शक बनेको छ,' नाम्खा गाउँपालिका- २ का निमा लामाले भने। उनका अनुसार बोलेरो सञ्चालकले पछाडि ढालामा बसेको र अगाडि सिटमा बसेको भाडा एउटै लिने गरेका छन्। शब्द, तस्बिर : **नरजन तामाङ**/नयाँ पत्रिका

फूल फुले, तर किसानको मन फुलेन

उपत्यकाकै किसानका सयपत्रीले पाएन बजार, सरकारले भारतीय फूल आयात रोक्ने घोषणा गरे पनि कार्यान्वयन नगरेको आरोप

शिवहरि घिमिरे/नयाँ पत्रिका

भक्तपुर कमलविनायकका खेम निरौलाले तिहारलाई लक्षित गर्दै करिब चार रोपनीमा सयपत्री फूल रोपेका थिए। उनले हुर्काएका २५ सयवटै बिरुवा तिहारमा ढकमक्क भएका पनि थिए। सबै फूल खपत हुनेमा उनी ढुक्क थिए। तर दुर्भाग्य, उनले सोचेजस्तो भएन। तिहार सकिसक्दा पनि उनको फूलबारी उस्तै ढकमक्क छ। एक लाखभन्दा बढीको सयपत्रीले बजार नै नपाएको उनले बताए। उनले भने, 'गत वर्ष राम्रैसँग बिक्री भएको थियो, तर यसपटक डुबायो। भारतबाट लुकीछिपी फूल आयात भएकाले नेपाली फूलले बजार नै पाएन। सरकारले भारती फूल आयात रोक्ने घोषणा गरेपछि फूल बिक्नेमा ढुक्क थियौं, तर भित्रभित्रै ठूलो खेल भयो।' व्यावसायिक खेती भएकाले निरौलाले मलजल गरेर फूल रोपेका थिए। फूल त फुल्यो, तर बजार नपाएपछि उनी चिन्तित छन्।

उनका अनुसार भारतबाट आवश्यकभन्दा बढी फूलमाला भित्रिएपछि नेपालमा उत्पादन भएको फूलले स्थान नै पाएन। निरौलाले सयपत्रीसहित करिब ६ रोपनीमा बाह्रमासे कार्नेसन र जरबेरा पनि खेती गरेका छन्। भक्तपुरको कमलविनायकमा ६ वर्षदेखि पुष्पखेती गर्दै आइरहेका उनी अन्य फूलको बजारबाट सन्तुष्ट छन्।



भक्तपुर कमलविनायकस्थित व्यावसायिक फूलखेतीमा बिहीबार भेटिएका खेम निरौला। उनले तिहारलाई लक्षित गर्दै करिब चार रोपनीमा सयपत्री खेती गरे पनि अपेक्षाकृत रूपमा बिक्री नभएको बताए। तस्बिर : **नयाँ पत्रिका**

काठमाडौं महानगरका कारण पनि फूल नबिकेको किसानको गुनासो

उपत्यकाभित्रका स्थानीय तहमध्ये सबैभन्दा बढी फूल खपत काठमाडौं महानगरमा हुन्छ। उपत्यका, यहाँका काठक्षेत्र, आसपासका जिल्लामा उत्पादन भएको फूलको लक्षित बिक्री स्थल भनेको काठमाडौं, भक्तपुर र ललितपुरका सहरी क्षेत्र हुन्। तर, यसपटक काठमाडौं महानगरको नयाँ नियमका कारण किसानले सहजै फूल बिक्री गर्न पाएनन्। महानगरले चार स्थान तोकेर फूल बिक्री गर्ने नियम जारी गरेको थियो। तर, ग्राहक नै नआउने ठाउँमा बिक्री केन्द्र तोकेकाले किसानहरू निराश थिए। 'यसपटक महानगरले फूल बिक्री गर्ने सहज वातावरण बनाइदिएन, गाउँ-गाउँमा उत्पादन गरेको फूल भृकुटीमण्डपलगायत ठाउँहरूमा टाँगेरै ओइलायो,' भक्तपुर नगरकोटका किसान हरिशंकर लामिछानेले भने, 'महानगरले ठाउँ तोक्दा भारतबाट छली गरी ल्याएको फूल बिक्री गर्नेहरूले फाइदा लिए, सोझा किसान ठगिए।' उनका अनुसार यसपटक सस्तोमा माला बिक्री गर्न खोज्दा पनि बिक्री नै भएन। सामान्यतया एउटा मालालाई सयदेखि डेढ सय पर्छ। तर, किसानले ५० रुपैयाँमै दिँदासमेत फूलमाला बिकेन। चितवन, धादिङ, नुवाकोट, रसुवा, दोलखा, ललितपुर, भक्तपुर, काभ्रे, सिन्धुपाल्चोकलगायत जिल्लाबाट फूल बेच्न आएका किसान निराश बन्दै फर्किए। फूल बिक्री गर्न सहज होस् भनेर महानगरले स्थान तोकेको थियो।

■ खपत भएको ३५ लाख मालामध्ये ३० लाख भारतीय

नेपाल फूलोरिकल्चर एसोसिएसनका अनुसार यसपटक भारतबाट अपेक्षा गरेभन्दा बढी माला भित्रियो। करिब ३० लाख माला भारतबाट आउँदा सोही मात्रामा नेपालमा उत्पादित फूलले बजार नै पाएन। तिहारमा खपत भएका करिब ३५ लाख मालामध्ये पाँच लाख मात्रै नेपाली फूलका माल थिए। एसोसिएसनका सचिव हिरामणि शर्माले यसपटक भारतबाट आएको मालाका कारण नेपालमा उत्पादित माला बिक्री-वितरण नभएको बताए। उनका अनुसार यसपटक तिहारमा ४० लाखको माला खपत हुने अनुमान गरिए पनि ३५ लाख हाराहारी खपत भयो। 'यसपटक रैथाने फूल धेरै थिए, कतिपयले आफ्ना लागि आफैंले फुलाए, तर नेपालमा उत्पादन भएको फूल नबिक्नुको मुख्य कारण आयातीत माला नै हो,' उनले भने। उनका अनुसार सरकारले यसपटक भारतीय फूल ल्याउन कडाइ गर्ने भने पनि पटके व्यापारीहरूले लुकिछिपी फूल ल्याए। फूल ल्याउनका लागि प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापनले पनि सहजै अनुमति दिएको उनको भनाइ छ। सचिव शर्माले भने, 'सरकारकै कारण नेपालको फूल बिक्री नभएको हो।' पुष्प व्यवसायी विश्वमणि पोखरेलले पनि सरकारले दोहोरो भूमिका खेलेको आरोप लगाए।

कौशिकालयको देउसी-भैलोबाट दुई लाख संकलन



काठमाडौं/ बुढाथोकी क्षेत्री कौशिक गोत्र परिवार (कौशिकालय)ले आयोजना गरेको देउसी-भैलोबाट करिब दुई लाख संकलन भएको छ। 'अभियान कुलवंश जगेर्नाको, संवर्द्धन आफ्नो संस्कार र संस्कृतिको' भन्ने अभियानसाथ कौशिकालयले लक्ष्मी पूजाको दिन सामूहिक देउसी-भैलो खेलेको थियो।

ललितपुरको गोदावरी, टीकाथली, झमाडोल र शोभाहिटीमा बस्दै आएका उनीहरूले सामूहिक रूपमा खेलिएको देउसी-भैलोमा सांस्कृतिक पहिरन, मौलिक गीत तथा नृत्य र महिला, पुरुष, बालबालिका, युवा तथा वयस्कहरू स्वस्फूर्त सहभागी भएका थिए।

देउसी-भैलोबाट संकलित रकम संस्थाको बन्धु कल्याणकारी कोषमा जम्मा गरिने संस्थाका अध्यक्ष मोहन बुढाथोकीले जानकारी दिए। यस्ता गतिविधिले नेपाली कला, संस्कृतिको संवर्द्धनमा टेवा पुग्ने उनको विश्वास छ। देउसी-भैलोमा नृत्य प्रस्तुत गर्ने प्रतिभाहरूलाई हौसला प्रदान गर्दै उनीहरूको कलामा निखारपन ल्याउने नृत्य प्रशिक्षण अध्यक्ष बुढाथोकीले प्रतिबद्धता जनाए।

ग्लोबल आइएमई बैंक लि. को १७ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरु,

यस ग्लोबल आइएमई बैंक लिमिटेडको संचालक समितिको मिति २०८० साल कार्तिक २४ गते शुक्रबार बसेको ४३० औं बैठकको निर्णयानुसार यस बैंकको १७ औं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. सभा हुने मिति, समय तथा स्थान :

मिति : २०८० साल मंसिर २८ गते बिहिबार (तदनुसार १४, डिसेम्बर २०२३)

समय : बिहान ९.०० बजे ।

स्थान : नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादी, काठमाडौं ।

२. छलफलका विषयहरु :

क) सामान्य प्रस्ताव :

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७९/८० को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायत वित्तीय विवरण स्वीकृत गर्ने ।
३. यस बैंकको सहायक कम्पनी ग्लोबल आइएमई क्यापिटल लि., ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड र जेविएनएल सेक्युरिटिज लि. को आ.व. २०७९/८० को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने ।
४. संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७९/८० को मुनाफा समेतबाट चुक्ता पूँजीको ८ प्रतिशत नगद लाभांस स्वीकृत गर्ने ।
५. कम्पनी ऐन, २०६३ को दफा ११९ बमोजिम आ.व. २०८०/८१ को लेखापरीक्षण कार्यका लागि बाह्य लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
६. संस्थापक शेयरधनी समूहबाट ३ जना र सर्वसाधारण शेयरधनी समूहबाट ३ जना समेत जम्मा ६ जना संचालकको निर्वाचन गर्ने ।

ख) विशेष प्रस्ताव :

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०८० साल आषाढ मसान्त सम्म कायम रहेको सञ्चित मुनाफा समेतबाट चुक्ता पूँजीको १ % बोनश शेयर वितरण गर्न स्वीकृत गर्ने र सोही हद सम्म जारी तथा चुक्ता पूँजी वृद्धि गरि प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।
२. सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकले पाउने बैठक भत्ता तथा सेवा सुविधा वृद्धि गर्ने ।
३. बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने तथा उक्त संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायबाट सुझाव भएमा सो बमोजिम आवश्यक संशोधन वा परिमार्जनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग) विविध ।

संचालक समितिको आज्ञाले

कम्पनी सचिव

साधारण सभा सम्बन्धी थप संक्षिप्त जानकारी :

१. साधारण सभा प्रयोजनका लागि मिति २०८०/०८/१३ गते बुधबार एक दिन बैंकको शेयरधनी दर्ता किताब बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयरधनी दर्ता किताब बन्द (Book close) हुनुभन्दा अघिल्लो दिनसम्म कारोबार भई नियमानुसार नामसारी भई आएका शेयरधनीहरुले सो सभामा भाग लिन, मतदान गर्न र आ.व. २०७९/८० को नगद लाभांश तथा बोनश शेयर प्राप्त गर्न योग्य हुनेछन् ।
२. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनीमहानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका विहान ८:०० बजे देखि खुल्ला रहनेछ ।
३. शेयरधनी महानुभावहरुको जानकारीको लागि बैंकको संक्षिप्त आर्थिक विवरण यसै सूचनासँगै प्रकाशित गरिएको छ । कम्पनी ऐन, २०६३ बमोजिमको वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा कम्पनीको रजिष्टर्ड कार्यालय, कमलादी काठमाडौंबाट उपलब्ध गराउन सकिने व्यहोरा जानकारी गराईन्छ । उल्लिखित विवरण बैंकको वेभसाइट ठेगाना www.globalimebank.com मार्फत हेर्न सक्नुहुने छ ।
४. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सूचना साथ संलग्न प्रवेश पत्रको साथै शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण (नागरिकता वा अन्य कुनै सरकारी परिचय पत्र) सभा हुने दिन अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।
५. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्बन्धी निवेदन सभा हुनु भन्दा ४८ घण्टा अगावै अर्थात मिति २०८० साल मंसिर २६ गते विहान ९.०० बजे भित्र बैंकको रजिष्टर्ड कार्यालय कमलादी, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत बैंकको शेयरधनी हुनु आवश्यक छ ।
६. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सक्नु भएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा अघि दिइएको प्रोक्सी स्वतः वदर हुनेछ ।
७. एउटै शेयरधनीले एक भन्दा बढि प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा जुन मुकरित प्रोक्सी बैंकको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो एक मात्र मान्य हुनेछ र सो बाहेकको प्रोक्सी मान्य हुने छैन ।
८. प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ ।
९. नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले भाग लिन वा प्रतिनिधी तोक्न सक्नु हुनेछ ।
१०. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट सामूहिक रुपले वा समितिबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्ने छ ।
११. छलफलको विषय अन्तर्गत विविध शिर्षकमा शेयरधनी महानुभावहरुले कुनै विषय उपर छलफल गर्न चाहनुभएमा सो विषयमा साधारण सभा हुनु भन्दा कम्तिमा ७ (सात) दिन अघि कम्पनीको रजिष्टर्ड कार्यालय मार्फत कम्पनीको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ । जसबाट त्यस्तो विषयमा आवश्यक पूर्व तयारी गर्न सजिलो हुनेछ ।
१२. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरुले यथाशक्य झोला प्याकेट आदि नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सभाकक्षमा प्रवेश गर्नेको सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध छ ।
१३. सामान्य प्रस्ताव नं. (६) बमोजिम संचालक निर्वाचन सम्बन्धी विस्तृत कार्यक्रम निर्वाचन अधिकृत मार्फत सभा हुनुभन्दा ७ दिन अगावै बैंकको रजिष्टर्ड कार्यालय, कमलादी काठमाडौंमा उपलब्ध हुनेछ । साथै, बैंकको वेभसाइट www.globalimebank.com मा समेत उपलब्ध गराईने छ ।
१४. अन्य जानकारीका लागि बैंकको रजिष्टर्ड कार्यालय कमलादी, काठमाडौंमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

ग्लोबल आइएमई बैंक लिमिटेडको आर्थिक वर्ष २०७९/८० को संक्षिप्त वार्षिक आर्थिक विवरण

कम्पनी ऐन, २०६३ को दफा ८४(४) को प्रयोजनको निमित्त प्रकाशित विवरण

(प्रस्तुत संक्षिप्त वार्षिक आर्थिक विवरण, कम्पनीको वार्षिक आर्थिक विवरण तथा संचालक समितिको प्रतिवेदनको संक्षिप्त विवरण मात्र हो)

शेयरधनी महानुभावहरू,

यस ग्लोबल आइएमई बैंक लिमिटेडको सत्रौं वार्षिक साधारण सभाको प्रयोजनार्थ बैंकको आर्थिक वर्ष २०७९/०८० को एकीकृत वित्तीय अवस्थाको विवरण (वासलात), एकीकृत नाफा नोक्सान विवरण, लगायत बैंकको समग्र कारोवारको सिंहावलोकन निम्नानुसार रहेको व्यहोरा यस संक्षिप्त वार्षिक आर्थिक विवरण मार्फत जानकारी गराउँदछौं ।

क) आर्थिक वर्ष २०७९/०८० को कारोबारको सिंहावलोकन

तुलनात्मक रुपमा मुख्य वित्तीय झलकहरु निम्नानुसार रहेका छन् ।

(रकम रू. लाखमा)

विवरण	आषाढ मसान्त		वृद्धि	
	२०७९/०८०	२०७८/०७९	रकम	प्रतिशत
चुक्ता पूँजी	३५७.७१०.६०	२३७.९४७.५३	११९.७६३	५०.३३
कुल निक्षेप	४,३९३.४९०.७०	२,८६५.५९७.८०	१,५२७.८९३	५३.३२
कुल कर्जा	३,७४३.५६३.५८	२,७२२.११६.६७	१,०२१.४४७	३७.५२
जगेडा तथा कोषहरू	२३२.८२६.५१	१३९.४३७.०७	९३.३८९	६६.९८
खुद ब्याज आम्दानी	१७१.०६९.९१	१०२.८९५.५६	६८.१७४.३५	६६.२६
सञ्चालन मुनाफा	९२.६५५.२४	७०.२६५.८५	२२.३८९.३९	३१.८६
खुद मुनाफा	६६.९४३.५८	४९.५९२.२५	१७.३५१.३३	३४.९९

द्रष्टव्य: आ.व. २०७९/०८० को अंकमा तत्कालिन बैंक अफ काठमाण्डू लि. मौज्दात समावेश गरिएको छैन ।

उपरोक्त तालिका अनुसार २०७९ आषाढ मसान्तको तुलनामा २०८० आषाढ मसान्तमा बैंकको पूँजी, निक्षेप, कर्जा तथा लगानीमा उल्लेखनिय वृद्धि भएको छ । मुख्यतः यस अवधिमा नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतप्राप्त साविकको बैंक अफ काठमाण्डू लिमिटेड संँगको मर्जर भएकोले बैंकको वित्तीय सूचकाङ्कहरुमा उल्लेखनीय रुपमा वृद्धि भएको हो ।

ग) लेखापरीक्षकको मन्तव्य

बैंकको आर्थिक वर्ष २०७९/८० को एकीकृत वित्तीय अवस्थाको विवरण (वासलात), एकीकृत नाफा/नोक्सान विवरण एकीकृत नगद प्रवाह विवरण तथा एकीकृत इक्विटीमा भएको परिवर्तन र सो सम्बन्धी टिप्पणी तथा खुलासाहरुमा लेखापरीक्षकहरुले नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशन तथा सर्वमान्य लेखाका सिद्धान्त अनुसार यथार्थ परक रहेको राय सहितको निम्नानुसार प्रतिवेदन पेश गर्नु भएको छ ।

PYC & ASSOCIATES
Chartered Accountants
GPO Box 12437, Putalisadak
Kathmandu Nepal
T: +977 1 4531951

P. J. P. N. & Co.
Chartered Accountants
GPO Box 10309, Kamalpokhari
Kathmandu Nepal
T: +977 1 4428887

Independent Auditor's Report

To the Shareholders of Global IME Bank Limited

Report on the Audit of the Consolidated Financial Statements

Opinion

We have audited the accompanying separate Financial Statements of Global IME Bank Ltd (the "Bank") and the Consolidated Financial Statements of the Bank and its subsidiaries (the "Group"), which comprise the Consolidated Statement of Financial Position as at Ashad 31, 2080 (July 16, 2023), and the Consolidated Statement of Profit or Loss, Consolidated Statement of Other Comprehensive Income, Consolidated Statement of Changes in Equity and Consolidated Statement of Cash Flows for the year then ended, and notes to the Consolidated Financial Statements, including a summary of significant accounting policies.

In our opinion, the accompanying financial statements present fairly, in all material respects, the consolidated financial position of the Group as at Ashad 31, 2080 (July 16, 2023), and of its consolidated financial performance and its consolidated cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standards.


Basis for Opinion

We conducted our audit of the consolidated financial statements in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those Standards are further described in the *Auditor's Responsibilities for the Audit of the Consolidated Financial Statements* section of our report. We are independent of the Group in accordance with the Handbook of the Code of Ethics for Professional Accountants issued by the Institute of Chartered Accountants of Nepal (ICAN) and we have fulfilled other ethical responsibilities in accordance with ICAN's Handbook of the Code of Ethics for Professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our audit opinion on the consolidated financial statements.


EMPHASIS OF MATTER

Litigation on taxation of transactions relating to mergers and acquisitions: We draw attention to *Note 4.28.5 Litigations*, where the bank jointly with other banks, has filed a case in the Supreme Court of Nepal, after the reporting date on 15 September, 2023 (29 Bhadra, 2080) against the provision of Finance Act 2080 relating to the tax liability on bargain purchase gain, if any arises from the merger & acquisitions. The bank acquired/merged with 20 different banks and financial institutions since its establishment till the current financial year. Tax liability on the same if any is contingent upon the verdict of the Supreme Court.

Our opinion is not modified with respect to the above matter.













२०८० साल आषाढ मसान्तको वित्तीय अवस्थाको एकीकृत विवरण (वासलात) (रकम रू.)

विवरण	नोट	समूह		बैंक	
		यस वर्ष	गत वर्ष	यस वर्ष	गत वर्ष
सम्पत्ति					
नगद तथा नगद समान	४.१	२९,६९५,९३०,५२४	१८,६९८,०९७,०३८	२८,५३१,८५३,७९३	१८,१९८,०६६,३१५
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	४.२	१८,६४९,०५२,८८८	११,९३०,६६८,०७१	१८,६४९,०५२,८८८	११,९३०,६६८,०७१
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	४.३	६६८,७२७,४५०	-	६६८,७२७,४५०	-
व्युत्पन्न वित्तीय उपकरण सम्पत्ति	४.४	९९६,२३९,४२९	१,२६५,९३५,८२४	९९६,२३९,४२९	१,२६५,९३५,८२४
अन्य व्यापारिक सम्पत्तिहरु	४.५	१,२०५,७१०,८५०	८६७,९६९,८०८	-	-
बैंक तथा वित्तीय संस्थालाई कर्जा तथा सापट	४.६	११,०३५,९८६,५१९	८,८००,११९,८००	१३,६६०,२२४,८५४	१०,७५१,३२२,२१७
ग्राहकलाई कर्जा तथा सापट	४.७	३६१,७५७,९७७,८८२	२६६,४१०,६२८,९८९	३५४,४६६,७४८,२४४	२५८,०८७,५३१,६००
धितोपत्रमा लगानी	४.८	८७,६७४,७४०,०६३	४६,५२७,०११,३७३	८७,५९१,६७३,५६३	४६,५१३,५११,३७३
चालु आयकर सम्पत्ति	४.९	३,५४४,१३१,७८२	२,४२९,३१७,०७६	३,३७९,८९९,९०६	२,२३८,४४५,१५२
सहायक कम्पनीमा लगानी	४.१०	-	-	६५०,६९५,२५०	३७०,६९५,२५०
सम्बद्ध कम्पनीमा लगानी	४.११	२,२७४,२६९,६५३	१,०७८,३९७,५१३	१,८४०,९६४,८९९	६५२,११६,७३५
सम्पत्तिमा लगानी	४.१२	१,७४४,७६९,१९७	५७०,८९३,९१९	१,७३३,३२३,५५३	५५९,४४८,२७५
सम्पत्ति तथा उपकरण	४.१३	७,८९१,०५८,७७०	५,९९५,८३८,७१३	७,७४०,९३१,९३८	५,८८४,७६६,७७९
ख्याती र अमुर्त सम्पत्ति	४.१४	९०८,०६५,६६२	४९८,२४७,६१०	९०५,६८४,१२४	४९५,७८२,६७८
स्थगन कर सम्पत्ति	४.१५	११७,९५३,३४८	३१३,३२९,६४४	१६,६३३,७५८	१८०,१३२,४६७
अन्य सम्पत्ति	४.१६	६,२८२,६००,१८४	३,४६३,९३५,७९५	६,०५०,७०९,२९३	३,४०७,५९७,५३४
कुल सम्पत्ति		**५३४,४५७,२१६,२०१**	**३६८,८५०,६७१,१७३**	**५२६,८८२,५६२,९४२**	**३६०,५३७,२२०,४७०**
दायित्व					
बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी	४.१७	१४,४८८,४७२,२२८	१२,२५२,१८८,५९७	१३,०२३,६२३,८६३	९,५९४,८७०,७९७
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी	४.१८	४७०,७१५,५६१	१४,४३८,९०७,७५६	४७०,७१५,५६१	१४,४३८,९०७,७५६
व्युत्पन्न वित्तीय उपकरण दायित्व	४.१९	९४६,९४६,९७२	१,२७१,००९,५२०	९४६,९४६,९७२	१,२७१,००९,५२०
ग्राहकबाट निक्षेप	४.२०	४२८,७०४,१०३,३२७	२७९,६००,२५९,१७८	४२६,३२५,४४६,१६१	२७६,९६४,९०९,६२३
तिर्न बाँकी सापट	४.२१	३,२८२,५४५,५९०	५,७४७,२३३,६४८	३,२८२,५४५,५९०	५,७४७,२३३,६४८
चालु आयकर दायित्व	४.९	२,८४७,१६१,६९४	२,३६४,७९८,६८२	२,७८८,१०२,४५२	२,२०३,८४०,३५३
व्यवस्थाहरु	४.२२	-	-	-	-
स्थगन कर दायित्व	४.१५	-	-	-	-
अन्य दायित्व	४.२३	१०,६१३,६१२,६२९	९,३०५,०६१,७०६	८,८०९,८८२,४८४	८,०८४,११९,३५२
निष्काशन गरिएका ऋणपत्र	४.२४	१२,१८१,५८९,४००	४,४९२,८६९,३४८	१२,१८१,५८९,४००	४,४९२,८६९,३४८
सहायक आवधिक दायित्व	४.२५	-	-	-	-
कुल दायित्व		**४७३,५४५,९४७,३९३**	**३२९,४७२,३२८,४३५**	**४६७,८२८,८५२,४८३**	**३२२,७९७,७६०,३९७**
पूँजी					
शेयर पूँजी	४.२६	३५,७७१,०५९,६५५	२३,७९५,७५३,३३९	३५,७७१,०५९,६५५	२३,७९५,७५३,३३९
शेयर प्रिमियम					-
सँचित मुनाफा	४.२७	४,१३२,००१,८१४	४,०२६,५०४,२६९	३,२४३,३६१,५६८	३,२३९,२२६,१७१
जगेडा तथा कोषहरु	४.२७	२०,३३९,५६३,६८९	१०,९९३,९९२,८४८	२०,०३९,२८९,२३६	१०,७०४,४८०,५६३
शेयरधनीहरुलाई बाँडफाँड योग्य पूँजी		**६०,२४२,६२५,१४८**	**३८,८१६,२५०,४५६**	**५९,०५३,७१०,४५९**	**३७,७३९,४६०,०७३**
गैर नियन्त्रित स्वार्थ		**६६९,४४३,६५०**	**५६२,०९२,२८२**		
कुल पूँजी		**६०,९१२,०६८,८०८**	**३९,३७८,३४२,७३८**		
कुल दायित्व तथा पूँजी		**५३४,४५७,२१६,२०१**	**३६८,८५०,६७१,१७३**	**५२६,८८२,५६२,९४२**	**३६०,५३७,२२०,४७०**
संम्भावित दायित्व तथा प्रतिवद्धता	४.२८	**९९,८५७,३८९,५६९**	**८२,६००,८७९,९२८**	**९९,८५७,३८९,५६९**	**८२,६००,८७९,९२८**
प्रति शेयर खुद सम्पत्ति				**१६५.०९**	**१५८.६०**

श्रावण १, २०७९ देखि ३१ आषाढ २०८० सम्मको नाफा/नोक्सानको एकीकृत विवरण (रकम रू.)

विवरण	नोट	समूह		बैंक	
		यस वर्ष	गत वर्ष	यस वर्ष	गत वर्ष
ब्याज आम्दानी	४.२९	४९,४९५,२९७,७६५	३०,०५०,०८०,०७५	४८,२९०,०७९,८०५	२९,०५८,३६७,०१३
ब्याज खर्च	४.३०	३१,८३३,३३५,२१२	१९,१३९,३०२,२३३	३१,१०३,०८८,७९१	१८,७६८,८११,३९९
खुद ब्याज आम्दानी		**१७,६६१,९६२,५४३**	**१०,९१०,७७७,८४२**	**१७,१०६,९९९,०१४**	**१०,२८९,५४५,६१४**
शुल्क तथा कमिशन आम्दानी	४.३१	२,९६४,२२६,२१२	२,६२८,२७७,९९४	२,७४४,१४२,०२३	२,२१७,८२७,८५५
शुल्क तथा कमिशन खर्च	४.३२	७१७,५४०,६७८	६४९,१५९,९६१	६८३,५७०,४१४	५३५,५१६,५०८
खुद शुल्क तथा कमिशन आम्दानी		**२,२४६,६८५,५३४**	**१,९७९,११८,०३३**	**२,०६०,५७१,६०९**	**१,६८२,११९,३४७**
खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी		**१९,९०८,६४८,०८७**	**१२,८८९,८९५,८७५**	**१९,१६७,५६२,६२३**	**११,९७१,८६६,९६१**
खुद व्यापारिक आम्दानी	४.३३	६२०,२२६,४८७	२५६,६२३,१८२	४७४,६०१,१९६	५९४,२०५,८८३
अन्य संचालन आम्दानी	४.३४	१९४,५९७,५४७	४९१,८७५,७४९	२१५,०२६,६२५	४७२,८४७,७९८
कुल संचालन आम्दानी		**२०,७२३,४७२,१३१**	**१३,६३८,३९४,८०६**	**१९,८५७,१९०,४४४**	**१३,०३८,९२०,६४२**
कर्जा तथा अन्य सम्पत्तिमा हानी/नोक्सानीको व्यवस्था/(फिर्ता)	४.३५	३,५०५,४१३,०४४	५१३,६६५,९६६	३,४२६,१३९,०६२	४६६,४३१,०८८
खुद संचालन आम्दानी		**१७,२१८,०५९,०८७**	**१३,१२४,७२८,८४०**	**१६,४३१,०५१,३८२**	**१२,५७२,४८९,५५४**
संचालन खर्च					
कर्मचारी खर्च	४.३६	४,५७५,४१२,५५८	३,६०४,२१८,४४४	४,२३४,४१७,८६३	३,२९०,७२५,८१२
अन्य संचालन खर्च	४.३७	१,९४५,५९०,१५८	१,५१७,१३१,५४५	१,८७५,३६१,३५१	१,४४६,८५८,५११
मूल्यह्रास र परिशोधन	४.३८	८२९,४०१,०१९	६७७,४९९,४७१	७९०,७७४,८७३	६४७,१३१,७०९
संचालन मुनाफा		**९,८६७,६५५,३५२**	**७,३२५,८७९,३८०**	**९,५३०,४९७,२९५**	**७,१८७,७७३,५२२**
गैर संचालन आम्दानी	४.३९	१७,१४९,९९२	६९,०९७,९१४	८,५२५,९३७	३,२६८,७७९
गैर संचालन खर्च	४.४०	२७३,६६२,२४८	१६४,४५७,३५३	२७३,४९९,०४३	१६४,४५७,३५३
आयकर अघिको मुनाफा		**९,६११,१४३,०१६**	**७,२३०,५१९,९४१**	**९,२६५,५२४,१८९**	**७,०२६,५८४,९४७**
आयकर खर्च/(आम्दानी)	४.४१				
चालु आयकर		२,८४९,९२४,८३०	२,३२६,४०२,७०४	२,७८८,१०२,४५२	२,१६५,५३२,७५८
स्थगन कर		(१८०,२६५,७४४)	(२३८,०९५,२७२)	(२१६,९३६,०५८)	(९८,१७२,५५४)
यस वर्षको मुनाफा		**६,९४१,४८३,९३०**	**५,१४२,२१२,५०९**	**६,६९४,३५७,७९५**	**४,९५९,२२४,७४३**
नाफा बाँडफाँड					
बैंकको शेयरधनी		६,८६२,९१४,५०८	५,०६६,३६५,२९१		
गैर नियन्त्रित स्वार्थ		७८,५६९,४२२	७५,८४७,२१८		
यस वर्षको मुनाफा		**६,९४१,४८३,९३०**	**५,१४२,२१२,५०९**	**६,६९४,३५७,७९५**	**४,९५९,२२४,७४३**
प्रति शेयर आम्दानी	४.४२				
आधारभुत प्रति शेयर आम्दानी				२२.०६	२०.८४
डाइलुटेड प्रति शेयर आम्दानी				२२.०६	२०.८४

श्रावण १, २०७९ देखि ३१ आषाढ २०८० सम्मको अन्य विस्तृत आम्दानीको एकीकृत विवरण (रकम रू.)

विवरण	नोट	समूह		बैंक	
		यस वर्ष	गत वर्ष	यस वर्ष	गत वर्ष
यस वर्षको मुनाफा		**६,९४१,४८३,९३०**	**५,१४२,२१२,५०९**	**६,६९४,३५७,७९५**	**४,९५९,२२४,७४३**
आयकर पछिको अन्य विस्तृत आम्दानी					
क) नाफा/(नोक्सान) मा पुनःवर्गीकरण गर्न नसकिने बुँदाहरु					
इक्विटी उपकरण लगानीलाई फेयर भेल्युमा मुल्याङ्कन गरिँदा भएका नाफा/(नोक्सान)	४.८	(१,१७४,१७९,५५७)	६,००८,८९७	(१,१७२,५२९,०५७)	१९,५४३,९९०
पुनः मुल्याङ्कनबाट भएका नाफा/(नोक्सान)			-		-
परिभाषित लाभ योजनाबाट विमाङ्कित नाफा/(नोक्सान)	४.२३	१९१,०१०,५५४	१२२,१०४,६०२	१९०,८७२,१९७	१२१,१९४,९१२
माथि उल्लेख गरिएका बुँदाको आयकर	४.१५	२१४,९९९,६६२	(३८,४३४,०५०)	२९४,४१७,०५८	(४२,२२१,६७)
नाफा/(नोक्सान) मा पुनःवर्गीकरण नगरिएका अन्य खुद विस्तृत आम्दानी		**(६८८,१६९,३४१)**	**८९,६७९,४४९**	**(६८७,१५९,८०३)**	**९८,५१७,२३२**
ख) नाफा/(नोक्सान) मा पुनः वर्गीकरण गरिएका वा गर्न सकिने बुँदाहरु					
नगद प्रवाहको हेजिङबाट भएको नाफा/(नोक्सान)					
विदेशी वितिमय संचालनको वित्तीय सम्पत्ति विनिमयबाट भएको सटही नाफा/(नोक्सान)					
माथि उल्लेख गरिएका बुँदाको आयकर					
नाफा/(नोक्सान) मा वर्गीकरण गरिएका					
नाफा/(नोक्सान) मा पुनः वर्गीकरण गरिएका वा गर्न सकिने अन्य खुद विस्तृत आम्दानी			-	-	
ग) इक्विटी तरिकाबाट लेखांकन गरिएको सम्बद्ध संस्थाको अन्य विस्तृत आम्दानीमा हिस्सा		**(६८८,१६९,३४१)**	**८९,६७९,४४९**	**(६८७,१५९,८०३)**	**९८,५१७,२३२**
यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी		**६,२५३,३१४,५८९**	**५,२३१,८९१,९५८**	**६,००७,१९७,९९३**	**५,०५७,७४१,९७५**
यस वर्षको कुल विस्तृत आम्दानी					
कुल विस्तृत आम्दानीको बाँडफाँड					
बैंकको इक्विटी शेयरधनी		६,१७४,९८६,९९९	५,१५८,२२६,६४१		
गैर नियन्त्रित स्वार्थ		७८,३२७,५९०	७३,६६५,३१७		
यस वर्षको कुल विस्तृत आम्दानी		**६,२५३,३१४,५८९**	**५,२३१,८९१,९५८**	**६,००७,१९७,९९३**	**५,०५७,७४१,९७५**

श्रावण १, २०७९ देखि ३१ आषाढ २०८० सम्मको एकीकृत नगद प्रवाह विवरण (रकम रू.)

विवरण	समूह		बैंक	
	यस वर्ष	गत वर्ष	यस वर्ष	गत वर्ष
संचालन गतिविधिबाट नगद प्रवाह				
ब्याज प्राप्ती	४१,४३५,७२९,१७१	२७,४१७,०८४,४१७	४०,२०३,४४३,३७४	२६,२८०,५३५,३९३
शुल्क तथा अन्य आम्दानी प्राप्ती	२,९३७,९८५,३२१	२,५२८,५५६,४७७	२,७४४,१४२,०२३	२,०७४,७३९,४६७
लाभांश प्राप्ती	-	-	-	-
अन्य संचालन गतिविधिबाट प्राप्ती	५८१,४००,२४५	८६६,३६७,४८५	५८०,३५५,४६५	८६६,३६७,४८५
ब्याज भुक्तानी	(३०,२००,७६१,८१३)	(१८,४८५,२९८,५९८)	(२९,९८१,९८२,४५१)	(१८,३२७,०४६,९९५)
कमिशन तथा शुल्क भुक्तानी	(६९३,५३८,७७५)	(५३५,५१६,५०८)	(६८३,५७०,४१४)	(५३५,५१६,५०८)
कर्मचारीलाई भुक्तानी	(३,४००,०१६,४५६)	(३,१६५,९१४,८८६)	(३,१०४,१६६,०२२)	(२,९०५,४३१,१८६)
अन्य खर्च भुक्तानी	(२,११५,९८५,९४४)	(१,७०१,२४४,३८१)	(२,०१०,७२७,५७९)	(१,४४८,३४९,९५८)
संचालन सम्पत्ति/दायित्वमा परिवर्तन अघिको नगद प्रवाह	**८,५४८,८११,७४०**	**६,९२४,०३४,००७**	**७,७४७,५०४,३९६**	**६,००५,१९२,९९८**
संचालन सम्पत्तिमा कमि/(वृद्धि)				
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दातमा कमी/(वृद्धि)	(६,७१८,१८४,८१७)	१३,४०५,२४५,९६९	(६,७१८,१८४,८१७)	१३,४०५,२४५,९६९
बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दातमा कमी/(वृद्धि)	(६६९,१९०,४५०)	-	(६६८,७२७,४५०)	-
अन्य व्यापारिक सम्पत्तिमा कमी/(वृद्धि)	(१४५,४७५,४३४)	(३०५,२०८,४५४)	-	-
बैंक तथा वित्तीय संस्थाहरुलाई दिइएको कर्जा तथा सापटीमा कमी/(वृद्धि)	१,२९८,४४२,८०२	(२९४,६७६,४८

जारी युद्धले सिर्जना गर्दै छ नयाँ विश्व व्यवस्था

चीनले आफूलाई केन्द्रमा राखेर वैकल्पिक विश्व व्यवस्था निर्माण गर्न कडा मिहिनेत गरिरहेको छ



● ब्रह्मा चेलानी

(चेलानी नयाँदिल्लीस्थित सेन्टर फर पोलिसी रिसर्चका रणनीतिक अध्ययनका प्राध्यापक हुन्)



गाजा र युक्रेन युद्धदेखि अमेरिका-चीनबीचको प्रतिस्पर्धासम्मका पछिल्ला प्रवृत्ति र घटनाक्रमले विश्व भूराजनीतिमा आधारभूत परिवर्तनको संकेत गर्छ। पश्चिम र उसका प्रतिद्वन्द्वी विशेषगरी चीन, रुस र इस्लामिक विश्वबीच दीर्घकालीन टकरावको बादल मडारिइरहेको देखिन्छ।

अहिलेको संकट, द्वन्द्व र युद्धले हालैका वर्षमा भूराजनीतिक परिदृश्यमा कति ठूलो परिवर्तन आएको छ भन्ने कुरालाई उजागर गर्छन्। महाशक्तिहरूको प्रतिद्वन्द्विता फेरि अन्तर्राष्ट्रिय सम्बन्धको केन्द्रबिन्दु बनेको छ। गाजा र युक्रेन युद्धले विश्वव्यापी विभाजनलाई बढावा दिइरहेको अहिलेको परिवेशमा नयाँ विश्व व्यवस्थातर्फ संक्रमणजस्ता अझ गहिरा भूराजनीतिक पुनर्संरचनाको काम चलिरहेको हुन सक्छ।

यी दुई युद्ध (गाजा र युक्रेन युद्ध)ले ताइबानमाथि तेस्रो युद्ध हुने जोखिम बढाएको छ। अमेरिकाले युक्रेन र इजरायलमा ठूलो परिमाणमा गोलाबारुद, बम, क्षेप्यास्त्र र अन्य हातहतियार पठाइरहेकाले अमेरिकी भण्डार घट्दै गएको कुरालाई कसैले पनि इन्कार गर्न सक्दैन। ताइबानलाई जनगणतन्त्र चीनमा एकीकरण गर्ने कुरालाई 'ऐतिहासिक मिसन' भन्ने सी जिनपिङका लागि यी युद्ध जति लामो समय चलिरहन्छन्, उति नै राम्रो हुन्छ। अमेरिकी राष्ट्रपति जो बाइडनले यो खतरा बुझेका छन्। त्यसैले उनी अहिले चीनसँगको तनाव कम गर्न खोजिरहेका छन्। एकपछि अर्का मन्त्रीलाई बेइजिङ पठाएर उनले नोभेम्बर १५-१७ मा सान फ्रान्सिस्कोमा हुने एसिया प्यासिफिक इकोनोमिक कोअपरेसन फोरममा सीसँग उच्चस्तरीय शिखर वार्ताको योजनाको पृष्ठभूमि तयार गरेका छन्। यो कुरा उल्लेखनीय छ। उनी र उनका जी-७ साझेदारहरूले चीनसँगको सम्बन्धलाई 'डिकपल' नभई 'डि-रिस्क' गर्न खोजेको बताएका छन्।

जे भए पनि यो प्रक्रियाले विश्वव्यापी वित्तीय व्यवस्थाका साथै लगानी र व्यापारको ढाँचालाई नयाँ आकार दिनेछ। व्यापार र लगानीको प्रवाहमा भइरहेको परिवर्तनले वर्तमान वैश्विक अर्थव्यवस्था दुई ब्लकमा विभाजित हुन सक्ने संकेत गर्छ। उदाहरणका लागि, अहिले चीनको व्यापार पश्चिमसँग भन्दा ग्लोबल साउथसँग बढी छ। यस आर्थिक विखण्डनको उच्च लागतका बाबजुद, चीनले आफ्नो भविष्यको जोखिम कम गर्न खोजिरहेको छ। उसले चुपचाप आफ्नो अर्थव्यवस्थाको ठूलो हिस्सालाई पश्चिमबाट अन्तै स्थानान्तरण गरिरहेको छ।

> अहिलेको संकट, द्वन्द्व र युद्धले हालैका वर्षमा भूराजनीतिक परिदृश्यमा कति ठूलो परिवर्तन आएको छ भन्ने कुरालाई उजागर गर्छन्। महाशक्तिहरूको प्रतिद्वन्द्विता फेरि अन्तर्राष्ट्रिय सम्बन्धको केन्द्रबिन्दु बनेको छ।

वर्तमान स्थितिका लागि संयुक्त राज्य अमेरिका स्वयं दोषी छ। चार दशकसम्म चीनको आर्थिक वृद्धिलाई सक्रिय रूपमा सहजीकरण गरेर अमेरिकाले आफ्नो अहिलेसम्मकै ठूलो प्रतिद्वन्द्वी खडा गर्न सघायो। चीनसँग हाल विश्वकै ठूलो तटरक्षक र नौसेना छ। र, उसले विश्वव्यापी वित्तीय प्रणाली र अन्तर्राष्ट्रिय संस्थाहरूमा पश्चिमी प्रभुत्वलाई स्पष्ट रूपमा चुनौती दिइरहेको छ। वास्तवमा, चीनले आफूलाई केन्द्रमा राखेर वैकल्पिक विश्व व्यवस्था निर्माण गर्न कडा मिहिनेत गरिरहेको छ।

वर्तमान प्रणालीलाई तटस्थजस्तो सुनिने 'नियममा-आधारित विश्व व्यवस्था' भन्ने गरिएको छ, तर यो निःसन्देह संयुक्त राज्य अमेरिकाकेन्द्रित छ। यो व्यवस्था जुन नियममा आधारित छ, ती नियम अमेरिकाले नै बनाएको र अन्य देशको आन्तरिक मामिलामा हस्तक्षेपलाई निषेध गर्नेजस्ता प्रमुख नियम र मूल्यबाट आफूलाई मुक्त राखेको विश्वास गरिन्छ। अन्तर्राष्ट्रिय कानुन शक्तिहीनहरूविरुद्ध शक्तिशाली हुन्छ, तर शक्तिशालीविरुद्ध शक्तिहीन देखिने गरेको छ।

जहाँसम्म वैकल्पिक विश्व व्यवस्था निर्माणको कुरा छ, वर्तमान द्वन्द्वग्रस्त विश्व वातावरणले चीनको पक्षमा राम्रो काम गर्न सक्छ। आखिर, अमेरिकी नेतृत्वको विश्व व्यवस्थालाई पनि त युद्धले नै जन्म दिएको हो। अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक र संयुक्त राष्ट्रसंघजस्ता संस्थाहरू युद्धकै परिणाम थिए र अमेरिकाको हितअनुरूप खडा भएका थिए। शान्तिकालमा यी संस्थालाई अर्थपूर्ण रूपमा सुधार गर्नु निकै कठिन साबित भएको छ।

यो कुरा संयुक्त राष्ट्रसंघका हकमा पनि सत्य हो, जुन अपरिवर्तनीय पतनको दिशामा देखिन्छ र अन्तर्राष्ट्रिय मामिलामा बढ्दो रूपमा सीमान्तकृत हुँदै गएको छ। संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्मा अवरोधका कारण संयुक्त राष्ट्रसंघको महासभामा थप जिम्मेवारी आइलागेको छ, जसकारण उसले 'मानवीय युद्धविराम' र इजरायली घेराबन्दी अन्त्यको आह्वान गर्नुपरेको छ। तर, सुरक्षा परिषद्को विपरीत महासभा आधारभूत रूपमा नै कमजोर छ। यसका प्रस्ताव कानुनी रूपमा बाध्यकारी हुँदैनन्। अमेरिकी नेतृत्वका संस्थाहरू कमजोर हुँदै जाँदा अमेरिकाको शक्ति पनि कमजोर हुँदै जान्छ। आफ्नो सैन्य, राजनीतिक र आर्थिक सहयोगका लागि अमेरिकामा निर्भर इजरायल र युक्रेनले समेत केही अवस्थामा अमेरिकाको सल्लाहलाई अस्वीकार गरेका छन्। अमेरिकाले गाजामा नागरिकको हताहती कम गर्न र आफ्नो सैन्य आक्रमणलाई कम गर्नेतर्फ कदम चाल्न दिएको सल्लाहलाई इजरायले अस्वीकार गरेको छ।

अमेरिकी अधिकारीले युक्रेनको प्रत्याक्रमणको योजना सैन्यशक्ति छिरलेका कारण असफल भएको दोषारोपण गरेका छन्। चीन र अमेरिकाबीचको प्रतिद्वन्द्विताले विश्वव्यापी पुनर्संरचनाबाहेक महत्त्वपूर्ण क्षेत्रीय परिवर्तनको पनि संकेत गर्छ। गाजामा लामो द्वन्द्वले ग्रेटर मिडल इस्टमा भूराजनीतिक पुनर्गठनलाई गति दिन सक्छ। इजिप्ट, इरान र टर्कीबाहेक यहाँका लगभग सबै प्रमुख शक्ति पश्चिम (विशेषगरी बेलायत र फ्रान्स)ले बीसौँ शताब्दीमा सिर्जना गरेका शक्ति हुन्। इजरायल युद्धले ग्यासको धनी कतारको भूराजनीतिक भूमिकालाई बलियो बनाइरहेको छ। कतार हमाससहित हिंसात्मक जिहादीलाई आर्थिक सहयोग गरेर दुर्नाम कमाइरहेको मुलुक हो। यदि यो द्वन्द्व गाजाभन्दा बाहिर फैलियो भने यसको भूराजनीतिक प्रभाव अझ दूरगामी र विस्तारित हुनेछ। त्यस अवस्थामा सबैभन्दा ठूलो घाटामा युक्रेन पर्न सक्छ।

युक्रेनका राष्ट्रपति भ्लोदोमिर जेलेन्स्कीले आफ्नो मुलुकलाई पश्चिमको सहयोग सबैभन्दा धेरै चाहिएको बखत नै गाजाको युद्धले उनीहरूको ध्यान रुसविरुद्धको युक्रेनी लडाइँबाट 'हटिसकेको' गुनासो गरेका छन्। रुसको बढ्दो सैन्यीकृत अर्थतन्त्र, चीनको सुस्त आर्थिक वृद्धि र ग्लोबल साउथको बढ्दो आर्थिक हैसियतलगायत शक्ति र प्रवृत्तिले अन्तर्राष्ट्रिय व्यवस्थामा आधारभूत रूपमै परिवर्तन गर्ने सम्भावना देखिएको छ। यसैबीच, विश्व बढ्दो असमानता, बढ्दो अधिनायकवाद, कृत्रिम बुद्धिमत्ताजस्ता परिवर्तनकारी प्रविधि, वातावरणीय ह्रास र जलवायु परिवर्तनको विकासक्रमसँग पनि जुधिरहेको छ। अब विश्व भूराजनीतिमा आधारभूत रूपले नै नयाँ सन्तुलन अपरिहार्य देखिन्छ। पश्चिम र उसका प्रतिद्वन्द्वी विशेषगरी चीन, रुस र इस्लामिक विश्वबीच दीर्घकालीन टकरावको बादल मडराइरहेको देखिन्छ।

- प्रोजेक्ट सिन्डिकेट

श्रावण १, २०७९ देखि ३१ आषाढ २०८० सम्म इक्विटीमा भएको परिवर्तनको विवरण
समूह

(रकम रू.)

विवरण	शेयर पूँजी	शेयर प्रिमियम	साधारण जगेडा कोष	सटही समीकरण कोष	नियामक कोष	फेयर भेल्यु कोष	संचित मुनाफा	अन्य कोष	गैर नियन्त्रित स्वार्थ	कुल शेयरधनी कोष
श्रावण १, २०७९ सालको मौज्दात	२३,७९५,७५३,३३९	-	६,३६८,८६४,९६२	२०३,८४५,५२०	१,५६१,२७७,९०७	१७८,३७९,३९५	४,०२६,५०४,२६९	२,६८१,६२५,०६४	५६२,०९२,२८२	३९,३७८,३४२,७३८
सुरुको मौज्दातको पुर्नस्थापना	-	-	(५,५००,६८७)	-	-	-	(२४,७१३,८३०)	(५५०,०६८)	(१९,६३२,१७६)	(५०,३९६,७६२)
यस वर्षको विस्तृत आम्दानी										-
यस वर्षको मुनाफा	-	-	-	-	-	-	६,८६२,९१४,५०८	-	७८,५६९,४२२	६,९४१,४८३,९३१
यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी										
इक्विटी उपकरण लगानीलाई फेयर भेल्युमा मुल्याङ्कन गरिदाँ भएका नाफा/(नोक्सान)	-	-	-	-	-	(८२१,६३६,८५२)	-	-	(२८८,८३८)	(८२१,९२५,६९०)
पुर्नः मुल्याङ्कनबाट भएका नाफा/(नोक्सान)	-	-	-	-	-					-
परिभाषित लाभ योजनाबाट बिमाङ्किक नाफा/(नोक्सान)							-	१३३,७०९,३४३	४७,००६	१३३,७५६,३४९
नगद प्रवाहको हेजिङबाट भएको नाफा/(नोक्सान)										-
बिदेशी बिनिमय संचालनको वित्तीय सम्पत्ति बिनिमयबाट भएको सटही नाफा/(नोक्सान)										-
यस वर्षको विस्तृत आम्दानी	-	-	-	-	-	(८२१,६३६,८५२)	६,८६२,९१४,५०८	१३३,७०९,३४३	७८,३२७,५९१	६,२५३,३१४,५९०
कोषमा सारिएको रकम										-
साधारण जगेडा कोष	-	-	१,३६०,३९१,८६०	-	-	-	(१,३६०,३९१,८६०)	-	-	-
सटही समिकरण कोष	-	-	-	४,६२५,११९	-	-	(४,६२५,११९)	-	-	-
संस्थागत सामाजिक उत्तरदायित्व कोष	-	-	-	-	-	-	(४२,८५३,४३१)	४२,७३६,६५८	(४०,९५०)	(१५७,७२३)
कर्मचारी प्रशिक्षण तथा दक्षता अभिवृद्धि कोष	-	-	-	-	-	-	(२५,४०६,७६१)	२५,४०६,७६१	-	-
नियामक कोष	-	-	-	-	१,९३३,३७९,२२९	-	(१,९०४,०७४,०३२)	(२९,३०९,४८१)	९,७६६,६५७	९,७६२,३७३
ऋणपत्र फिर्ता कोष	-	-	-	-	-	-	(४४५,७२३,६८४)	४४५,७२३,६८४	-	-
ग्राहक संरक्षण कोष	-	-	-	-	-	-	(६४७,९३७)	(२,६६१,९५२)	(४७९,३०२)	(३,७८९,१९१)
व्याज पूँजीकृत कोष							(१६,३६०,१६४)	१६,३६०,१६४		-
कोषबाट फिर्ता गरिएका रकम									-	
लगानी समायोजन कोष	-	-	-	-	-	-	३९७,०००,०००	(३९७,०००,०००)	-	-
अन्य कोष	-	-	-	-	-	-	२६,६१८,५४९	(२६,६१८,५४९)	-	-
पूँजीगत जगेडा कोष							१६४,०७५	(१६४,०७५)		
सिधै इक्विटीमा देखाइएको शेयरधनी सँगको कारोबार										
मर्जरबाट स्थानन्तरण	११,२६१,४३३,७१७	-	३,७५०,१५९,९७८	१२२,६९०,०८७	६८४,७८७,७७९	१,१३९,२९७,२४३	(८६,७४४,०४८)	९६९,८२४,५९९	६२,२५९,४२७	१७,९०३,७०८,७८२
शेयरधनीलाई लाभांश										
बोनस शेयर	७१३,८७२,६००	-	-	-	-	-	(७१३,८७२,६००)	-		-
नगद लाभांश	-	-	-	-	-	-	(२,५५५,८६६,१२१)	-	(२२,८४९,८७८)	(२,५७८,७१६,०००)
आषाढ २०८० को अन्त्य मौज्दात	३५,७७१,०५९,६५५	-	११,४७३,८३६,११२	३३१,१६०,७२६	४,१७९,४४४,९१५	४९६,०३९,७८६	४,१३२,००१,८१४	३,८५९,०८२,१४८	६६९,४४३,६५१	६०,९१२,०६८,८०८

श्रावण १, २०७९ देखि ३१ आषाढ २०८० सम्म इक्विटीमा भएको परिवर्तनको विवरण
बैंक

(रकम रू.)

विवरण	शेयर पूँजी	शेयर प्रिमियम	साधारण जगेडा कोष	सटही समीकरण कोष	नियामक कोष	फेयर भेल्यु कोष	संचित मुनाफा	अन्य कोष	कुल शेयरधनी कोष
श्रावण १, २०७९ सालको मौज्दात	२३,७९५,७५३,३३९	-	६,२५०,६१०,१७१	२०३,८४५,५२०	१,५०२,६४२,२००	१७९,७१०,६४४	३,२३९,२२६,१७१	२,५६७,६७२,०२७	३७,७३९,४६०,०७२
यस वर्षको विस्तृत आम्दानी									
यस वर्षको मुनाफा							६,६९४,३५७,७९५		६,६९४,३५७,७९५
यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी									-
इक्विटी उपकरण लगानीलाई फेयर भेल्युमा मुल्याङ्कन गरिदाँ भएका नाफा/(नोक्सान)						(८२०,७७०,३४०)			(८२०,७७०,३४०)
पुर्नः मुल्याङ्कनबाट भएका नाफा/(नोक्सान)									-
परिभाषित लाभ योजनाबाट बिमाङ्किक नाफा/(नोक्सान)								१३३,६१०,५३८	१३३,६१०,५३८
नगद प्रवाहको हेजिङबाट भएको नाफा/(नोक्सान)									-
बिदेशी बिनिमय संचालनको वित्तीय सम्पत्ति बिनिमयबाट भएको सटही नाफा/(नोक्सान)									-
यस वर्षको विस्तृत आम्दानी	-	-	-	-	-	(८२०,७७०,३४०)	६,६९४,३५७,७९५	१३३,६१०,५३८	६,००७,१९७,९९३
कोषमा सारिएको रकम									
साधारण जगेडा कोष			१,३३८,८७१,५५९				(१,३३८,८७१,५५९)		-
सटही समिकरण कोष				४,६२५,११९			(४,६२५,११९)		-
संस्थागत सामाजिक उत्तरदायित्व कोष							(४२,३९३,६९३)	४२,३९३,६९३	-
कर्मचारी प्रशिक्षण तथा दक्षता अभिवृद्धि कोष							(२५,४०६,७६१)	२५,४०६,७६१	
नियामक कोष					१,९०९,१७२,४१५		(१,९०९,१७२,४१५)		
ऋणपत्र फिर्ता कोष							(४४५,७२३,६८४)	४४५,७२३,६८४	-
व्याज पूँजीकृत कोष							(१६,३६०,१६४)	१६,३६०,१६४	
कोषबाट फिर्ता गरिएका रकम									-
लगानी समायोजन कोष							३९७,०००,०००	(३९७,०००,०००)	-
अन्य कोष							२६,६१८,५४९	(२६,६१८,५४९)	-
पूँजीगत जगेडा कोष							१६४,०७५	(१६४,०७५)	-
सिधै इक्विटीमा देखाइएको शेयरधनी सँगको कारोबार									-
मर्जरबाट स्थानन्तरण	११,२६१,४३३,७१७		३,७३८,७४०,६५४	१२२,६९०,०८७	७०३,९०१,५१७	१,१३७,९६५,९९४	(९५,२२९,१७३)	९५९,८९९,४५२	१७,८२९,४०२,२४८
शेयरधनीलाई लाभांश									
बोनस शेयर	७१३,८७२,६००						(७१३,८७२,६००)		-
नगद लाभांश							(२,५२२,३४९,८५४)		(२,५२२,३४९,८५४)
आषाढ २०८० को अन्त्य मौज्दात	३५,७७१,०५९,६५५	-	११,३२८,२२२,३८४	३३१,१६०,७२५	४,११५,७१६,१३३	४९६,९०६,२९८	३,२४३,३६१,५६८	३,७६७,२८३,६९५	५९,०५३,७१०,४५९

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त
EUROMONEY AWARDS FOR EXCELLENCE 2022 NEPAL BEST BANK
IFM BEST INTERNET BANK NEPAL AWARDS 2016
The Banker Bank of the Year 2014 NEPAL

सम्बन्ध सुधारको मार्गमा चीन र अमेरिका

सैन्य सञ्चार ब्युँताउन दुवै देश सहमत



क्यालिफोर्नियामा अमेरिकी राष्ट्रपति जो बाइडेनसँग चिनियाँ राष्ट्रपति सी जिनपिङ (बायाँ)। तस्बिरः रोयटर्स।

न्युयोर्क/ चीन र अमेरिका फेरि सैन्य सञ्चार ब्युँताउन सहमत भएका छन्। अमेरिकी राष्ट्रपति जो बाइडेन र चीनका राष्ट्रपति सी जिनपिङबीच भएको शिखर सम्मेलनमा बाइडेन र सी सैन्य सञ्चार पुनः स्थापना गर्न सहमत भएका हुन्। तत्कालीन अमेरिकी सभामुख न्यान्सी पेलोसीले ताइबानको भ्रमण गरेपछि चीनले सन् २०२२ को जुनमा अमेरिकासँगको सैन्य सञ्चार तोडेको थियो। विश्वको सबैभन्दा ठूलो अर्थतन्त्र भएका यी दुई मुलुकबीचको बढ्दो तनावलाई द्वन्द्वमा परिणत हुनबाट रोक्ने उद्देश्यले दुई नेताबीच ऐतिहासिक क्यालिफोर्निया एस्टेटको एक बगैंचामा शिखर वार्ता भएको थियो। उनीहरूबीच चीनले अमेरिकामा घातक महामारीका लागि जिम्मेवार औषधि फेन्टेनाइलको उत्पादनमाथि रोक लगाउनेबारे पनि उनीहरू सहमत भएका छन्।

शिखर सम्मेलनमा आफूहरूबीच भएको छलफलसृजनात्मक भएको बाइडेनले बताए 'हामीले गरेका छलफलहरूमध्ये पछिल्ला छलफल सबैभन्दा सिर्जनात्मक र उपलब्धिमूलक भएको मेरो विश्वास छ' बैठकपछि राष्ट्रपति बाइडनले भने, 'हामीले केही महत्वपूर्ण प्रगति हासिल गरेका छौं।'

सन् २०११ देखि नै राष्ट्रपति सीलाई चिनेको उल्लेख गर्दै बाइडेनले एक पत्रकार सम्मेलनमा भने, 'हामीले अहिलेसम्मै सबैभन्दा रचनात्मक र फलदायी वार्ता गरेका छौं।' आकस्मिक द्वन्द्वमा नफसियोस् भनेर चीनसँग 'जिम्मेवारीपूर्वक' प्रतिस्पर्धा गर्ने उनले बताए। उनले भविष्यमा कुनै पनि वेला बाइडेनसँग वार्ता गर्ने बताए। 'हामी कुनै पनि वेला वार्ता गर्नेछौं। हाम्रो कुरा तुरुन्तै सुनिनेछ भन्नेबारे हामी सहमत भएका छौं,' राष्ट्रपति बाइडेनले भने। उनका अनुसार सम्भावित द्वन्द्वबाट बच्न उच्चस्तरीय अमेरिका-चीन सैन्य सञ्चार पुनः स्थापना गर्न 'आलोचनात्मक रूपमा महत्त्वपूर्ण' थियो। दुवै पक्ष कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स) का साथै आगामी महिना दुबईमा हुने कोप २८ शिखर सम्मेलनअघि जलवायु परिवर्तनसम्बन्धी सहयोगलाई अझ गहिरो बनाउन सहमत भएका छन्।

त्यसअघि राष्ट्रपति सीले अमेरिका र चीनबीचको सम्बन्ध कहिल्यै पनि सहज नभएको बताएका थिए। तर, दुई देशबीच पिठिउँ फर्काउने विकल्प नरहेको बताएका थिए।

सो अवसरमा चीनका राष्ट्रपतिले चीन र ताइबानको 'पुनः एकीकरण' रोक्न नसकिने भन्दै बाइडेनलाई ताइबानलाई हतियार आपूर्ति रोक्न आग्रह गरेका थिए। सन् २०२२ नोभेम्बरमा बालीमा वार्तामा सहभागी भएयता यी दुई नेताबीच भेट भएको थिएन। यसै वर्षको फेब्रुअरीमा अमेरिकाले कथित चिनियाँ जासुसी बेलुनलाई गोली हानेपछि दुई मुलुकबीचको सम्बन्ध चिसिएको थियो।


अमेरिकाको 'साझेदार मित्र' बन्न चीन तयार

चीनका राष्ट्रपति सी जिनपिङले अमेरिकाको साझेदार मित्र बन्न बेइजिङ तयार रहेको बताएका छन्। चीनको सुस्त अर्थतन्त्रप्रति चिन्ता बढिरहेका वेला राष्ट्रपति सीले अमेरिकी व्यापारिक नेताहरूसँग उक्त धारणा राखेका हुन्। 'यदि एउटा मुलुकले अर्को मुलुकलाई प्रमुख प्रतिस्पर्धी र सबैभन्दा परिणाममुखी भूराजनीतिक चुनौतीको रूपमा हेर्छ भने यसले गलत नीति निर्माण, भ्रमपूर्ण कार्य र अवाञ्छित परिणाम मात्र निम्त्याउनेछ,' एसिया-प्रशान्त आर्थिक सहयोग (एपिइसी) शिखर सम्मेलनका क्रममा एक रात्रिभोजमा राष्ट्रपति सीले भने। राष्ट्रपति सीको उक्त टिप्पणी अमेरिकी राष्ट्रपति जो बाइडेनसँग भएको बहुप्रतीक्षित वार्ताको केही घन्टापछि आएको हो। करिब एक वर्षपछि पहिलोपटक भएको भेटमा उनीहरूले दुई देशबीचको तनावलाई कम गर्ने वाचा गरेका छन्।

'हामीले धेरैभन्दा धेरै पुल बनाउनुपर्छ र जनता-जनताबीच कुराकानी गर्नका लागि अधिक सडक बनाउनुपर्छ,' करिब चार सय व्यापारिक नेता, सरकारी अधिकारी र शिक्षाविदहरूको उपस्थितिमा चिनियाँ राष्ट्रपति सीले भने, 'हामीले विभिन्न अवरोध सिर्जना गर्नु हुँदैन वा भयावहको प्रभाव सिर्जना गर्नु हुँदैन।' सो अवसरमा एप्पलका प्रमुख कार्यकारी अधिकृत टिम कुक, ब्ल्याकरकका लरेन्स फिंक र पिफाइजरका प्रमुख कार्यकारी अधिकृत अल्बर्ट बुर्ला थिए। चीनको कडा व्यापारिक निगरानी र द्विपक्षीय तनावको चिन्तालाई ध्यानमा राख्दै अमेरिका-चीन व्यापार परिषद् र अमेरिका-चीन सम्बन्धको राष्ट्रिय समितिले आयोजना गरेको कार्यक्रममा सीको टिप्पणीलाई ध्यानपूर्वक हेरिएको थियो। अमेरिकी कम्पनीहरूले तीव्र रूपमा चीनमा लगानी गर्नबाट पन्छिरहन खोजेसँगै सेप्टेम्बरमा चीनमा विदेशी व्यापारको विश्वास वर्षौंको सबैभन्दा तल्लो स्तरमा पुगेको अमेरिकी र युरोपेली उद्यमीले बताएका छन्।

इतिहासमा आज

नोभेम्बर १७



सन् १८६९ : युरोप र एसियालाई पानीजहाजविना जोड्ने स्वेज नहरको निर्माण कार्य सन् १८६९ मा सम्पन्न भएको थियो। रेड सी र भूमध्यसागरलाई जोड्ने सो नहर निर्माण गर्न १० वर्ष लाग्यो।

सन् १९७३ : एथेन्स पोलिटेक्निक क्रान्ति भएको थियो। एथेन्समा तत्कालीन सेनाको जुन्ता सरकारविरुद्ध सन् १९७३ को १४ नोभेम्बरमा पोलिटेक्निक क्याम्पसका विद्यार्थीले आन्दोलन सुरु गरेका थिए। १७ नोभेम्बरमा ट्यांकसहित क्याम्पस पुगेको सेनाले अन्धाधुन्द लाठी प्रहार गऱ्यो। क्रान्तिको स्मरणमा अहिले पनि हरेक नोभेम्बर १७ मा देशमा विभिन्न कार्यक्रम मनाइन्छ।

सन् १९७३ : वाटरगेट काण्डका सन्दर्भमा आजकै दिन तत्कालीन अमेरिकी राष्ट्रपति रिचार्ड निक्सनले पत्रकार सम्मेलन गरी आफू निर्दोष भएको बताएका थिए।

सन् १९८९ : बर्लिनको पर्खाल ढलेको एक सातापछि चेक गणतन्त्रको राजधानी प्रेगमा विद्यार्थीको विशाल प्रदर्शन। अन्तर्राष्ट्रिय विद्यार्थी दिवसको स्मरणमा गरिएको प्रदर्शनलाई प्रहरीले हस्तक्षेप गरेको थियो। हस्तक्षेपको विरोधमा भएको देशव्यापी आमहड्तालपछि पूर्वचेकोस्लाभियामा कम्युनिस्ट सत्ता ढलेको थियो।

पूर्वाधार परियोजनामा सुशासन

सार्वजनिक क्षेत्रबाट निर्माण हुने परियोजनामा प्रभावकारी अनुगमन र निजी क्षेत्रबाट सञ्चालन हुने आयोजनामा नियमन तथा प्रवर्द्धनले सुशासनको स्तर उकास्न सक्छ



● गोपीनाथ मैनाली

अग्रलेख

परियोजना व्यवस्थापन सतही रूपमा गरिने काम होइन। यो अर्थराजनीतिक विषय मात्र पनि होइन, सामाजिक वास्तविकता, वातावरणीय संवेदनशीलता र भविष्यपरक दृष्टिकोण एकसाथ चाहिने विषय हो। यो मुलुक र जनताको भविष्य निर्माणको प्रक्रिया हो।

पूर्वाधार परियोजना सुशासन र समृद्धिको आधार हो। यसले अर्थतन्त्रलाई गतिशील बनाउने, उत्पादन तथा उपभोग केन्द्रलाई जोड्ने, अर्थतन्त्रको लागत संरचना घटाउने, सम्भावनाको उपयोग गराउने र अतिरिक्त सम्भावना दोहनको आधार दिने गर्छ। विकासको शैशवावस्थामा रहेका मुलुकलाई 'टेक अफ' चरणमा पुऱ्याउने भऱ्याङ पनि यही हो। त्यसैले, यो विकासको कार्यमूलक सर्त वा काट्ने धार हो। सिंगापुर, जापान, युरोप, अमेरिका, अस्ट्रेलिया, दक्षिण कोरिया, रुसलगायत मुलुकलाई विकासको शीर्षमा पुऱ्याउन र मलेसिया, चीन, भारतलगायत देशलाई उदीयमान बनाउन पूर्वाधार संरचनाले नै मुख्य भूमिका खेलेका छन्। यसैका कारण उन्नाइसौँ शताब्दी युरोपको, बीसौँ र एक्काइसौँ शताब्दी अमेरिकाको बन्न पुग्यो। सन् २०५० पछि एसियाको शताब्दी बन्छ भने त्यसको आधार पनि पूर्वाधार आयोजना नै हुनेछन्। विकासको सुरुवाती चरणले पूर्वाधारको प्राथमिकता माग्छ र रूपान्तरणको जग बसेपछि प्राथमिकता बदलिने गर्छन्। नेपालले पनि पहिलोदेखि पन्ध्रौँ योजनासम्म पूर्वाधारलाई उच्च प्राथमिकता दियो।

पूर्वाधार परियोजनाविद् जेफ्री डेल्मनका अनुसार कमजोर पूर्वाधार परियोजनाले राष्ट्रिय आर्थिक वृद्धि तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धालाई साघुऱ्याउँछ। अपर्याप्त पूर्वाधारले कमजोर जीवनस्तर, रोग र मृत्युलाई समेत प्रतिनिधित्व गर्छ। पूर्वाधार संरचनाले आर्थिक बृद्धिलाई सहज बनाई गरिबी घटाउन र आधारभूत सेवा प्रवाह गर्न सजिलो पार्छ। नेपालजस्ता मुलुकको समृद्धि र रूपान्तरणको अभीष्ट पूर्वाधार परियोजनाले रणनीतिक आधार दिन सक्छन्। तर, यस्ता परियोजनामा सुशासन भएन भने स्रोत, साधन र समय मात्र खेर जाने होइन, जैविक विविधताका विनाश र वातावरणीय सन्तुलन गुम्छ र विकास संस्कृति बिथोलिई नागरिक तहमा वितृष्णा उत्पन्न हुन्छ।

त्यसैले, परियोजना व्यवस्थापनका चरण आवश्यकता पहिचान, विस्तृत अध्ययन र विकास, साधन विनियोजन र स्वीकृति, कार्यान्वयन र अनुगमन तथा सिर्जित लाभ वितरणमा स्थापित मान्यता सावधानीसाथ लिइनुपर्छ। परियोजना व्यवस्थापनमा सुशासन भनेको यसका सबै चरण प्राविधिक रूपमा अनुशासित र विधिसम्मत हुनु हो, पैसाको मूल्य सिद्ध गर्नु हो, समयमै कार्यसम्पन्न गर्नु हो, यसले उत्पादन गरेका अवसरको न्यायपूर्ण वितरण गर्नु हो। झट्ट सुन्दा सामान्य लागे पनि असल संस्कार नबसेको राजनीति, व्यावसायिक सदाचारिता नभएको प्रशासन, म्यानुपुलेटिभ दक्षता देखाउने निजी क्षेत्र र नकारात्मक सोच भएको समाजमा यो काम निकै जटिल हुन्छ। नेपाल यसको अपवाद होइन। भुल्न नहुने कुरा परियोजना सुशासन नीति, विधि र संरचनाले मात्र दिन सक्दैन, व्यवहार र आचरणका पक्ष भन्ने महत्त्वपूर्ण हुन्छन्।

नेपालको पूर्वाधार परियोजनामा सुशासन छैन। सरकारी प्रकाशन, निगरानी निकायका प्रतिवेदन, सर्वसाधारणको अनुभूति र राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय अध्ययन प्रतिवेदनले यसैलाई सिद्ध गर्छ। सुशासन स्तर कमजोर हुनुमा केही सवाल देखिएका छन्।

पहिलो सवाल, आयोजनाको पूर्वतयारी अवस्था निकै कमजोर छ, जसले कार्यान्वयनलाई गम्भीर समस्यामा पार्ने गर्छ। जस्तो कि निर्माणस्थल विवाद, डिजाइनको अनुपयुक्तता, लाभग्राही समुदायकै अवरोध आदि। दोस्रो, पूर्वाधार संरचना निर्माणमा अत्यधिक राजनीतीकरण भएको छ। राजनीतिक दल, चाख समूह, विकास साझेदार र उभय पक्षबाट पनि राजनीति हुँदै आएको छ। अरुण, मेलम्ची, पश्चिम सेती, एमसिसी यसका उदाहरण हुन्। विकासका लागि राजनीति गर्नुपर्नेमा विकास राजनीतिबाट गिजोलिएको छ। परियोजना र यसबाट लाभ पाउने वर्गले असरको भार बोक्दै आएका छन्। तेस्रो, जग्गा प्राप्ति, पुनर्वास र पुनर्स्थापनामा यति ठूलो समस्या देखिएको छ कि यसले परियोजनाको लागत बढाउने, भ्रष्टाचार निम्त्याउने गरेको छ। जग्गा प्राप्ति नहुँदा आयोजना, लाभग्राही र सरकार तीनै पक्ष प्रभावित छन्। कतिपय परियोजनाको लागतकै हाराहारीमा जग्गा प्राप्ति र पुनर्स्थापना खर्च देखिएको छ। परियोजनाका लागि प्राप्ति गरिएका जग्गा समयमै नामसारीजस्तो सामान्य काम पनि नगरिएकाले प्रत्येक ठूला परियोजनाको जग्गा व्यवस्थापनले धेरै ललितानिवास प्रकरण दोहोऱ्याउने सम्भावना छ।

चौथो, निजी क्षेत्रबाट चाख देखाइएका ठूला आयोजनामा वित्तीय बन्दोबस्ती (फाइनान्सियल क्लोजर) नै समयमा नहुने, प्रवर्द्धकबीच विवाद देखिने र अन्ततः आयोजना बेवारिसे हुने गरेको छ। जस्तो कि, काठमाडौं-कुलेखानी-हेटौंडा सुरुङमार्ग। पाँचौं, ठूला परियाजनामा सञ्चालन मोडालिटीमा विवाद



देखिने गरेको छ। उदाहरणका लागि काठमाडौं-तराई द्रुतमार्गको निर्माण मोडालिटी विवाद निकै लामो अवधिसम्म रह्यो। बुढीगण्डकी, नौसलगाड (नलगाड), दोस्रो अन्तर्राष्ट्रिय विमानस्थललगायत आयोजनामा पनि मोडालिटीको अस्पष्टता देखियो।

छैटौं, निगरानी निकायको अति सक्रियताले परियोजनाको निर्णय र निर्माणमा ढिलाइ हुने गरेको छ। चमेलियामा विकास समिति र कृषि तथा जलस्रोत समितिको निर्देशनका कारण एक वर्ष काम रोकियो, कार्य लागत बढायो, समयमा उपलब्धि लिन सकिएन। अन्य निगरानी निकाय तथा आमसञ्चारले देखाउने अनपेक्षित सक्रियताले पनि परियोजना हैरानीमा छन्।

> परियोजनामा सुशासन नहुँदा स्रोत, साधन र समय मात्र खेर जाने होइन, जैविक विविधताको विनाश र वातावरणीय सन्तुलन गुम्छ अनि विकास संस्कृति बिथोलिई नागरिक तहमा वितृष्णा उत्पन्न हुन्छ

सातौं सवाल, प्रशासनिक ढिलासुस्तीमा देखिएको छ। कर्मचारीतन्त्रीय कार्यप्रणाली, जोखिम नलिने प्रवृत्ति, कार्यान्वयन कार्यतालिकाको अनवलम्बन, वैदेशिक सहयताका आयोजनामा शोधभर्नासँग सम्बन्धित सूचक (डिएलआई) अनुरूप कार्य गर्ने सीप तथा उत्साहको कमी देखिँदै आएका छन्। धेरै अधि सम्पन्न परियोजनाको रकम शोधभर्ना लिन सकिएको छैन। हालैका दिनमा छानबिन निकायबाट भएका अनुसन्धान, अभियोजनबाट जोखिमबाट पर सर्ने मनोविज्ञान बढेको छ। कर्मचारीको फेरबदल पनि उच्च छ। यसै पनि समयमै सम्पन्न हुने परियोजना करिब १६ प्रतिशत थिए, यी कारणले यो प्रतिशत भन्दा घट्दा जस्तो देखिएको छ।

आठौं सवाल, तहगत सरकारको कार्यक्षेत्रमा देखिएको छ। तीनै तहका सरकारले पूर्वाधार परियोजनामा उच्च चाख दिइरहेका छन्। रणनीतिक पूर्वाधारमा प्रदेशको संलग्नता छ, ससाना आयोजनामा संघ रमाउन थालेको छ। परियोजना हस्तान्तरण र कार्यक्षेत्र निर्धारण मार्गदर्शनको परिपालना छैन। स्रोतको दोहोरोपन र क्रियाकलाप खप्टाइ छ। सहकार्य/समन्वयका लागि संरचित अन्तरप्रदेश परिषद्, राष्ट्रिय समन्वय परिषद्, अन्तरसरकारी वित्त परिषद् र राष्ट्रिय योजना आयोगको अग्रसरता देखिएको छैन।

नवौं, कुन-कुन क्षेत्रमा कति आयोजना आवश्यक छन् भन्ने आकलनसहितको म्यापिङ नभएकाले परियोजनामा तदर्थ बढेको हो। कति सडक आवश्यक छ, त्यो कुन स्तरको भन्ने निर्धारण भएको छैन। पूर्व-पश्चिम समानान्तर पाँच संरचना आवश्यक हुन् कि दुई संरचनाबीच लिंकरोड बनाउने? काठमाडौं-हेटौंडा जोड्न पाँच संरचना आवश्यक हो? यस्तै पुल, विमानस्थल, टावर, प्रतिष्ठान, सिँचाइ, खेल मैदान, विद्युत् गृह, प्रसारण लाइनलगायतको आवश्यकता आकलन एवं चित्रांकन भएको छैन। निर्माणमा रहेका परियोजना पनि ननइन्जिनियरिङ छन्। निर्मित संरचनाको समयबद्ध मर्मत-सम्भार योजना छैन। संरचनाको निश्चित आयु हुन्छ र बीच-बीचमा पनि सामान्य मर्मत-सम्भारको आवश्यकता हुन्छ। संरचना थप्दै जाने तर मर्मत नहुने अवस्था रहेमा लगानीको प्रतिफल नआउने मात्र होइन, विकासले विनाश पनि निम्त्याउन सक्छ। आयोजनाबाट सिर्जित सम्पत्तिको सुरक्षाको सवालमा त सोचिएको नै छैन। राज्यको लगानीबाट केकति पूर्वाधार सम्पत्ति सिर्जना भएको छ, सोको अभिलेखन हुनुपर्थ्यो।

अर्को लगानी वा स्रोत विनियोजनसँग सम्बन्धित विषय परियोजना सुशासनको महत्त्वपूर्ण पक्ष हो। धेरै परियोजनामा थोरैथोरै लगानी भएकाले परियोजनाले साधन अभावको समस्या भोगिरहेका छन्। पचास करोड रुपैयाँ लागतको पुलमा पचास लाख मात्र विनियोजन भएपछि त्यो कहिले पूरा हुने? सडक पूर्वाधारमा मात्र वार्षिक ३१० खर्ब रुपैयाँजति लगानी आवश्यक छ। सिँचाइ, पुल, खानेपानी, विद्युत्, पार्क, विमानस्थल आदि सबैको आवश्यकता जोड निकै ठूलो हुन जान्छ, जसले सरकारलाई क्षमताबाट बाहिऱ्याउँदै लगेको छ। पूर्वाधार परियोजनाको क्षेत्रगत 'नर्म्स' नभएकाले कहीं चार किमिभन्दा कम दूरीमा पुल बनेका छन्, कहीं सय किमिमा पनि बनेका छैनन्। आयोजना निर्धारण र साधन विनियोजन सिद्धान्तमा नभई प्रभुत्वले निर्धारण गर्छ। प्रभुत्वशाली व्यक्ति भएका जिल्ला अन्यभन्दा भाग्यमानी ठहरिएका छन्। विकास असन्तुलित भएको छ।

के पूर्वाधार परियोजनाको एकल प्रदाता सरकार हो? वा यो उद्योग व्यवसाय पनि हो? निर्धारण भएको छैन। सरकार मात्र एकल परियोजना व्यवस्थापक बनेको छ, निजी क्षेत्रको परिचालन हुने गरी विश्वास जितिएको छैन। सार्वजनिक-निजी साझेदारीको नीति कानुनअनुरूप देखाउनलायक परियोजना विद्युत्मा बाहेक अन्यत्र देखिएको छैन। लगानी बोर्ड र अन्य औद्योगिक प्रवर्द्धन संयन्त्रको प्रभावकारिता छैन।

अनुगमन र सहजीकरणका सवाल पनि कम वजनदार छैनन्। सार्वजनिक क्षेत्रबाट निर्माण हुने परियोजनामा प्रभावकारी अनुगमन र निजी क्षेत्रबाट सञ्चालन हुने आयोजनामा नियमन तथा प्रवर्द्धनले सुशासनको स्तर उकास्ने थियो। सरकारी परियोजनामा निर्माण स्थल र एलाइनमेन्ट विवाद हुने गरेको छ। एलाइनमेन्ट विवादले जाजरकोट-दुनै सडकको काम दुई वर्ष रोकियो, मध्यपहाडी लोकमार्गको लम्बाइ एक हजार ५५१ बाट एक हजार ७७६ पुग्यो। गोरखा र तनहुँको विवादले निकै नजिक दुई पुल बने। रामेछापमा अर्कै स्थानमा पुल बन्यो। नुवाकोटमा नदी नै नभएको स्थानमा पुलमा रकम विनियोजन भयो। यी त सांकेतिक उदाहरण मात्र हुन्। परियोजनामा प्रभुत्व हाबी हुँदै जाँदा व्यवस्थापनको पक्ष तदर्थ बन्यो र सुशासन पाखा लाग्ने स्थिति आयो। खरिद कानुनलाई पनि समस्याको कारण देखाइएको छ। यी र यस्ता सवाल सम्बोधन गरेर नै परियोजनामा सुशासन कायम गर्न सकिन्छ।

(मैनाली नेपाल सरकारका पूर्वसचिव हुन्)

@mainaligopi

---

३ प्रश्न

साइबरविज्ञ
पूर्वडिआइजी
डा. राजीव सुब्बालाई



टिकटक बन्द गर्ने सरकारको निर्णयलाई कसरी हेर्नुभएको छ?

यो नतिजाबारे अध्ययन नै नगरी हतारमा गरिएको निर्णय हो। सरकारले सामाजिक सञ्जाल नियमन गर्न निर्देशिका ल्याई नै सकेको छ। अनि, 'आइटी' विधेयक संसद्मा विचाराधीन अवस्थामा छ। यस्तो अवस्थामा नियमन गर्नुको साटो अचानक टिकटक बन्द गर्ने निर्णय गर्नु आवश्यक थिएन।

टिकटकलगायत सामाजिक सञ्जाल सद्भाव खलबल्याउने कार्यमा कति जिम्मेवार हुन्छन्?

प्रविधिले सद्भाव बिगार्ने होइन। मानिसले दुरुपयोग गरेमा मात्र सद्भाव बिग्रने हो। यस्तो समस्या सबै सामाजिक सञ्जालमा हुन्छ। अनि के सबै सामाजिक सञ्जाल बन्द गर्दै जाने हो र? भ्रामक समाचार त ग्रिक, रोमन सिभिलाइजेसनमा पनि फैलाइन्थ्यो। साइबर अपराधमा टिकटकभन्दा फेसबुक, म्यासेन्जरको दुरुपयोग निकै अगाडि छ। यस्तोमा बन्द गर्ने होइन, नियमन, नियन्त्रण गर्ने हो। टिकटक बन्द हुनासाथ अहिले औंल्याइएको समस्या समाधान हुने होइन, अन्य प्लेटफार्ममा मानिसहरू डाइभर्ट हुने मात्र हो।

सामाजिक सञ्जालको नियमन कसरी हुन सक्छ?

यसका केही विधि हुन्छन्। पहिलो हो, नियम, कानुन केही नभए पनि प्लेटफार्म आफैंले स्वनियमन गर्नु। कतिपय सञ्जाल आफैंले सद्भाव बिगार्ने 'हेट स्पिच', अश्लील सामग्रीलगायतलाई हटाउने गर्छन्। दोस्रो, यस्ता प्लेटफार्म प्रयोग गर्ने सञ्चारमाध्यमलगायत संस्था आफैंले स्वनियमन गर्न सक्छन्। तेस्रो, व्यक्ति स्वयंले पनि अनुशासित भई स्वनियमन गर्न सक्छ। सरकारले नियमनकारी कानुन ल्याएर, दण्ड, जरिवाना गराएर तथा सचेतना फैलाएर पनि नियमन गर्न सक्छ।

प्रेरक प्रसंग

कोइलीको शुभ सन्देश

एक बिहान पूर्ण र अपूर्ण प्रातः भ्रमणका क्रममा जंगलतिर गए। शान्त जंगललाई चराचुरुंगीको चिर्बिराहटले मनमोहक बनाएको थियो। दुवै मित्र रमाउँदै जंगल घुम्दै थिए। नजिकैको रुखबाट कोइलीको कुहुकुहुको सुमधुर आवाज आयो।

पूर्ण र अपूर्ण दुवै अन्धविश्वासी थिए। उनीहरूलाई कोइलीको आवाज शुभ सन्देशले भरिएको हुन्छ भन्ने भ्रम थियो। दुवैले कोइलीको आवाज आआफ्ना लागि मंगलसूचक ठाने। पूर्णले भन्यो- कोइलीले मलाई शुभ सन्देश दिइरहेको छ। आज मलाई निकै ठूलो सफलता प्राप्त हुनेछ। अपूर्णले थप जोसिँदै भन्यो- कहाँ तिम्रा लागि शुभ सन्देश दिएको हुनु नि? उसले त मलाई पो मंगल सन्देश दिएको हो! मलाई आज धेरै धन प्राप्त हुनेछ। किनकि, म तिमीभन्दा बढी नै भाग्यशाली छु। बिहानबिहानै स्वच्छ मौसमको आनन्द उठाउनुको साटो पूर्ण र अपूर्ण तँ-तँ र म-म गर्दै झगडामा उत्रिए। कोइलीको आवाज दुवैले आफ्ना लागि शुभ सन्देश भएको भन्दै जिद्दी गरिरहे। भनाभन चर्किँदै गएपछि दुवै कुटाकुटमा उत्रिए। दुवै गम्भीर घाइते भए। घाइते अवस्थाका दुवैलाई स्थानीयले अस्पताल पुऱ्याए। अस्पतालमा डाक्टरले उनीहरूलाई यसरी घाइते हुनुको कारण सोधे। दुवैले पालैपालो घटनाको बेलिविस्तार लगाए। डाक्टरलाई घटनाबारे बताइसकेपछि उनीहरूले सोधे- अब तपाईं नै भन्नुहोस् त डाक्टरसाब, त्यो कोइलीले कसका लागि शुभ सन्देश दिएको थियो?



डाक्टर एकैछिन गम्भीर भए र हल्का मुस्कुराउँदै जवाफ दिए- हेर्नुहोस्, मेरो विचारमा कोइलीले मेरा लागि शुभ सन्देश दिएको थियो। उनीहरूले डाक्टरको भनाइको आशय बुझेनन्। उनीहरूले प्रश्न गरे- कसरी? डाक्टरले भने- तपाईंहरू यसरी घाइते भएर आएपछि मेरो मंगल भएन? मेरा लागि शुभ संकेत भएन? डाक्टरको जवाफ सुनेर दुवैले लाजले मुख रातो बनाए। उनीहरूले आफ्नो गल्ती थाहा पाए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सरकारको स्वागतयोग्य निर्णय

केही वर्षअघिसम्म क्रिकेट, फुटबल, तेक्वान्दो, उसुलगायत खेलमध्ये कुनचाहिँ नेपालको पहिलो प्राथमिकतामा पर्ने हो भन्नेमा अन्योल थियो। तर, अहिले स्पष्ट भएको छ, क्रिकेट नै नेपालीलाई विश्वासमु चिनाउने, नेपालीलाई गौरव दिलाउने खेल हो। नेपाल र युएइबीच मूलपानीमा सम्पन्न खेलमा झुम्मिएका दर्शकले पनि त्यही पुष्टि गरेका छन्। सरकारले हालै नेपालका तीन क्रिकेट रंगशालालाई राष्ट्रिय गौरवका आयोजनाअन्तर्गत काम अघि बढाउने निर्णय गरेको छ। यसले सम्पूर्ण क्रिकेटप्रेमीलाई खुसी दिलाएको छ। भौतिक पूर्वाधार विकासले मात्र खेलालाई पूर्णता दिँदैन। त्यसका लागि खेलाडीलाई प्रोत्साहन र उनीहरूलाई सहजतापूर्वक जीवनयापन गर्ने आधार पनि चाहिन्छ। त्यसका लागि कमसेकम सरकारले एक सयजना उदीयमान खेलाडीको भरणपोषणको जिम्मा लिनुपर्छ।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, जोरपाटी

पटकाको आतंक अति भयो

पहिले-पहिले सहरबजारमा तिहारमा पटका पड्काउनु सामान्य नै मानिन्थ्यो। तर, बिस्तारै प्रहरीले यसमा कडाइ गर्दै गएपछि राजधानी काठमाडौंलगायत सहरबजारमा तिहारको समयमा पटका पड्काउने क्रममा निकै कमी आएको थियो। तर, यसपालिको तिहारमा पटकाको आवाज अलि बढी नै सुनियो। यसरी पटका पड्काउँदा कुकुरलगायत घरपालुवा जनावरमा नकारात्मक प्रभाव परेको देखियो। त्यसैले, आगामी दिनमा यस विषयमा अलि ध्यान दिनुपऱ्यो।

● **गौरी केसी**
कुमारीगाल, काठमाडौं

टिकटक बन्द होइन, नियमन गर

सरकारले सामाजिक सञ्जाल टिकटक बन्द गरेको छ। टिकटकमा राखिएका कतिपय सामग्री आपत्तिजनक नभएका होइनन्। ती सामग्रीले कसैको चरित्रहत्या गर्ने, सामाजिक, धार्मिक तथा साम्प्रदायिक सद्भाव बिथोल्ने सम्भावना पनि नभएको होइन। तर, त्यसैलाई आधार बनाएर टिकटक बन्द गर्ने निर्णय गर्नुभन्दा पनि सरकारले त्यस्ता सामग्रीमाथि नियमन गर्न सक्नुपर्छ। साथै, त्यस्ता सामग्री राख्ने व्यक्तिलाई कडा कारबाही गरिनुपर्छ।

● **सुमित्रा विक**
सामाखुसी, काठमाडौं

गौतमको लेख पढेपछि ...

२६ कात्तिकको नयाँ पत्रिकामा पामिर गौतमको 'बाइडेन-सी शिखर वार्ता र चीन अमेरिका सम्बन्ध' शीर्षकको लेख पढें। जति कोसिस गरे पनि दुइटा सिंह एउटै जंगल र दुइटा तरबार एउटै म्यानमा रहन सक्दैनन्। दुई सिंहले सिकारबारे कुनै सम्झौता गरे पनि सिकारलाई त्यसबाट कुनै फाइदा हुँदैन। सिकारलाई त यसले वा उसले खान्छ, खान्छ। यो कुरा जेलेन्स्की र हमास दुवैसँग सोधे थाहा हुन्छ। गाजामा नरसंहार भइरहेको छ, तर चीनलाई त्यसको मतलब छैन। एउटा सिंहले अर्कालाई खान सकेजति खाऊ भनेर छोडिदिएको छ। जेलेन्स्की पनि यता जाऊँ कि उता जाऊँको स्थितिमा छन्। किसिन्जरलाई उनको र अहिलेको समयको अन्तरालमा ह्वांगहो र मिसिसिपीमा कति पानी बगिसकेको छ भन्ने सायद थाहा छैन।

चीन-अमेरिकाको द्वन्द्व अब विकल्प होइन, आवश्यकता भइसकेको छ। दुवै सिंह आपसमा नलडे पनि दुवैले आआफ्ना सिकार खान छोड्दैनन्। अरूको स्थिति त सिंहको पुच्छरमा बाँधिएको स्यालको जस्तो बाहेक केही छैन। दुई सिंहले लडाइँ गरे पनि स्याल नै पछारिन्छ र प्रेम गरे पनि स्याल नै पछारिन्छ। विश्वशान्तिमा यो मिलन र विछोडले केही प्रभाव पार्दैन। त्यसका लागि एक तेस्रो धारको अवश्यकता छ, जसरी कुनै समय तटस्थ राष्ट्र थिए। यो समय तटस्थता पटकै देखिएको छैन। खतरा यसैमा छ। सिंगापुर वा सन्फ्रान्सिस्को कहींको पनि वार्ताले अरूलाई फाइदा छैन।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

अदालतमा उजागर भएको गुगलको बदमासी

स्मार्टफोन र अन्य उपकरणमा 'डिफल्ट सर्च इन्जिन'का रूपमा आफूलाई सुरक्षित बनाउन गुगलले ठूलो रकम खर्चिंदै आएको छ



देश/विदेश

● जे ब्र्याडफोर्ड डिलोड

गुगलविरुद्ध चलिरहेको अदालती सुनुवाइ (एन्टिट्रस्ट ट्रायल) का क्रममा स्मार्टफोन र अन्य उपकरणमा 'डिफल्ट सर्च इन्जिन'का रूपमा आफूलाई सुरक्षित बनाउन गुगलले विभिन्न कम्पनीलाई ठूलो रकम भुक्तानी गर्दै आएको खुलेको छ। सन् २०२१ मा गुगलले यसका लागि २६ अर्ब डलर भुक्तानी गरेको थियो। जसमध्ये प्रमुख प्रविधि कम्पनी एप्पललाई मात्र १८ अर्ब डलर भुक्तानी गरेको देखिन्छ। पहिलेदेखि नै गुगलले ठूलो रकम भुक्तानी गर्छ भन्ने अनुमान भए पनि उसले भुक्तानीको तथ्यांकलाई गोप्य राख्दै आएको थियो, तर अहिले भने यसको खुलासा भएको छ।

आखिर गुगलले आइफोनलाई यति धेरै रकम किन भुक्तानी गर्छ? आइफोनमा 'गुगल सर्च इन्जिन' स्वतः डिफल्ट सर्च इन्जिनका रूपमा रहोस् भन्ने सुनिश्चित गर्न गुगलले एप्पललाई यति ठूलो रकम तिर्छ। जब तपाईं एक नयाँ आइफोन चलाउन थाल्नुहुन्छ, एप्पलले तपाईंलाई उसैको वेब ब्राउजर सफारीको छनोट गर्ने विकल्प दिनुपर्थ्यो, तर एप्पलले यसो गर्दैन। बरु यसले गुगललाई डिफल्ट सर्च इन्जिनका रूपमा देखाउँछ। उसो त प्रयोगकर्ताले एप्पलको सेटिङमा याहु, बिङ, डकडकगो वा इकोसियाजस्ता सर्च इन्जिनका विकल्प पनि रोज्न त सक्छन्, तर यी विकल्प बिरलै रोजिन्छन्। अर्थात् गुगल सर्च इन्जिनको विकल्पमा प्रयोगकर्ताले अन्य सर्च इन्जिन नरोजून् भन्ने प्रत्याभूतिका लागि गुगल कम्पनीले एप्पललाई अर्बौं डलर भुक्तानी गर्छ। यस मामिलामा विभिन्न दृष्टिकोण मौजुद छन्। कतिपयले गुगललाई गलत भनेर तर्क गर्न सक्छन् भने कतिपयले एप्पलतर्फ औंला ठड्याउन सक्छन्। एप्पलले प्रयोगकर्तालाई छनोटको अनुमति दिनुको सट्टा ठूलो रकम लिएर गुगललाई प्राथमिकता दिनुलाई अनुचित मान्न सकिन्छ। अर्कातर्फ आफू उत्कृष्ट सर्च इन्जिन हुँदाहुँदै पनि रकम तिर्नुपर्दा गुगल नै पीडितका रूपमा देखिन पनि सक्छ। आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्ने लक्ष्य राखेका कम्पनीले स्वाभाविक रूपमा गुगल रोज्छन्। गुगललाई निःशुल्क पूर्वनिर्धारित वा स्वाभाविक सर्च इन्जिन बनाउनुको साटो एप्पलले गुगललाई स्वाभाविक सर्च इन्जिन बनाएबापत ठूलो मात्रामा रकम असुल्छ। यो अवस्थामा एप्पलले अन्यको व्यापारलाई सीमित गर्न र प्रतिस्पर्धालाई विकृत गर्न आफ्नो दबदबा देखाएको भन्न पनि सकिन्छ।

एप्पल ठूलो लगानी र अनुपम रचनात्मकतामार्फत हार्डवेयर र सफ्टवेयर मूल्य शृंखला दुवैमा अग्रणी सेवा प्रदायक बनेको छ। एप्पलको प्रयासले बनेको आइओएस प्लेटफर्मले मानव मुक्तिका लागि आवश्यक एक प्रभावशाली शक्ति, सूचना, सञ्चार र मनोरञ्जन प्रविधिमा बहुमूल्य पहुँच प्रदान गरेको छ। यस्तो नवप्रवर्तनलाई आर्थिक पुरस्कारमा मात्रै सीमित गर्नु हुँदैन यी पुरस्कारले बृहत् उद्देश्य पनि पूरा गर्नुपर्छ। यिनले अन्य वर्तमान र भविष्यका नवप्रवर्तकलाई उत्पादन र सेवा सिर्जना गर्नमा ध्यान केन्द्रित गर्न प्रोत्साहन गर्नुपर्छ, जुन वास्तविक रूपमा उपयोगी छन्। यो विचार 'क्रिप्टोकरेन्सी ग्रिफ्ट'जस्ता सामाजिक रूपमा हानिकारक गतिविधि पछ्याउनेहरूको भन्दा विपरीत छ। एप्पलले एक उत्पादनका रूपमा आइफोन बेच्न सक्छ। तर, एप्पलले विभिन्न कम्पनीलाई आफ्ना प्रयोगकर्ताको ध्यानलाई ठूलो धनराशी लिएर बेच्न सक्छ। यस अर्थमा एप्पलले आफूले बेच्न सक्ने सेवा (प्रयोगकर्ताको ध्यान) का लागि किन पैसा नलिनु? तर केहिले प्रयोगकर्तालाई सर्च इन्जिनबीच निष्पक्षता



तस्बिर : बिटा ज्वार्जेल/रुरफोटो

प्रवर्द्धन गर्न विकल्प दिनुपर्छ भनेर पैरवी गर्न सक्छन्। यदि गुगलले सर्च इन्जिनको ६० प्रतिशत हिस्सा ओगट्छ भने बाँकी चार अन्य सर्च इन्जिनले १० प्रतिशत हिस्सा ओगट्छन्। तर, यदि पूर्ण रूपमा जानकारी नभएका वा साँच्चै ध्यान नदिने प्रयोगकर्ताले अन्जानमा निम्नस्तरको सेवा रोजे के हुन्छ? समग्र वास्तविक-विश्व प्रयोगकर्ता अनुभव अमूर्त 'बराबरीको प्रतिस्पर्धामा'को गर्तमा फस्नेछ।

यी प्रत्येक दलिललाई निःसन्देह तर्कका रूपमा प्रस्तुत गर्न सकिन्छ। उच्च पारिश्रमिक लिने वकिल र अर्थशास्त्रीलाई पहिले नै यी तर्कलाई जायज ठहऱ्याउन र समर्थन जुटाउन आवश्यक प्रमाण सिर्जना गर्न ठूलो मात्रामा रकम भुक्तान हुने गर्छ। कुन प्रमाण तथ्यनजिक छ वा अत्यधिक तर्कसंगत छ भन्ने पत्ता लगाउनु निकै अप्ठ्यारो काम हो। यो मामिला नै जटिल भएको अवस्थामा मानवीय ध्यानले कसरी काम गर्छ होला? र, कसले मानवीय ध्यानलाई आकर्षित गर्ने, निर्देशित गर्ने र प्रयोग गर्ने अधिकार पाउला?

आधुनिककालको प्रारम्भमा पोल्यान्डमा कुलीनसँग आफ्नो दासको निरीक्षण गर्ने र खेतमा यी दासको श्रमले उत्पादन गरेको सम्पत्तिबाट लाभ उठाउने अधिकार थियो। जब दास भाग्ने कोसिस गर्थे, तब कोस्याक लडाकुले तिनलाई खोज्थे र खोजेबापत केही रकम पुरस्कार पाउँथे। यस अर्थमा केही टिप्पणीकारले यो ऐतिहासिक परिस्थिति र हाम्रो वर्तमान युगको बीचमा समानतालाई एक ठाउँमा ल्याएर सम्भावित 'प्राविधि सामन्तवाद' भनेर व्याख्या गर्नु अस्वाभाविक होइन। स्मरण रहोस्, 'प्रविधि सामन्तवाद' शब्दावलीको प्रयोग ग्रिक अर्थशास्त्री यानिस भारुफाकिसले गरेका हुन्।

तर, मलाई यो शब्दावली भने उचित लाग्दैन, किनभने यसले ध्यान-सूचना अर्थतन्त्रले कसरी काम गर्छ भन्ने त्रुटिपूर्ण तुलनात्मक शब्दावलीको निर्माण गर्छ। मेरो समस्या भनेको मैले उपयुक्त बिम्बको सिर्जना गर्न सक्दिनँ। एक उपयुक्त बिम्बको सूत्रपात गर्दा नै हामीले निर्माण गरेको विश्वलाई व्याख्या गर्न सकिन्छ।

(डिलोड क्यालिफोर्निया विश्वविद्यालय बर्क्लेका अर्थशास्त्रका प्राध्यापक हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट


लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार १ मंसिर ०८०

बैंकले घटाउन थाले ब्याजदर

असोजयता घट्दोक्रममा निक्षेपको ब्याजदर, व्यक्तिगत मुद्दतीमा औसत ब्याजदर ९.७१% पुग्यो

पवन तिमिल्सिना/नयाँ पत्रिका



पवन तिमिल्सिना/नयाँ पत्रिका

वाणिज्य बैंकहरूले महिनैपिच्छे ब्याजदर घटाउन थालेका छन् । चालू आर्थिक वर्षको असोजयता निक्षेपको ब्याजदर घटाउँदै आएका बैंकहरूले मंसिरमा समेत ब्याजदर घटाएका छन् । भदौमा व्यक्तिगत मुद्दती निक्षेपतर्फ १०.३२ प्रतिशत औसत रहेको ब्याजदर मंसिरमा ९.७१ प्रतिशत कायम भएको हो । त्यस्तै, भदौमा संस्थागत निक्षेपको औसत ब्याजदर ८.२८ प्रतिशत रहेकोमा मंसिरमा ७.५४ प्रतिशत पुगेको हो ।

बिहीबार वाणिज्य बैंकहरूले मंसिर महिनाका लागि नयाँ ब्याजदर प्रकाशित गरेका छन् । जसअनुसार व्यक्तिगत मुद्दतीतर्फ १२ बैंकहरूले ब्याजदर घटाएका छन् भने दुई वाणिज्य बैंकहरूले बढाएका छन् । त्यस्तै, ६ वाणिज्य बैंकहरूको ब्याजदर स्थिर रहेको छ ।

व्यक्तिगत मुद्दतीमा ब्याजदर घटाउनेतर्फ एनआइसी एसिया, एनएमबि, नबिल, राष्ट्रिय वाणिज्य, नेपाल इनभेष्टमेन्ट मेगा, ग्लोबल आइएमई, हिमालयन, कृषि विकास, सानिमा, प्रभु, एभरेष्ट र नेपाल एसबिआई बैंक छन् । सबैभन्दा बढी ब्याजदर घटाउनेमा एनआइसी एसिया बैंक छ । एनआइसी एसियाले मंसिरका लागि ब्याजदर ८.९६८ प्रतिशत कायम गरेको छ । यो कात्तिकको तुलनामा २.०३५ प्रतिशत विन्दुका दरले कम हो । एनएमबि बैंकले व्यक्तिगत मुद्दतीतर्फको ब्याजदर १.२४३ प्रतिशत विन्दुले घटाएर ९.७६ प्रतिशत कायम गरेको छ ।

नबिल बैंकले ब्याजदर ०.९ प्रतिशत विन्दुका दरले घटाएर ९.१ प्रतिशत पुऱ्याएको छ । त्यस्तै, राष्ट्रिय वाणिज्य बैंकले ०.५ प्रतिशतले घटाए ९ प्रतिशत, नेपाल इन्भेष्टमेन्ट मेगा बैंकले ०.५ प्रतिशत विन्दुले घटाएर ९.५१ प्रतिशत, ग्लोबल आइएमई बैंकले ०.४ प्रतिशत विन्दुले घटाएर ९.६ प्रतिशत र हिमालयन बैंकले ०.४२७ प्रतिशत विन्दुका दरले घटाएर १०.६०३ प्रतिशत पुऱ्याएको छ । त्यस्तै, कृषि विकास बैंकले ब्याजदर ०.२४८ प्रतिशत विन्दुका दरले घटाएर ९.५१२ प्रतिशत पुऱ्याएको छ ।

सानिमा बैंक, प्रभु र एभरेष्ट बैंकको ब्याजदर एउटै छ । तीनवटै बैंकले ब्याजदर ०.२२४ प्रतिशत विन्दुका दरले घटाएर ९ प्रतिशत कायम राखेका छन् । नेपाल एसबिआई बैंकले भने ०.०९७ प्रतिशत विन्दुले घटाएर १०.६०३ प्रतिशत कायम राखेको छ । स्ट्यान्डर्ड चार्टर्ड र माछापुच्छ्रे बैंकले ब्याजदर बढाएका छन् । स्ट्यान्डर्ड चार्टर्ड बैंकले १.३८३ प्रतिशत विन्दुका दरले बढाएर १०.६०३ प्रतिशत र माछापुच्छ्रे बैंकले ०.६१३ प्रतिशत विन्दुले बढाएर १०.६०३ प्रतिशत कायम राखेको छ । नेपाल बैंक, सिटिजन्स इन्टरनेसनल, कुमारी, लक्ष्मी सनराइज, सिद्धार्थ बैंक र प्राइम कमर्सियल बैंकले ब्याजदर यथावत् राखेका छन् ।

■ १३ बैंकले घटाए संस्थागत निक्षेपमा ब्याजदर

हाल सञ्चालनमा रहेका २० वाणिज्य बैंकमध्ये १३ वाणिज्य बैंकले मंसिर महिनाका लागि संस्थागत निक्षेपको ब्याजदर घटाएका छन् । जसमध्ये सबैभन्दा धेरै ब्याजदर घटाउनेमा समेत एनआइसी एसिया बैंक नै छ । संस्थागत निक्षेपतर्फ ब्याजदर घटाउनेमा एनआइसी एसिया, एनएमबि, नबिल, राष्ट्रिय वाणिज्य, नेपाल इनभेष्टमेन्ट मेगा बैंक, ग्लोबल आइएमई, हिमालयन, स्ट्यान्डर्ड चार्टर्ड, कृषि विकास बैंक, सानिमा, प्रभु, एभरेष्ट र नेपाल एसबिआई बैंक छन् ।

मंसिरका लागि एनआइसी एसियाले ब्याजदर घटाएर ६.९६८ प्रतिशत, एनएमबिले ७.७६ प्रतिशत, नबिलले ७.१ प्रतिशत, राष्ट्रिय वाणिज्य बैंकले ७ प्रतिशत, नेपाल इनभेष्टमेन्ट मेगा बैंकले ७.५१ प्रतिशत, ग्लोबल आइएमईले ७.६ प्रतिशत, हिमालयन बैंकले ८.६०३ प्रतिशत, स्ट्यान्डर्ड चार्टर्ड बैंकले ५.२५ प्रतिशत र कृषि विकास बैंकले ७.५१२ प्रतिशत कायम राखेका छन् ।

सानिमा, प्रभु र एभरेष्ट बैंकले संस्थागत निक्षेपको ब्याजदर घटाएर ७ प्रतिशत कायम राखेका छन् । त्यस्तै, नेपाल एसबिआई बैंकले ८.६०३ प्रतिशत कायम राखेका छन् । ६ वाणिज्य बैंकहरूले कात्तिक महिनाकै ब्याजदरलाई निरन्तरता दिएका छन् भने माछापुच्छ्रे बैंकले ब्याजदर बढाएको छ । बढाएपछि माछापुच्छ्रे बैंकको ब्याजदर ८.६०३ प्रतिशत पुगेको छ ।

■ असोजयता घट्दै ब्याजदर

चालू आर्थिक वर्षको दोस्रो महिना अर्थात् भदौसम्म बढेको निक्षेपको ब्याजदर असोज लागेसँगै घट्दोक्रममा रहेको देखिएको छ । साउनमा व्यक्तिगत मुद्दतीतर्फको औसत ब्याजदर ९.८३४ प्रतिशत थियो भने संस्थागत निक्षेपमा ७.७३५ प्रतिशत थियो । भदौमा ब्याजदर बढेर व्यक्तिगततर्फ १०.३२५ प्रतिशत पुगेको थियो भने संस्थागततर्फ ८.२८ प्रतिशत पुगेको थियो । असोजसमा व्यक्तिगत मुद्दतीतर्फको ब्याजदर घटेर १०.२६ प्रतिशत आयो । कात्तिकमा यो ब्याजदर ९.९६ प्रतिशत कायम रहेकोमा मंसिरमा भने ९.७१ प्रतिशत पुगेको तथ्यांकले देखाएको छ । त्यस्तै, संस्थागत निक्षेपको ब्याजदरसमेत असोज लागेयता घट्दो क्रममा छ । असोजमा ८.२३९ प्रतिशत रहेको यस्तो ब्याजदर कात्तिकमा आइपुग्दा ७.८५ प्रतिशत पुगेको थियो । मंसिरमा आइपुग्दा यस्तो ब्याजदर घटेर ७.५४ प्रतिशत पुगेको छ ।

■ ब्याजदर घट्दा सस्तिँदै कर्जा

निक्षेपको ब्याजदरसँग बैंकहरूको आधारदरसँग प्रत्यक्ष सम्बन्ध रहन्छ । जसकारण निक्षेपमा ब्याजदर बढ्दा बैंकको लागत बढेसँगै आधारदरसमेत बढ्ने र घट्दा आधारदरसमेत घट्ने हुन्छ । घट्दोक्रममा रहेको निक्षेपको ब्याजदरको प्रभाव आधारदरमा देखिँदै आइरहेको छ । यद्यपि, मुद्दती निक्षेपको आयु समाप्त हुन तीन महिनादेखि एक वर्षभन्दा बढी समय लाग्ने भएकाले घटेको निक्षेपको ब्याजदरको लाभ ऋणीले लिन भने समय लाग्ने हुन्छ । त्यसैले असारको तुलनामा असोजसम्मको आधारदरमा औसतमा तुलनात्मक अन्तर देखिँदैन । गत असारसम्म १०.०५ प्रतिशत रहेको आधारदर असोजसम्म आइपुग्दा १० प्रतिशत मात्रै कायम छ । यद्यपि, ०७९ पुसको तुलनामा भने आधारदर भारी मात्रामा घटेको देखिन्छ । ०७९ पुससम्ममा १०.७६ प्रतिशत रहेको आधारदर ०८० असोजसम्म आइपुग्दा १० प्रतिशतमा झरेको छ । यसले घट्दो निक्षेपको प्रभाव कर्जाको ब्याजदरमा देखिएको हो ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

प्रविधिमाथि नै प्रतिबन्ध प्रत्युत्पादक : क्यान महासंघ

काठमाडौं/ सरकारले विनासुझबुझ सामाजिक सञ्जाल टिकटकमाथि प्रतिबन्ध लगाएको भन्दै कम्प्युटर एसोसिएसन नेपाल महासंघ (क्यान महासंघ)ले आपत्ति जनाएको छ । सरोकारवाला निकायसँग आवश्यक छलफल र परामर्श नै नगरी हठात् गरिएको निर्णयले समस्याभन्दा चुनौती थप्ने क्यान महासंघले ठहर गरेको छ ।

सूचना र सञ्चार प्रविधिको विकास र विस्तारले अवसर र चुनौती दुवै स्वाभाविक रूपमा आउने भए पनि सरकारले प्रविधिलाई समस्याका रूपमा हेरी निषेध गर्न खोजेको क्यान महासंघका अध्यक्ष रणजितकुमार पोद्दारले बताए । 'समस्या नियन्त्रणको नाममा प्रविधिमाथि नै प्रतिबन्ध लगाउन खोज्नुले सरकारको नियत छताछुल्ल भएको छ,' अध्यक्ष पोद्दारले भने, 'कन्टेन्ट नियमन गर्न पहलै नगरी प्लेटफर्ममाथि प्रतिबन्ध लगाउनु प्रत्युत्पादक हुन्छ ।' सूचना प्रविधिको विकासको गतिलाई रोकेर नरोकिने बताउँदै अध्यक्ष पोद्दारले यसको प्रयोगलाई व्यवस्थित गर्न राज्यले उचित ढंगले योजना ल्याउनुपर्नेमा जोड दिए ।

उनले भने, 'नेपालमा उपलब्ध सबैखाले सामाजिक सञ्जालको सुव्यवस्थित प्रयोगका लागि सरकारले विज्ञ टोलीमार्फत वार्ता तथा समन्वय गर्न क्यान महासंघ आग्रह गर्दछ । निजी क्षेत्रको हैसियतमा हामी आवश्यक जस्तोसुकै प्राविधिक सहकार्य गर्न तयार छौं ।'

क्यान महासंघका महासचिव चिरञ्जीवी अधिकारीले पछिल्लो समय नेपालमा टिकटक लोकप्रिय सामाजिक सञ्जालका रूपमा प्रयोग भइरहेकामा यसको उपयोगिता ख्याल नराखी सरकारले बन्द गर्ने निर्णय गरेको प्रतिक्रिया दिए । टिकटकलाई करको दायरमा ल्याई व्यावसायिक वातावरणमा सञ्चालन तथा नियमनको व्यवस्था गर्न सके देशको अर्थतन्त्रमा पनि सहयोग पुग्ने उनको तर्क छ ।

Rawa Energy Development Ltd.
रावा इनर्जि डेभलपमेन्ट लिमिटेड
का.म.पा-१०, काठमाण्डौं
(आयोजनाको नाम: माथिल्लो रावा खोला साना जलविद्युत आयोजना-३ मे.वा.)
वेव साईट: https: rawaenergy.com.np, इमेल: rawa.hydro@gmail.com

Unaudited Financial Reports (Quarterly)
As on 4th Quarter of Fiscal Year 2079-80

Statement of Financial Position (figures in NPR)

Particulars	Quarter Ending Ashad 2080 (Unaudited)	Previous Quarter Ending Chaitra 2079 (Unaudited)	Corresponding Quarter Ending Ashad 2079
Assets			
Non-Current Assets			
Property, plant and equipment	66,45,50,525	66,45,98,027	66,79,04,692
Total Non-Current Assets		**66,45,98,027**	
Current Assets			
Trade Receivables	46,70,889	53,45,795	-
Cash and cash equivalents	18,48,021	11,25,660	6,12,582
Loans and Advances	2,75,11,841	1,86,72,230	1,29,39,209
Other Assets	2,48,51,304	3,24,07,039	3,02,89,234
Total Current Assets	**5,88,82,055**	**5,75,50,024**	**4,38,41,025**
Total Assets	**72,34,32,580**	**72,21,48,751**	**71,17,45,717**
Equity and Liabilities			
Equity			
Equity share capital	28,00,00,000	19,60,00,000	19,60,00,000
Retained Earnings	(5,70,87,613)	(2,57,35,913)	(3,29,99,805)
Total Equity	**22,29,12,387**	**17,02,64,087**	**16,30,00,195**
Liabilities			
Non-Current Liabilities			
Long Term Borrowing	45,68,98,000	46,08,62,000	46,35,90,000
Total Non-Current Liabilities	**45,68,98,000**	**46,08,62,000**	**46,35,90,000**
Current Liabilities			
Short Term Borrowing	34,00,000	34,00,000	-
Trade Payables	1,77,621	7,63,314	16,54,029
Other Current Liabilities	4,00,44,569	8,68,59,350	8,35,01,494
Total Current Liabilities	**4,36,22,190**	**9,10,22,664**	**8,51,55,523**
Total Liabilities	**50,05,20,190**	**55,18,84,664**	**54,87,45,523**
Total Equity and Liabilities	**72,34,32,580**	**72,21,48,751**	**71,17,45,717**

Statement of Profit or Loss

Particulars	Quarter Ending Ashad 2080 (Unaudited)	Previous Quarter Ending Chaitra 2079 (Unaudited)	Corresponding Quarter Ending Ashad 2079
Revenue from sale of Electricity	1,39,72,282	1,80,91,846	-
Other Income (Insurance Claim)	-	96,04,531	-
Cost of sales	16,06,904	12,09,446	12,27,869
Gross Profit	**1,23,65,378**	**2,64,86,931**	**(12,27,869)**
Depreciation & Amortization	59,91,623	59,34,200	58,75,763
Employee Benefits Costs	14,45,513	12,56,758	10,04,967
Administrative and Other Operating Expenses	37,68,533	20,92,100	23,27,563
Profit from operation	**11,59,809**	**1,72,03,873**	**(1,04,36,162)**
Finance Costs	3,25,11,507	1,46,06,011	52,65,138
Profit Before tax	(3,13,51,698)	25,97,862	(1,57,01,300)
Income tax Expense			
Current Tax			
Deferred Tax			
Profit for the Year	**(3,13,51,698)**	**25,97,862**	**(1,57,01,300)**
Other Comprehensive Income			
Other Comprehensive Income not to be reclassified to profit or loss in subsequent periods	-		-
i. Re-measurement (losses)/ Gains on post Employment Defined Benefit Plans	-		-
ii. Equity instruments through Other Comprehensive Income	-		-
iii. Tax Relating items that will not be classified to profit or loss	-		-
Other comprehensive gain/ (loss) for the year, net of tax	-		-
Total comprehensive gain/ (loss) for the year, net of tax	**(3,13,51,698)**	**25,97,862**	**(1,57,01,300)**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम १ संग सम्बन्धित अनुसूची १४

आ.ब.२०७९/८० को चौथो त्रैमासिक अवधिको विवरण

१. वित्तीय विवरण:
(क) आ.ब.२०७९/८० को चौथो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरणहरु यसैसाथ संलग्न गरिएको छ ।
(ख) न्यूनतम रुपमा प्रमुख वित्तीय विवरणहरु:

प्रति शेयर आम्दानी	प्रति शेयर नेटवर्थ	प्रति शेयर कूल सम्पत्तीको मूल्य
रु.(११.२०)	रु.७९.६१	रु.२५८.४०

२. व्यवस्थापकीय विश्लेषण:
(क) प्रस्तुत अवधिमा आयोजनाका दुइ युनिट जेनेरेटरमध्ये एक युनीट जेनेरेटरमा समस्या आइ एक युनिट जेनेरेटरमात्र संचालनमा रहेको हुंदा अपेक्षित आय हुन सकेन ।
(ख) समस्याग्रस्त जेनेरेटर मर्मत गरी २०८० असोज २० देखि संचालनमा आएकोले सो पश्चात आयोजना पूर्ण क्षमतामा संचालन भइ रहेको छ ।
(ग) यस कम्पनीले निष्काशन गरेको सम्पूर्ण शेयर मिति २०८०/३/१९ मा सूचिकृत भइ मिति २०८०/३/२० देखि कारोवार शुरु भएको र यस अवधिमा जम्मा ८ दिन कारोबार भएको छ ।

३. कानूनी कार्यवाहि सम्बन्धी विवरण:
यस अवधिमा कम्पनीले कसैको विरुद्धमा मुद्दा दायर नगरेको र कम्पनी विरुद्धमा पनि कसैले मुद्दा दायर गरेको जानकारी हालसम्म प्राप्त भएको छैन ।

४. कम्पनीको शेयर कारोवार सम्बन्धी विवरण:

अधिकतम मूल्य	न्यूनतम मूल्य	समिक्षा अवधिको अन्तिम मूल्य	कारोवार भएको कूल दिन	कूल कारोवार संख्या	कूल कारोवार भएको शेयर संख्या
रु.४१५.००	रु.२४९.३०	रु.३५३.२०	८	९,०५५	१,५३,२९४

५. समस्या तथा चुनौती:
- दक्ष जनशक्तिको अभाव तथा अल्प समयमा नै पलायन हुने गरेको अवस्था ।
- विद्युतिय उपकरणमा आउने समस्या ।
- नेपाल विद्युत प्राधिकरणको विद्युत प्रशारण लाइनमा बारम्बार आउने अवरोध ।
- जलवायु परिवर्तनको कारणले उत्पन्न हुनसक्ने अतिबृष्टि/अनाबृष्टि ।

६. संस्थागत सुशासन:
कम्पनीले संस्थागत सुशासनलाइ सदैव उच्च प्राथमिकतामा राख्दै संस्थागत सुशासन सम्बन्धी निर्देशनहरुको पालना गर्दै आएको छ ।

७. सत्य तथ्य सम्बन्धमा अध्यक्षको उद्घोष:
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेख भएका जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् । लगानीकर्ताहरुलाइ सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

चार महिनामा भित्रियो झन्डै २२ अर्ब वैदेशिक लगानी प्रतिबद्धता

मिलन विश्वकर्मा/नयाँ पत्रिका

चालू आव ०८०/८१ को पहिलो चार महिनामा २१ अर्ब ८८ करोड ३१ लाख रुपैयाँबराबरको वैदेशिक लगानी प्रतिबद्धता आएको छ । यो गत आवको सोही अवधिको तुलनामा ८९ प्रतिशत बढी हो । गत आवको पहिलो चार महिनामा ११ अर्ब ६० करोड रुपैयाँ वैदेशिक लगानी प्रतिबद्धता आएको थियो । योसँगै नेपालमा आएको कुल वैदेशिक लगानी प्रतिबद्धता चार खर्ब ६८ अर्ब ३२ करोड ३२ लाख पुगेको छ ।

उद्योग विभागबाट प्राप्त कात्तिक मसान्तसम्मको तथ्यांकअनुसार एक सय ७० वटा साना, पाँच वटा मझौला, तीनवटा ठूला र अन्य प्रकृतिका २१ गरेर एक सय ९९ वटा उद्योगमा सोबराबरको लगानी प्रतिबद्धता आएको हो । यी उद्योगहरूमा आठ हजार सात सय ७० जनालाई रोजगारी खुल्ने विभागको तथ्यांकमा उल्लेख छ ।

विभागका अनुसार कात्तिकमा मात्रै २९ उद्योगमा दुई अर्ब ७४ करोड २५ लाखबराबरको लगानी प्रतिबद्धता आएको छ । त्यसबाट एक हजार ९८ जनालाई रोजगारीको अवसर खुल्ने विभागको भनाइ छ । सबैभन्दा बढी लगानी प्रतिबद्धता पर्यटनसम्बन्धी उद्योगमा आएको छ । समीक्षा अवधिमा आएको कुल लगानी प्रतिबद्धतामा पर्यटन क्षेत्रको हिस्सा ४८ प्रतिशत देखिएको छ । दोस्रोमा भने सेवा क्षेत्र रहेको हिस्सा ३९ प्रतिशत छ । यसैगरी, सूचना प्रविधि क्षेत्रको ३ प्रतिशत, पूर्वाधार क्षेत्रको २ प्रतिशत, म्यानिफ्याक्चरिङ क्षेत्रको ७ प्रतिशत, कृषि क्षेत्रको १ प्रतिशत र मिनिरल क्षेत्रको १ प्रतिशत हिस्सा छ ।

समीक्षा अवधिमा साउनमा एकैपटक १३ अर्ब १३ करोड ६० लाख रुपैयाँबराबरको लगानी प्रतिबद्धता आएको थियो । त्यसपछिका महिनाहरूमा भने लगानी प्रतिबद्धता रकम तुलनात्मक रूपमा कम छ । तथ्यांकअनुसार भदौमा तीन अर्ब आठ करोड १० लाख, असोजमा दुई अर्ब ९२ करोड ३६ लाख र कात्तिकमा दुई अर्ब ७४ करोड २५ लाख रुपैयाँबराबरको लगानी प्रतिबद्धता आएको छ ।

गत आवमा अघिल्लो वर्षको वैदेशिक लगानी प्रतिबद्धता २२ प्रतिशतले घटेको थियो । अघिल्लो आव ०७८/७९ मा ४९ अर्ब ४३ करोड २७ लाख रुपैयाँबराबरको वैदेशिक लगानी प्रतिबद्धता आएको थियो । तर, गत आवमा वर्षमा त्यस्तो प्रतिबद्धता १० अर्ब ७६ करोड ३४ लाखले कम अर्थात् ३८ अर्ब ६६ करोड ९० लाख थियो । तर, चालू आवमा यस्तो लगानी प्रतिबद्धता बढ्ने संकेत देखिएको विभागका अधिकारीहरू बताउँछन् ।

कुन महिना कति वैदेशिक लगानी प्रतिबद्धता (रु. १० लाखमा)

महिना	०७९/८०	०८०/८१
साउन	२,६४९	१३,१३६.००
भदौ	३,४४६.५९	३,०८१.००
असोज	१,८५४.७०	२,९२३.६७
कात्तिक	३,६५०	२,७४२.५०

स्रोत : उद्योग विभाग

नेपालमा कोरोना कालमा बाहेकका वर्षहरूमा वैदेशिक लगानी प्रतिबद्धता बढ्दो क्रममा थियो । तर, गत आवमा त्यो घटेको थियो । विशेष गरी पछिल्लो विश्वव्यापी आर्थिक संकटका कारण वैदेशीक लगानी प्रतिबद्धतामा देखिएको थियो । कोरोना महामारीका कारण यसै पनि विश्व अर्थतन्त्र संकटग्रस्त थियो । तर, त्यसलगत्तै भएको रुस-युक्रेन युद्धलगायतका कारण विश्व अर्थतन्त्र संकटमा गएको थियो । विशेष गरी पेट्रोलियम पदार्थको मूल्य बढ्दा विश्वव्यापी रूपमा आर्थिक संकट परेको थियो । त्यसको असरले नेपालमा वैदेशिक लगानी प्रतिबद्धता घटेको थियो । किनकि, विश्वव्यापी रूपमा देखिएको आर्थिक संकटका कारण विश्वका ठूला-ठूला देशहरूले आफ्नै देशमा लगानी प्रोत्साहन गर्ने नीति ल्याएका थिए । त्यसमाथि नेपालमा उच्चदरमा महँगी बढ्ने लगायतका कारण लगानीको वातावरण पनि राम्रो भएन ।

भूकम्पबाट साढे दुई करोडको पशुधन क्षति

काठमाडौं/ जाजरकोट र रुकुम-पश्चिममा गएको भूकम्पबाट दुई करोड ५१ लाख मूल्यबराबरको पशुधन क्षति भएको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयले गरेको पशुधनको अद्यावधिक विवरणअनुसार जाजरकोटमा मात्रै दुई करोड १८ लाख चार हजार मूल्यबराबरको क्षति भएको छ । त्यस्तै, रुकुम-पश्चिममा ३३ लाख १८ हजार मूल्यबराबरको क्षति भएको छ । रुकुम-पश्चिममा गाई, राँगा, भेडा र पक्षी गरेर तीन सय ५१ र जाजरकोटमा ६ सय २२ को क्षति भएको मन्त्रालयले जनाएको छ ।

भूकम्पमा परी घाइते भएका तथा उपचार भइरहेका पशुको संख्या जाजरकोटमा पाँच सय ९२ रहेको छ । त्यस्तै, जाजरकोट र पश्चिम-रुकुममा गरी ७१ वटा खोर-गोठमा क्षति भएको कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सहप्रवक्ता डा. तपेन्द्रप्रसाद बोहराले बताए ।

नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. को जग्गा खरिद गर्ने सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०७/१७ गते
पुनःप्रकाशित मिति २०८०/०८/०१ गते)

यस नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडलाई आफ्नो कार्यालय भवन बनाउनको लागि जग्गा आवश्यक भएको हुँदा आंशिक वा पुरै जग्गा बिक्री गर्न इच्छुक जग्गाधनीहरुले निम्न लिखित शर्तहरुको अधिनमा रहने गरी आजको मितिले ७ (सात) दिनभित्र यस बैंकको काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.१, दरबारमार्ग स्थित सामान्य सेवा विभागमा सिलबन्दी प्रस्ताव पत्र पेश गर्नुहुन यो सूचना पुनः प्रकाशित गरिएको छ ।

- जग्गा का.जि. का.म.न.पा., त्रिपुरेश्वर, बागदरबार, सुन्धारा, विशालनगर, खिचापोखरी क्षेत्र अन्तर्गतको हुनुपर्नेछ ।
- जग्गाको क्षेत्रफल कम्तीमा २ देखि ६ रोपनी हुनुपर्नेछ ।
- बिक्रि गरिने जग्गाको चालु आर्थिक वर्ष सम्मको मालपोत, पूँजीगत लाभकर सम्बन्धित बिक्रेताले नै तिर्नुपर्नेछ ।
- घर/जग्गा कुनै प्रकारको साँध सिमाना, सडक, सन्धि सर्पण, ढल निकासा आदि विवाद एवं मुद्धा नभएको तथा विवाद रहित हुनुपर्नेछ ।
- घर/जग्गा प्रचलित मापदण्ड बमोजिम सडक क्षेत्राधिकार भित्र नपरेको हुनुपर्नेछ । यदि प्रस्तावित घर जग्गा सडक विस्तार योजनामा पर्ने भएमा विस्तारमा पर्ने जग्गा घटाएर प्रस्ताव गर्नुपर्नेछ ।
- स्थानीय निकाय (महानगरपालिका) ले उपलब्ध गराएको ढल निकास, विद्युत, खानेपानी लगायत सुविधा भएको घर जग्गालाई प्राथमिकता दिइनेछ, साथै प्रस्तावित घर जग्गाको भित्र उच्च क्षमताको विद्युतीय तार प्रवाह नभएको हुनुपर्नेछ ।
- पेश हुन आएको प्रस्ताव पत्र मध्ये बैंकलाई उपयुक्त एवं चित्त बुझ्दो लागेको प्रस्तावका सम्बन्धमा थप छलफलको लागि सम्बन्धित जग्गाधनीलाई सम्पर्क गरिनेछ र बैंकलाई उपयुक्त एवम् चित्त बुझ्दो नलागेको प्रस्तावका सम्बन्धमा कुनै जानकारी दिइने वा सम्पर्क गरिने छैन ।
- यस सम्बन्धमा थप कुनै जानकारी आवश्यक भएमा यस बैंकको का.जि. का.म.न.पा. वडा नं.१, दरबारमार्ग स्थित केन्द्रिय कार्यालयमा अवस्थित सामान्य सेवा विभागमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।
- सिलबन्दी प्रस्ताव पत्रका साथ बिक्रि गरिने जग्गाको जग्गाधनी दर्ता प्रमाणपत्रको प्रमाणित फोटोकपी सहित सम्बन्धित जग्गाधनीबाटै प्रस्तावित बिक्रि मूल्य समेत स्पष्ट रुपमा खुलाई प्रस्ताव पत्र पेश गर्नु पर्नेछ ।
- आवेदन दर्ता गराउँदा अनिवार्य रुपमा निम्न उल्लेखित विवरण र कागजातहरु बुझाउनु पर्नेछ ।
  १. जग्गाधनी दर्ता प्रमाणपत्रको प्रतिलिपी
  २. बाटो प्रष्ट देखिने नापी नक्सा ।
  ३. जग्गाको फोटो ।
  ४. जग्गाधनीको प्रमाणित नागरिकताको फोटोकपी ।
  ५. प्रस्तावित मुल्य अङ्क र अक्षरमा उल्लेख गर्नुपर्नेछ ।
  ६. घर सहित जग्गाको हकमा निर्माणधीन भएमा इजाजत पत्र तथा निर्माण भइसकेको भएमा निर्माण सम्पन्नताको प्रमाणपत्र ।
  ७. आ.व. २०८०/८१ सम्मको मालपोत, सम्पत्ती कर, कर चुक्ता आदि चुक्ता गरेका प्रमाणका प्रतिलिपीहरु ।
- प्रस्तावित घर जग्गा कम्पनी वा फर्मको नाममा दर्ता कायम रहेको हकमा सिलबन्धी प्रस्तावमा निम्न लिखित कागजातहरु अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ ।
  १. कम्पनी/फर्म को दर्ता प्रमाणपत्रको फोटोकपी ।
  २. आय कर दर्ता प्रमाणपत्रको फोटोकपी ।
  ३. कम्पनीको प्रबन्धपत्र/नियमावलीको फोटोकपी ।
  ४. आ.व. ०७९/०८० सम्मको कर चुक्ता प्रमाणपत्रको फोटोकपी ।
  ५. आंशिक वा पूर्ण रुपमा जग्गा बिक्री गर्ने सम्बन्धि संचालक समितिको निर्णय ।
- सिलबन्धी खाम बाहिर घर जग्गा बिक्रि सम्बन्धी प्रस्ताव प्रष्ट रुपमै लेखि प्रस्तावकको नाम, ठेगाना, सम्पर्क फोन नम्बर,एवं बिक्रि का लागि प्रस्तावित घर जग्गा भएको स्थानको ठेगाना प्रष्ट उल्लेख गरेको हुनुपर्नेछ ।
- कुनै पनि प्रस्ताव स्वीकार गर्ने वा नगर्ने तथा पेश गरिएका प्रस्तावहरुको आधारमा घर जग्गा खरिद गर्ने वा नगर्ने सम्बन्धि सम्पूर्ण निर्णय लिने अधिकार बैंकमा सुरक्षित रहनेछ । साथै अस्वीकृत कुनै पनि प्रस्तावको कारण दिन बैंक बाध्य हुने छैन ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.
प्रधान कार्यालय
दरबारमार्ग, काठमाडौं
फोन नं.:- ५३४२५३०
५३२८२२९

शुक्रबार १ मंसिर ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.क.ह.नि.इ.न. १७/०६९/०७०

अस्ट्रेलिया आठौँपटक एकदिवसीय विश्वकपको फाइनलमा

■ सर्वाधिक पाँचपटकको विजेता अस्ट्रेलियाले आइतबार नरेन्द्र मोदी रंगशालामा उपाधिका लागि आयोजक भारतसँग प्रतिस्पर्धा गर्ने

एजेन्सी

अस्ट्रेलिया एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगिताको फाइनलमा पुगेको छ। कोलकाताको इडेन गार्डेन रंगशालामा बिहीबार दक्षिण अफ्रिकालाई तीन विकेटले हराउँदै अस्ट्रेलियाले आठौँपटक विश्वकपमा फाइनल स्थान सुरक्षित गरेको हो। अब उपाधिका लागि आइतबार नरेन्द्र मोदी रंगशालामा आयोजक भारत र अस्ट्रेलियाबीच भिडन्त हुनेछ। चालू प्रतियोगितामा भारतले एक खेल पनि गुमाएको छैन। भारतले सन् २०११ पछि फाइनल स्थान रक्षा गर्ने क्रममा अपराजित यात्रा कायम राखेको छ।

सर्वाधिक पाँचपटकको विजेता अस्ट्रेलियाले सुरुवाती दुई खेल गुमाएको थियो। त्यसपछि लगातार खेलमा जित निकाली अस्ट्रेलियाले पुनः एकपटक विश्वकपमाथि दाबेदारी प्रस्तुत गरेको हो। विश्व क्रिकेट इतिहासमा दक्षिण अफ्रिका फेरि अभागी ठहरियो। दक्षिण अफ्रिका एकदिवसीय विश्वकपमा पाँचौँपटक सेमिफाइनलबाट बाहिरियो।



■ दक्षिण अफ्रिकाको मध्यम योगफल

पहिलो ब्याटिङ गरेको दक्षिण अफ्रिकाले बलियो अस्ट्रेलियाविरुद्ध चुनौतीपूर्ण योगफल खडा गर्न सकेन। पूरै अफ्रिकन टोली ४९.४ ओभरमा २१२ रनमै समेटियो। अस्ट्रेलियाले सहज रूपमा लक्ष्य पछ्याउन सकेन। अस्ट्रेलियाले ४७.२ ओभरमा सात विकेटको क्षतिमा २१५ रन जोड्दै भारतसँगको उपाधि भिडन्त पक्का गऱ्यो। अस्ट्रेलियाका लागि प्याट क्युमिन्स र मिचेल स्टार्कले आठौँ विकेटका लागि ४६ बलमा २२ रनको अविजित साझेदारी गरेका थिए। मार्को जान्सेनको ओभरमा क्युमिन्सले विजयी चौका प्रहार गरेका थिए।

उनले २९ बलमा दुई चौका प्रहार गरी १४ रन बनाए। मिचेलले ३८ बलमा १६ रन बटुल्न दुई चौका हिर्काए। दक्षिण अफ्रिकाका ६ बलरले बलिङ गरेका थिए। एडेन मार्क्राम र केशव महराजले दक्षिण अफ्रिकालाई खेलमा फर्काउने प्रयास गरेका थिए। महराजले १० ओभरमा २४ रन खर्चेर एक विकेट लिए। यसैगरी ताब्राज साम्सीले ४२ रन दिँदै दुई विकेट हात पारे।

उनले डरलाग्दा ब्याट्सम्यान ग्लेन म्याक्सवेलको महत्त्वपूर्ण विकेट लिँदै दक्षिण अफ्रिकालाई जितको आशा दिलाए। बाउन्ड्री प्रहार गर्ने चक्करमा म्याक्सवेल बोल्ड भएका थिए। यसैगरी गेराल्ड कोएट्जेले पूर्वकप्तान स्टिभ स्मिथको विकेट लिए। दक्षिण अफ्रिकी बलरले कसिलो बलिङ प्रदर्शन गर्दा नै अस्ट्रेलियाले अन्तिम दुईको स्थान पक्का गर्न संघर्ष गर्नुपरेको थियो।

■ अस्ट्रेलियाको बलियो ओपनिङ

मध्यम योगफल पछ्याएको अस्ट्रेलियाको सुरुवात उत्कृष्ट रह्यो। ट्राभिस हेड र डेभिड वार्नरले पहिलो विकेटका लागि ६.१ ओभरमा ६० रनको साझेदारी गरेका थिए। वार्नरले १८ बलमा चार छक्का र एक चौका प्रहार गरी २९ रन जोडेका थिए। हेडले ४८ बलमा नौ चौका र दुई छक्का प्रहार गरी सर्वाधिक ६२ रनको योगदान दिए। उनी आउट हुँदा अस्ट्रेलिया १४.१ ओभरमा १३३/४ को स्थितिमा थियो। स्मिथले १८ रन र मार्नुसले ३० रन जोडे। अस्ट्रेलियाको ब्याटिङ इनिङ्समा दक्षिण अफ्रिकी स्पिनर हाबी भएका थिए।

■ मिलरको संघर्षपूर्ण शतक

पहिलो ब्याटिङ गरेको दक्षिण अफ्रिकाले ११.५ ओभरमा चार विकेटको क्षतिमा २४ रन बनाएको थियो। अस्ट्रेलियाले यहाँबाटै खेलमा पकड बनायो। फितलो ब्याटिङ प्रदर्शन गरेको दक्षिण अफ्रिकाका लागि डेभिड मिलर शतकीय इनिङ्स खेल्न सफल भए। उनले ११६ बलमा १०१ रन जोडे। यसक्रममा उनले आठ चौका र पाँच छक्का प्रहार गरेका थिए। मिलर इनिङ्सको ४७.२ ओभरमा क्युमिन्सबाट क्याच आउट भए। दक्षिण अफ्रिकाका लागि हेन्रिच क्लासेनले ४८ बलमा चार चौका र दुई छक्काको सहयोगमा ४७ रन बनाए। उत्कृष्ट फर्ममा रहेका क्विन्टन डी कोक सेमिफाइनलमा चुके। उनले १४ बलमा ३ रन मात्र बनाए। कप्तान बाभुमा शून्यमा आउट भए।

■ एकदिवसीयमा कोहलीले बनाए ५० शतकको कीर्तिमान

भारतीय ब्याट्सम्यान विराट कोहलीले एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा ५० शतकको कीर्तिमान बनाएका छन्। भारतमा चलिरहेको विश्वकप क्रिकेटको सेमिफाइनलमा उनले न्युजिल्यान्डविरुद्ध शतकीय इनिङ्स खेल्दै सचिन तेन्दुलकरको ४९ शतकको कीर्तिमान भंग गरे। तेन्दुलकरले ४५१औँ एकदिवसीय ४९ शतक बनाएका थिए।



कोहलीले केवल २७७औँ खेलमा विश्व कीर्तिमान बनाए। उनले दक्षिण अफ्रिकाविरुद्ध शतक प्रहार गर्दै सचिनसँगको कीर्तिमान बराबरी गरेका थिए। न्युजिल्यान्डविरुद्धको खेलमा कोहलीले ११३ बलमा नौ चौका र दुई छक्काको मद्दतमा ११७ रन बनाए। यसैगरी कोहलीले विश्वकप क्रिकेटमा सात सय रन पूरा गर्ने कीर्तिमान पनि बनाएका छन्। उनले सचिनको नाममै रहेको रेकर्ड तोडेका हुन्। तेन्दुलकरले सन् २००३ को विश्वकपमा ६७३ रन बनाएका थिए। अस्ट्रेलियाका म्याथु हेडनले २००७ को विश्वकपमा ६५९ र रोहित शर्माले २०१९ मा ६४८ रन बनाएका थिए।

■ धेरै विकेट लिनेमा सामी

चालू विश्वकपमा भारतका मोहमद सामी सर्वाधिक विकेट लिने बलर बनेका छन्। सामीले ६ इनिङ्समा ९.१३ औसतमा २३ विकेट लिएका छन्। अस्ट्रेलियाका एडम जाम्पा सेमिफाइनलमा दक्षिण अफ्रिकाविरुद्ध विकेटविहीन भएपछि सामी सर्वाधिक विकेट लिने बलरका रूपमा अगाडि बढेका हुन्। जाम्पालाई सामीको बराबरी वा उछिन्ने मौका थियो।



जाम्पाले नौ खेलमा २२ विकेट लिएका छन्। सामीले एकदिवसीय खेलमै उत्कृष्ट बलिङ गर्दै न्युजिल्यान्डविरुद्ध सात विकेट लिएका थिए। उनले ५७ रन खर्चेर न्युजिल्यान्डका सात ब्याट्सम्यानलाई पेभेलियन पठाए। यसअघि उनले इंग्ल्यान्डविरुद्ध चार, श्रीलंकाविरुद्ध पाँच र दक्षिण अफ्रिकाविरुद्ध दुई विकेट लिए। विश्वकपबाट बाहिरिसकेको श्रीलंकाका दिल्सान मदुसंकाले नौ खेलमा २१ विकेट लिएका छन्।

नेपालको फाइनल पुग्ने सम्भावना समाप्त



हङकङमा चलिरहेको चार राष्ट्रबीचको टी-२० क्रिकेट सिरिजमा लगातार दुई हारको सामना गरेको नेपाल अंकविहीन

नयाँ पत्रिका

हङकङमा चलिरहेको चार राष्ट्रबीचको टी-२० क्रिकेट प्रतियोगितामा नेपाली महिला टोलीको फाइनल पुग्ने सम्भावना समाप्त भएको छ। सिरिजमा लगातार दुई खेलमा हार सामना गरेपछि नेपाल अन्तिम दुईमा पुग्न नसकेको हो। घरेलु टोली हङकङसँग नेपाल नौ विकेटले पराजित भयो। यसअघि पहिलो खेलमा नेपाल तान्जानियासँग स्तब्ध भएको थियो। वाङ नाई मैदानमा बिहीबार नेपालले खराब ब्याटिङ प्रदर्शन गर्दा १८ ओभरमा ५६ रनको झिनो योगफलमा अलआउट भयो।

प्रत्युत्तरमा हङकङले नौ ओभरमा ६.३३ रनरेटमा ब्याटिङ गरी लक्ष्य पार गऱ्यो। हङकङले नौ ओभरमा एक विकेट गुमाएर ५७ रन जोडेको थियो। हङकङकी नतासा मिलेसले २३ बलमा ३० रनको नटआउट इनिङ्स खेलिन्। उनले चार चौका प्रहार गरिन्। साजिन साहजादले २७ बलको सामना गरी तीन चौकाको मद्दतमा २० रन जोडिन्। ओपनर मारिको हिल पाँच रनमा रनआउट भइन्। हङकङले १.१ ओभरमा पहिलो विकेट गुमाएको थियो। कप्तान इन्दु बर्माको सीधा थ्रोमा हिल रनआउट भएकी हुन्।

नेपालको बलिङमा पूर्वकप्तान रुविना क्षेत्रीले एक ओभरमा १० रन दिइन्। संगिता राईले तीन ओभरमा १६ रन दिइन्। कप्तान इन्दुले दुई ओभरमा १० रन दिइन्। नेपालको बलिङ आक्रमणमा पाँच बलरले बलिङ गरेका थिए। पूजा महतोले इनिङ्समा एक वाइड फ्याँकिन्।

हङकङको कसिलो बलिङ

उपाधि दाबेदारका रूपमा हेरिएको हङकङले बलिङ उत्कृष्ट गऱ्यो। इक्वारा साहरले कसिलो बलिङ प्रदर्शन गरेकी थिइन्। उनले चार ओभरमा एक मेडन राखी केवल ६ रन खर्चेर सर्वाधिक तीन विकेट लिइन्। उनले आफ्नो बलिङ स्पेलमा दुई वाइड फ्याँकेकी थिइन्। यसैगरी भेनकेतेस्वरले तीन ओभरमा नौ रन खर्चेर दुई विकेट लिइन्। वेटी चाङ, हिल र कायल चानले समान एक विकेट लिएका थिए। हिलले तीन ओभरमा १४ रन खर्चेकी थिइन्। हङकङका सिमर र स्पिनरले कसिलो बलिङ प्रदर्शन गरेका कारण नै नेपाली ब्याट्सम्यानले सोचेजस्तो रन बनाउन सकेनन्।

१० ब्याट्सम्यान दोहोरो रन बनाउन चुके

खराब ब्याटिङ प्रदर्शन गरेको नेपालका लागि पूर्वकप्तान रुविना क्षेत्रीबाहेक अन्य कुनै पनि खेलाडी क्रिजमा लामो समयसम्म टिक्न सकेनन्। रुविनाले सर्वाधिक २५ रनको योगदान दिइन्। उनले ३० बलमा चार चौका प्रहार गरिन्। काजल श्रेष्ठ र कप्तान इन्दु सामना गरेको पहिलो बलमै आउट भए। यसैगरी, अस्मिना कर्माचार्य पनि शून्यमै पेभेलियन फर्किइन्। सम्झना खड्का, बिन्दु रावल र कञ्चन श्रेष्ठले एक रन मात्र बनाए। सो इनिङ्समा पूजा महतो र सीता रानामगरको ओपनिङ जोडीले पहिलो विकेटका लागि चार रनको साझेदारी गरेका थिए। नेपालले पहिलो पाँच विकेट १८ रनभित्र गुमाएको थियो। नेपालले ४८ रनको योगफलमा दुई खेलाडी गुमायो। नेपालले पाँच रनको योगफलमा तीन विकेट गुमाएको थियो।

अंक तालिका

टोली	खेल	जित	हार	अंक	रनरेट
हङकङ	२	२	०	४	३.५६
तान्जानिया	२	२	०	४	३.४५
नेपाल	२	०	२	०	-२.३३
जापान	२	०	२	०	-४.४५

सहरको ह्यातिक

हङकङकी सहरले आफ्नो दोस्रो ओभरमै ह्याट्रिक लिइन्। उनले इनिङ्सको २.३ ओभरमा सम्झना खड्कालाई क्याच आउट गराइन्। २.४ ओभरमा अनुभवी ब्याट्सम्यान काजोल श्रेष्ठलाई क्याच आउट नै गरिन्। ह्याट्रिक बल सामना गर्न नेपालकी कप्तान इन्दु आएकी थिइन्। सहरको सीधा आएको बललाई कट गर्ने प्रयासमा उनी बोल्ड आउट भइन्। सहरको ह्याट्रिक ओभरसँग हङकङले नेपालमाथि दबाब बनायो। जुन अन्तिमसम्म कायम नै रह्यो।

घरेलु क्रिकेटमा फर्कँदै सन्दीप

नयाँ पत्रिका



अन्तर्राष्ट्रिय टी-२० फ्रेन्चाइज र राष्ट्रिय टोलीमा व्यस्त लेग स्पिनर लामिछाने केपी ओली कप टी-२० क्रिकेटमा बागमती प्रदेशको प्रतिनिधित्व गर्दै

नेपाली राष्ट्रिय टोलीका पूर्वकप्तान तथा लेग स्पिनर सन्दीप लामिछाने घरेलु क्रिकेटमा फर्कँदै छन्। पोखरामा ६-१६ मंसिरसम्म हुने केपी ओली कप टी-२० क्रिकेट प्रतियोगितामा सन्दीपले बागमती प्रदेशको प्रतिनिधित्व गर्दै छन्। पछिल्लो दुई वर्षमा उनले दुईपटक मात्र घरेलु क्रिकेटमा सहभागिता जनाए। यसै वर्ष काठमाडौंमा आयोजना भएको मेयर्स कप ११ मा उनले भाग लिएका थिए। सन् २०२१ मा उनले एभरेस्ट प्रिमियर लिग खेलेका थिए। अन्तर्राष्ट्रिय टी-२० फ्रेन्चाइजमा व्यस्त रहँदा उनले घरेलु क्रिकेटलाई खासै समय दिन भ्याएनन्।

मदन भण्डारी स्पोर्ट्स एकेडेमी केन्द्रीय कमिटीको आयोजनामा हुने केपी ओली कप पोखराको रंगशालामा हुनेछ। बागमती प्रदेशले बिहीबार क्लोज क्याम्पका लागि खेलाडी छानिँदा सन्दीप पनि समावेश भएका छन्। बागमतीमा राष्ट्रिय टोलीबाट प्रतिनिधित्व गरेका सन्दीपसँगै प्रतिश जिसी रहेका छन्। यसैगरी सूर्य तामाङ पनि रहेका छन्। नेपालको उमेर समूहमा प्रतिनिधित्व गरेका रित गौतम पनि बागमती प्रदेशबाटै खेल्ने भएका छन्।

बागमतीले प्रारम्भिक खेलाडी छनोट गर्दा अशोक पौडेल, आशुतोष गिरिया, विवेक रानामगर, विपिन आचार्य, दीपेश श्रेष्ठ, दुर्गेश थापा, गौरभ खड्का, गौतम केसी र इशान पाण्डे रहेका छन्। यसैगरी क्रिजन गुरुङ, प्रतीक श्रेष्ठ, रामनरेश गिरी, रिजन ढकाल, रित गौतम, रोशक विक, सचिन लाखे, सोनु देवकोटा र सुवास खत्री छन्। बागमतीले सुमन सुनार, तिलक भण्डारी, उत्तम रानामगर तथा योगेश क्षेत्रीलाई पनि समावेश गरेको छ।

मदन भण्डारी स्पोर्टस् एकेडेमीको एक गरी ११ टोलीले प्रतियोगितामा भाग लिनेछन्। प्रतियोगिताको विजेताले पाँच लाख र उपविजेताले दुई लाख ५० हजार रुपैयाँ प्राप्त गर्नेछन्। यसैगरी, म्यान अफ द सिरिजले ३० हजार रुपैयाँ जित्नेछन्। उत्कृष्ट बलरले २० हजार र प्रत्येक खेलको म्यान अफ द म्याचले पाँच हजार रुपैयाँ हात पार्नेछन्।

कोटेश्वर डोजाङलाई २० लाखको सामग्री

काठमाडौं/ दक्षिण एसियाली खेलकुद (साग)का स्वर्णधारी दाजुभाइ निर्मल र नीराजन श्रेष्ठको पहलमा कोटेश्वर तेक्वान्दो डोजाङलाई सहयोगस्वरूप बिहीबार खेल सामग्री प्रदान गरिएको छ। श्रेष्ठ दाजुभाइले डोजाङका प्रमुख एवं तेक्वान्दोका मुख्य प्रशिक्षक नवीनकुमार श्रेष्ठलाई २० लाख रुपैयाँबराबरको दुई सेट प्रोटेक्टर इलेक्ट्रोनिक सिस्टम एक कार्यक्रमबीच हस्तान्तरण गरेका छन्। सामग्री खरिद गर्न दाजुभाइसहित अस्ट्रेलिया बस्ने सक्षम कार्की, रञ्जन श्रेष्ठ, मनोज मल्ल, ज्ञानेन्द्र मल्ल र भूपेन श्रेष्ठ तथा मकाउ बस्ने राकेश केसीले सहयोग गरेका हुन्। सबै तेक्वान्दो खेलाडी हुन्। मुख्य प्रशिक्षक श्रेष्ठका अनुसार सहयोगी सबै कोटेश्वर तेक्वान्दो डोजाङका उत्पादन हुन्। निर्मल र नीराजनले पाकिस्तानमा सन् २००४ मा भएको नवौँ दक्षिण एसियाली खेलकुदमा स्वर्ण जितेका थिए। उनीहरूले २००२ को एसियाली खेलकुद (बुसान एसियाड) पनि खेलेका थिए।

मारवाडी समाजद्वारा खेलाडी सम्मानित

काठमाडौं/ मारवाडी समाजले १९औँ एसियन खेलकुद प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका राष्ट्रिय क्रिकेट टोलीलाई सम्मान गरेको छ। समाजले एक कार्यक्रमबीच एसियाडमा मंगोलियाविरुद्ध नौ बलमा अन्तर्राष्ट्रिय टी-२० खेलमा विश्व कीर्तिमानी रूपमा अर्धशतक बनाएका क्रिकेटर दीपेन्द्रसिंह ऐरीलाई एक लाख रुपैयाँ प्रदान गरेको छ। यसैगरी टी-२० मै ३४ बलमा शतक बनाएर विश्व कीर्तिमान बनाएका कुशल मल्ललाई पनि सम्मानस्वरूप एक लाख एक हजार रुपैयाँ प्रदान गरेको छ। चीनको हाङझाउमा भएको एसियाडमा नेपाललाई कराँते खेलबाट रजत पदक दिलाएकी एरिका गुरुङलाई पनि एक लाख एक हजार नगदसहित सम्मान गरेको समाजले जनाएको छ।

थाक्रे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महादेवबेशी, धादिङ
बागमती प्रदेश, नेपाल

आशयको सूचना

(प्रकाशित मितिः २०८०/०८/०१)

यस कार्यालयबाट तपसिलमा उल्लेखित ठेक्काका लागि विद्युतिय बोलपत्र आह्वान गरिएकोमा तपसिलमा उल्लेखित बोलपत्रदाताहरूले पेश गरेको प्रस्ताव स्वीकृतका लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सबैको जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

तपसिल :

सि. नं.	छनौट भएको प्रस्तावदाता	ठेक्का नम्बर	कामको विवरण	कोवल अङ्क (मुल्य अभिवृद्धि कर सहित)
१.	डेउडी बिल्डर्स प्रा. लि., काठमाडौं	०१/राजश्व/२०८०/०८१	गाउँपालिकाबाट निकासी हुने रोडा, ढुङ्गा, बालुवा, ग्राभेल, भट्टामा प्रयोग हुने माटो, क्रसरबाट निस्केको धुलो र इट्टा आदिको कर संकलन कार्य	रु ९,९८,०५,३२३।३५ (नौ करोड अन्ठानब्बे लाख पाँच हजार तीन सय तेइस रुपैयाँ पैतीस पैसा मात्र)
२.	युनिक सेक्युरिटी सर्भिस प्रा. लि. काठमाडौं	०१/थाक्रे/२०८०/०८१	गाउँपालिकाको प्रशासनिक भवनको सुरक्षा र सरसफाई सम्बन्धी कार्य	रु १४,०७,५२८।- (चौध लाख सात हजार पाँच सय अठाइस रुपैयाँ मात्र)
३.	लितिकालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स, धादिङ	1/NCB/WORKS/THAKRE/080/81	चिउरीपाटी आठकिला सडक	रु १,४९,०२,६५५।८० (एक करोड उनन्चास लाख दुइ हजार छ सय पचपन्न रुपैयाँ असी पैसा मात्र)
४.	राई कन्स्ट्रक्सन एण्ड सप्लायर्स, धादिङ	2/NCB/WORKS/THAKRE/080/81	धारेखोला भुजेल गाउँ वतासे पण्डितपौवा सडक	रु १,४३,७६,९३५।७३ (एक करोड त्रिचालीस लाख छ्याहतर हजार नौ सय पैतिस रुपैयाँ त्रिहतर पैसा मात्र)
५.	अध्याकाली निर्माण सेवा प्रा. लि., काठमाडौं	3/NCB/WORKS/THAKRE/080/81	महादेवबेसी लुईकिला हाप्सेचौर सडक	रु १,३१,५७,३७२।६१ (एक करोड एकतीस लाख सन्ताउन्न हजार तीन सय बहतर रुपैयाँ एकसठी पैसा मात्र)

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
डुम्रे बेसीशहर चामे सडक योजना
बेसीशहर ,लमजुङ

बोलपत्र स्वीकृतिको लागि छनौट गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति :२०८०/०८/०१)

यस कार्यालयबाट bolpatra.gov.np/egp तथा मिति २०८०/०५/०७ मा आर्थिक दैनिक पत्रिकामा सूचना नं. 01-DBCRP/NCB/080/81 र मिति २०८०/०६/०८ मा नयाँ पत्रिकामा प्रकाशित सूचना नं. 03-DBCRP/NCB/080/81 अन्तर्गत बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार प्राप्त बोलपत्रको मूल्याङ्कन पश्चात् न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्र देहाय बमोजिम भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२), (३) र दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृतिको लागि छनौट गर्ने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

तपशिलः

सि. नं	ठेक्का नं.	निर्माण व्यवसायीको नाम	कबोल अङ्क (मु.अ. कर र पि. एस. सहित
१	DBCRP/33701121/NCB/080/81-01	M/S Sisne Himal Builders, Banphikot Gaunpalika-10.	४,२४,६८,४४५।३५
२	DBCRP/33701121/NCB/080/81-02	M/S R.N-Niharika JV, Harnamadi - Makwanpur	२,६९,६२,९८७।३२
३	DBCRP/33701121/NCB/080/81-03	M/S Anshu Engineering & Construction/ Ans Suppliers, Besishahar-2, Lamjung	४४,३५,१२४।५०

योजना प्रमुख

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com